सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ असोज २०८२, बिहीबार (18 Sep 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १५८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

आगजनीका भवनमा भेटिएका १२ कंकालको अझै हुन सकेन पहिचान

आफन्त बेपत्ता भएको भन्दै कोही व्यक्ति सम्पर्कमा नआएकाले सनाखत अनिश्चित छ, सरकारले मारिएकालाई सहिद घोषणा गर्दै क्षतिपूर्ति दिने निर्णय गरिसकेको छ

नयाँ पत्रिका

भाटभटेनी सुपरस्टोरका विभिन्न तीन आउटलेटमा फेला परेका मानव कंकालको पहिचान खुल्न सकेको छैन। आफन्त बेपत्ता भएको भन्दै कोही व्यक्ति सम्पर्कमा नआएकाले सनाखत हुन नसकेको प्रहरीले जनाएको छ। जेन-जी आन्दोलनका क्रममा मृत्यु हुनेको संख्या ७३ पुगेको छ। आन्दोलनमा मारिएकालाई सरकारले सहिद घोषणा गर्दै क्षतिपूर्ति दिने निर्णय गरिसकेको छ।

■ मृत्यु हुनेको संख्या ७३ पुग्यो

जेन-जी आन्दोलनका क्रममा मृत्यु हुनेको संख्या ७३ पुगेको छ। प्रहरीको गोलीबाट ३९ जनाको मृत्यु भएको छ भने अन्यको जलेर, भागदौडमा, कारागारमा कुटाकुट हुँदा, लडेर र प्रदर्शनकारीको कुटपिट तथा खुकुरी प्रहारबाट मृत्यु भएको छ। बुधबार मात्रै कोटेश्वरस्थित भाटभटेनीमा जलेको अवस्थामा थप एक शव फेला परेको छ। स्वास्थ्य मन्त्रालयका अनुसार प्रदर्शनमा दुई हजार तीन सय घाइते भएकोमा २१० जना उपचाररत छन्। नौ घाइते आइसियूमा छन्।

प्रहरीका अनुसार चुच्चेपाटीस्थित भाटभटेनी सुपरस्टोरमा २९ भदौमा सातवटा, ३० भदौमा सुनसरीको धरानस्थित सुपरस्टोरमा चारवटा र त्यसै दिन विराटनगरस्थित आउटलेटमा एक कंकाल भेटिएको थियो। प्रहरीले कंकालको पहिचान खुल्ने कुनै आधार फेला पारेको छैन।

प्रहरीका अनुसार आफन्त बेपत्ता भएको भनेर कोही आए डिएनए परीक्षणपछि सनाखत गर्न सहज हुन्छ। 'सुपरस्टोरमा फेला परेका कंकालको परिचय खुल्ने विवरण फेला परेका छैनन्। अस्थिपञ्जर मात्रै भएको हुँदा सबैको डिएनए परीक्षण गर्नुपर्ने हुन्छ। त्यसका लागि बेपत्ता भएको भन्दै कोही न कोही प्रहरी सम्पर्कमा आउनुपर्‍यो। तर, हालसम्म कोही आएका छैनन्,' नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी विनोद घिमिरले भने।

जेन-जी आन्दोलनको दोस्रो दिन २४ भदौमा भाटभटेनी सुपरस्टोरका विभिन्न आउटलेटमा आगजनी र लुटपाट गरिएको थियो। ध्वस्त स्टोर सफा गर्ने क्रममा तीन सुपरस्टोरमा मानव कंकाल फेला परेका थिए। कंकालको सनाखत हुन नसकेपछि प्रहरीले युनिटमार्फत परिवारका सदस्यलाई सम्पर्कमा आउन सूचना सार्वजनिक गरेको छ।

» पृष्ठ २ मा क्रमशः

■ निर्वाचनको व्यवस्थापकीय, प्रशासनिक र कानुनी तयारीमा जुट्यो आयोग

अध्यादेशबाट जटिलता फुकाउने तयारी

२१ फागुनको निर्वाचन कार्यतालिका बनाउँदै आयोग

■ निर्वाचनका लागि गर्नुपर्ने कामहरू

- **सरकारले आयोगलाई आवश्यक स्रोत-साधन उपलब्ध गराउने**
- **मतदाता नामावलीमा नाम थप्न मिल्ने गरी ऐनमा व्यवस्था गर्ने**
- **क्षतिग्रस्त आयोगका सात कार्यालयहरू पुनः सञ्चालनमा ल्याउने**
- **शान्तिसुरक्षा दिने सुरक्षा निकाय पुनर्स्थापित गराउनुपर्ने**
- **विदेशस्थित नेपालीको मतदान अधिकार सुरक्षित गर्ने**
- **नयाँ पुस्ता र पुराना दल सबैलाई समान अवसर सुनिश्चित गर्ने**
- **स्वतन्त्र र निष्पक्ष चुनाव हुन्छ भनेर सबैलाई आश्वस्त पार्ने**
- **आयोगले जसरी पनि प्रमुख दलहरूको सहभागितामै चुनाव गराउने**



कमलराज भट्ट/नयाँ पत्रिका

निर्वाचन आयोगले आगामी २१ फागुनमा तोकिएको प्रतिनिधिसभा निर्वाचनका लागि व्यवस्थापकीय, प्रशासनिक र कानुनी तयारी अघि बढाएको छ। आयोगले निर्वाचन तयारीकै सिलसिलामा गृहमन्त्री ओमप्रकाश अर्यालसँग मंगलबार छलफल गरेको छ। जेन-जी आन्दोलनपछि उत्पन्न परिवेशमा मध्यावधि निर्वाचन हुन लागेकाले आयोगका नियमित कामले अहिलेका कैयौं समस्या हल गर्दैन।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्धारित समयमा चुनाव सम्पन्न गराउन सम्पूर्ण तयारी

» पृष्ठ २ मा क्रमशः

तथ्यांक संकलनदेखि जनशक्ति व्यवस्थापनसम्मको काम हुँदै छ

● **रामप्रसाद भण्डारी**, कार्यवाहक प्रमुख निर्वाचन आयुक्त



निर्वाचन घोषणासँगै हामीले सम्पूर्ण तयारी थालेका छौं। निर्वाचनका लागि आवश्यक तथ्य-तथ्यांक लिने, स्रोत-साधन र सामग्रीको प्रबन्धदेखि लिएर जनशक्ति व्यवस्थापनसम्मका काम अगाडि बढेका छन्। अहिले घोषणा गरिएको चुनाव आवधिक नभएकाले केही समय मतदाता नामावली संकलन गर्न मिल्ने गरी अध्यादेशमार्फत सम्बोधन गर्ने सहमति गृहमन्त्रीसँग भएको छ। अन्य कानुनी सुधार पनि अध्यादेशमार्फत गर्ने सहमति छ। के-के विषय सम्बोधन गर्ने भनेर विज्ञ राखेर छलफल गर्दै छौं।

अध्यादेशबाट कानुन संशोधन गरेर विद्यमान जटिलता हटाइन्छ

● **ओमप्रकाश अर्याल**, गृहमन्त्री



दलहरूको सहभागितामै चुनाव हुन्छ। नयाँ पुस्ता र पुराना सबैलाई ताजा जनादेशका लागि समान अवसर सुनिश्चित गराउँछौं। स्वतन्त्र र निष्पक्ष चुनाव गराउने सरकारको मूल दायित्व हो, त्यसमा कुनै पनि कमी हुन दिँदैनौं। मतदाता नामावली, दल दर्ता, विदेशस्थित नेपालीको मताधिकार र कार्यक्षेत्रबाटै मतदान गर्न सक्ने व्यवस्थाजस्ता विषय अध्यादेशबाट कानुन संशोधन गरेर सम्बोधन हुन्छ। समस्या पहिचानका लागि खोजिएका विज्ञलाई आयोगमा खटाइएको छ। आयोगसँग समन्वय गरेर उहाँहरूले समस्या पहिचान गर्नुहुन्छ।

निर्वाचन खर्च कसरी हुन्छ व्यवस्थापन ?

पवन तिमिल्सिना/नयाँ पत्रिका

अद्यावधिक निर्वाचनका लागि सरकारले बजेटमै रकम विनियोजन गर्ने प्रावधान भए पनि यसपटक बजेट कार्यान्वयनको चरणमै मध्यावधि निर्वाचन घोषणा भएकाले स्रोत व्यवस्थापनबारे प्रश्न उठेको छ। जानकारहरूका अनुसार पूरक बजेट आवश्यक नभए पनि साधारण खर्च धान्ने कठिन भइरहेको अवस्थामा निर्वाचन खर्च जुटाउनु अतिरिक्त गृहकार्य चाहिनेछ।

नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष ०८१/८२ मा सार्वजनिक वित्त (आय र व्ययको अन्तर) घाटा चार खर्ब चार अर्ब पुगेको छ। आर्थिक गतिविधि चलायमान हुन नसक्दा राजस्व संकलनमा सुधार नहुँदा सरकारलाई साधारण खर्चसमेत धान्न समस्या छ। यही वेला २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन गराउनुपर्ने भएपछि स्रोत व्यवस्थापन गर्नुपर्ने भएको छ। अर्कोतर्फ जेन-जी आन्दोलनमा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्नुपर्ने अवस्था पनि छ।

● अर्थ मन्त्रालयका प्रवक्ता **टंक पाण्डे** भन्छन्- अहिले नै चुनावी खर्चको विषयमा छलफल सुरु गरिसकेका छैनौं। यद्यपि, बजेट समायोजन गरेर खर्च व्यवस्थापन गर्न सकिन्छ। यस्तै अवस्था सिर्जना हुन्छ भनेर रकमान्तरको व्यवस्था कानुनमा गरिएको हो।



चालू आर्थिक वर्ष ०८२/८३ मा सरकारले निर्वाचन आयोगलाई नियमित खर्चबापत ६१ करोड २३ लाख रुपैयाँ मात्रै बजेट विनियोजन गरेको छ। यस्तो वेलामा सरकारले पूरक वा उधारो बजेट नै ल्याउनुपर्ने भन्दै सार्वजनिक बहस सुरु भइरहेको छ। यद्यपि, अर्थ मन्त्रालयका अधिकारीहरू भने चुनावी खर्चको छलफलमा पुगिनसकेको बताउँछन्।

अर्थ मन्त्रालयका प्रवक्ता टंक पाण्डेले हालको बजेटमा तत्काल खर्च गर्नुनपर्ने खालका शीर्षकको खर्च कटौती गरेर निर्वाचन बजेट व्यवस्थापन गर्न सकिने बताए। 'अहिले नै चुनावी खर्चको विषयमा छलफल सुरु गरिसकेका छैनौं। यद्यपि, बजेट समायोजन गरेर खर्च व्यवस्थापन गर्न सकिन्छ,' उनले भने, 'यस्तै अवस्था सिर्जना हुन्छ भनेर रकमान्तरको व्यवस्था कानुनमा गरिएको हो।'

» पृष्ठ २ मा क्रमशः

■ सहिदको सम्झनामा दीप प्रज्वलन



जेन-जी आन्दोलनमा सहिद भएकाहरूको सम्झनामा बुधबार साँझ नयाँ बानेश्वरस्थित संसद् भवनअगाडि दीप प्रज्वलन गरिँदै। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

सच्चिने बाटोमा देखिएनन् दलहरू

युवा आन्दोलनको भावना र मर्मअनुसार आत्मालोचना गर्दै अघि बढ्नुको साटो दलहरू प्रतिरक्षामा

प्रेम गौतम/नयाँ पत्रिका

प्रमुख दलहरू अझै पनि सच्चिने बाटोमा देखिएका छैनन्। युवा आन्दोलनबाट सत्ता र शक्तिबाट च्युत गरिँदासमेत उनीहरू आत्मसमीक्षामा जुटेका छैनन्। बरु आत्मरक्षामा केन्द्रित देखिन्छन्। जेन-जी आन्दोलनको आवाज सम्बोधन गर्ने पनि संकेत गरेका छैनन्।

ठुला दलले सत्ताको बागडोर सम्हाल्दा भ्रष्टाचार र कुशासन बढेको भन्दै त्यसको अन्त्यका लागि जेन-जी आन्दोलन उठेको थियो। आन्दोलनको बलमा आफूहरूको सत्तापलट भएर पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार बनेसँगै कांग्रेस उपसभापति पूर्णबहादुर खड्का र एमाले महासचिव शंकर पोखरेलले संस्थागत विज्ञप्ति जारी गर्दै आत्मरक्षा गरे। विज्ञप्तिमा उनीहरूले आफ्ना कमजोरीबारे केही बोलेका छैनन्। बरु, जेन-जी आन्दोलनलाई अस्थायी उत्तेजना र घुसपैठजस्ता संज्ञा दिएर फेरि आफूहरू उठ्ने घोषणा गरेका छन्। विगतमा चुनावदेखि चुनावसम्म केन्द्रित हुँदै आएका दलहरू फेरि चुनावकेन्द्रित अभियानमा होमिने तयारी गर्दै छन्।

■ दोस्रो पुस्ताका केही नेता भने आन्दोलनको भावनाअनुसार पार्टी पुनर्गठनको पक्षमा

■ पुनर्गठनका लागि ठुला दलमा संस्थापनइतरको दबाब जारी

■ अध्यक्ष पद छाड्न सिके राउतलाई अल्टिमेटम

कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले गत आइतबार पार्टी सभापति शेरबहादुर देउवा र केन्द्रीय सदस्य आरजु राणामाथि भएको आक्रमणको निन्दा, अन्य नेतामाथि भएको आक्रमणको विरोध गर्दै विज्ञप्ति निकाले। संसद् विघटनको विरोध गरे। अविलम्ब कार्यसमिति बैठक बसेर प्रतिनिधिसभाको अलोकतान्त्रिक र असंवैधानिक विघटनको विपक्षमा धारणा सार्वजनिक गर्ने बताए।

त्यसअघि शुक्रबार खड्कालै अध्यक्षतामा कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक बसेको थियो। तर, बैठक बस्नुको कारण र निर्णयहरू सार्वजनिक गरिएन। सभापति देउवादम्पती सैनिक अस्पताल

» पृष्ठ २ मा क्रमशः

दलका नेता चेतेको देखिएन

● **श्याम श्रेष्ठ**, विश्लेषक



जेन-जी आन्दोलनले परिवर्तनको माग गरेको छ। दलका नेताहरू आफ्नो बाटोबाट च्यूत भएकाले यो आन्दोलन उठेको हो। नेताहरूको भ्रष्ट, आत्मकेन्द्रित मानसिकताको कारणले जनतालाई आक्रोशित बनायो। अर्कोतर्फ दलका नेताहरूले आर्यघाट नपुग्दासम्म नेतृत्व हस्तान्तरण नगर्ने प्रवृत्ति देखाए। यसबाट जनता वाक्कदिक्क भएका थिए। यो अवस्था अहिले पनि छ। यही कारण नेतृत्वले आफ्नो स्वभाव, प्रवृत्तिमा परिवर्तन कसरी गर्लान् भन्ने ठुलो प्रश्न छ। दलहरू नसच्चिए जनताले स्विकार्नेजस्तो देखिँदैन। तर, नेताहरूमा अझै चेतको भाव देखिएको छैन। नेपालका लागि यो ठुलो दुर्गतिको संकेत हो।

■ जेन-जी आन्दोलनबारे चिकित्सकहरूको अनुभव

'युद्धग्रस्त गाजामा त छैनौं जस्तो लाग्यो'

सडकमा बर्बर दमन गरेको प्रहरीले अस्पतालमै छिरेर स्वास्थ्यकर्मीमाथि पनि बुट र लाठी बजाऱ्यो, तर चिकित्सकले पेसागत भूमिका निर्वाह गर्न छाडेनन्




● **डा. मोहनचन्द्र रेग्मी**, निर्देशक, सिभिल अस्पताल

एकातर्फ टाउको र छातीमा गोली लागेका बिरामीको उपचार गर्नुपर्ने अवस्था थियो, अर्कोतर्फ प्रहरीले उपचारमा खटिएका स्वास्थ्यकर्मीलाई समेत लाठी र बुट प्रहार गर्न थाल्यो। कसरी काम गर्ने भन्ने तनाव भयो। मलाई त नेपालमा होइन, कुनै युद्धग्रस्त देशमा छु जस्तो लाग्यो। कतै प्यालेस्टाइनको गाजामा त छैन भन्ने भयो।



● **डा. बद्री रिजाल**, निर्देशक, ट्रमा सेन्टर

झडप सुरु हुन थाल्यो भन्ने सुनेपछि म ट्रमा अस्पताल आइहालेँ, म पुग्दा घाइते आइसकेका थिए, तीनजनाको अस्पताल नपुग्दै मृत्यु भइसकेको थियो, त्यतिबेलै अस्पतालका दुई एम्बुलेन्स पनि तोडफोड भए, सिभिल अस्पतालसँग तुरुन्तै एम्बुलेन्स माग गरियो। गम्भीर अवस्थाका घाइते आउन थालेपछि नियमित ओपिडी र ओटी बन्द गरेर डिजास्टर ट्रिटमेन्ट टिम परिचालन गरियो, वीरबाट थप चिकित्सकहरू बोलायौँ। पेट, घाँटी, छाती र टाउकोमा गोली लागेका घाइतेको अवस्था देख्दै डरलाग्दो थियो। अस्पताल ल्याएपछि त्यही दिन पाँचजनाको ज्यान गयो।



● **डा. सरोज कार्की**, केएमसी अस्पताल

गोली लागेका घाइते आउँदा म ड्युटीमै थिएँ, प्रदर्शनमा घाइते भएकाहरू आए भनेपछि सामान्य होलान् भन्ने लागेको थियो। तर, त्यस दिन आएका घाइते देख्दा डर लाग्यो। पहिलो घाइतेको दाहिने कम्मरभन्दा मुनि गोली लागेको थियो, अन्यको छाती, घाँटी र टाउकोमा गोली लागेको थियो। कतिपय त निकै क्रिटिकल अवस्थामा थिए। गेटैमा राखेर पनि सिपिआर दियौं। गोली लागेका घाइते ह्वात्तै आउन थालेपछि अस्पतालका सबै जनशक्ति लाग्दा पनि उपचार अवस्था कठिन बन्यो, किनभने धेरैको त छातीमा गोली लागेको थियो।



● **दीपक बराल**, प्रशासन प्रमुख, एभरेस्ट अस्पताल

१२:३० बजे गोली लागेका पाटनका ३४ वर्षीय विनोद महर्जनलाई ल्याइएको थियो। कम्मरमा गोली लागेका उनको इमर्जेन्सी बेडमा सुताउन नपाउँदै प्राण गयो। यो दृश्यले चिकित्सकहरू आत्तिन थालेका थिए। तर, एकैछिनमा अरू घाइतेको पनि भिड लाग्न थाल्यो। केहीबेरमै सबै सय बेड भरिएपछि भुइँमा सुताएर उपचार गर्नुपर्ने अवस्था भयो। ३ बजेसम्म तीनजनाको ज्यान गयो। टाउको, छाती र कम्मरमा गोली छेडिएका युवा देख्दा रणभूमिमा रहेजस्तो महसुस भयो। त्यो दिन सम्झिँदा असह्य हुन्छ।





२३ भदौको एभरेस्ट अस्पतालको इमर्जेन्सी कक्षको दृश्य (बायाँ)। सिभिल अस्पतालको इमर्जेन्सीमा भुइँमै उपचार गराइरहेका युवा।

शिवहरि घिमिरे/नयाँ पत्रिका

जेन-जी आन्दोलनको पहिलो दिन २३ भदौमा युवामाथि सरकारी दमनले बानेश्वरको सडक एकाएक रणमैदानमा परिणत भयो। टाउको र छातीमा गोली लागेका युवा पक्लक-पक्लक ढल्न थाले। रक्ताम्य साथीलाई उठाएर हातहातै बोक्दै युवाहरूले नजिकका दुई अस्पताल सिभिल र एभरेस्ट पुऱ्याएका थिए।

कोही सास छाड्नै आँटेका, कोही गोलीको चोटले रनाहामा परेका एकपछि अर्को घाइतेले अस्पतालको इमर्जेन्सी भरिन थाल्यो। एम्बुलेन्समा राखेर पनि तारन्तार घाइतेहरू पुऱ्याइएका थिए। गोलीका छर्रा लागेकाहरू आफैं दौडिँदैसमेत अस्पताल पुगे। संवेदनशील अंग टाउको र छातीमा गोली लागेका गम्भीर बिरामीहरूको लस्कर

» पृष्ठ २ मा क्रमशः

मन्त्री, प्रदेश प्रमुख र मुख्यमन्त्रीका क्वार्टर क्षतविक्षत



मन्त्रीसहित राष्ट्रिय सभा अध्यक्ष, उपाध्यक्ष, उपसभामुखको भैंसेपाटीस्थित सरकारी आवास रहेको मन्त्री क्वार्टरका २८ मध्ये २७ भवन खण्डहर, सातै प्रदेशका मुख्यमन्त्री र प्रदेश प्रमुखका निवास पनि ध्वस्त

(विस्तृत पृष्ठ ३)

आन्दोलनबाट भएको क्षतिको करिब २३ अर्बको दायित्व 'नेपाल रि'ले व्यहोर्नुपर्ने

हुलदंगाको जोखिम हिमालयन रिलाई हस्तान्तरण नगर्दा जेन-जी आन्दोलनपछि भएको क्षतिको सम्पूर्ण दायित्व सरकारी नेपाल रि-इन्स्योरेन्सको भागमा

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

संविधान दिवसमा प्रमुख दलका खबरदारी कार्यक्रम

नयाँ सरकार गठन गर्दा राष्ट्रपतिले संविधान र व्यवस्था बचेको भन्दै चुनावी तयारीमा जुट्न आह्वान गरे पनि दलहरू अझै सशंकित

नयाँ पत्रिका

जेन-जी आन्दोलनले सत्ता पलट हुँदै संसद् विघटन भएपछि सामूहिक रूपमा विघटनको विरोध गरेका प्रमुख तीन दलले संविधान दिवसलाई खबरदारी सचेतना कार्यक्रमका रूपमा मनाउने तयारी गरेका छन्। प्रमुख तीन दल कांग्रेस, एमाले र माओवादीले विकसित नयाँ राजनीतिक घटनाक्रमलाई ध्यान दिएर सचेतना कार्यक्रममार्फत संविधान दिवस बनाउने तयारी गरेका हुन्।

तीनवटै दलले पार्टी र भ्रातृ संस्थाका तल्ला संरचनासम्म संविधानका उपलब्धि जोगाउन र प्रतिगमनको खतरा रोक्न शान्तिपूर्ण रूपमा विशेष कार्यक्रम आयोजना गरेर मनाउन निर्देशन दिएका छन्। संविधानमाथिको आक्रमण र हस्तक्षेपविरुद्ध सचेतता कार्यक्रम आयोजना गर्न लागिएको दलहरूको दाबी छ। नयाँ सरकार गठन गर्दा राष्ट्रपतिले संविधान र व्यवस्था बचेको भन्दै चुनावी तयारीमा जुट्न आह्वान गरे पनि दलहरू अझै सशंकित छन्।

विघटित संसद्को पहिलो दल कांग्रेसले केन्द्रदेखि ७७ वटै जिल्लामा भ्रातृसंस्थाहरूको संयुक्त आयोजनामा दिवस मनाउन निर्देशन दिएको छ। उपसभापति पूर्णबहादुर खड्काले सबै जिल्लामा सर्कुलर गरिएको बताए। 'सबै भ्रातृसंस्थाले संयुक्त रूपमा ७७ वटै जिल्लामा शान्तिपूर्ण तरिकाले संविधान हातमा लिएर संविधान दिवस मनाउने तयारी गरेका छन्। अत्यन्त संयमतापूर्वक, दृढतापूर्वक संविधानको रक्षा गर्ने जिम्मेवारीलाई शिरमा राखेर संविधान दिवस मनाउने निर्णय भएको छ। पार्टीका क्षेत्रीय सभापति, जिल्ला सभापतिलगायत सबैलाई अह्वान गरेका छौँ,' खड्काले बुधबार केन्द्रीय कार्यालयमा सञ्चारकर्मीहरूसँग भने।

प्रचार विभाग प्रमुख मीन विश्वकर्माले संविधानमाथि आक्रमण हुन लागेकाले यसपटक विशेष दिवसका रूपमा खबरदारी र सचेतना कार्यक्रम गरी मनाउन लागिएको बताए। 'संविधानमाथि आक्रमण हुन लागेकाले यस वर्षको संविधान दिवस विशेष रूपमा मनाउने तयारी गरिरहेका छौँ,' उनले भने, 'केन्द्रदेखि, प्रदेश, जिल्ला र स्थानीय तहहरूमा संयुक्त रूपमा प्लेकार्डसहितको प्रदर्शन, गोष्ठी, छलफल र अन्तर्क्रियाहरूजस्ता कार्यक्रम आयोजना गरेर मनाउन निर्देशन दिएका छौं।'

आवश्यकताअनुसार प्लेकार्डसहित शान्तिपूर्ण प्रदर्शन गर्नसमेत कांग्रेसको निर्देशन छ।

यस्तै, एमालेले केन्द्रीय कार्यालय, च्यासलस्थित भग्नावशेष केन्द्रीय कार्यालयमै विशेष कार्यक्रम आयोजना गरेर संविधान दिवस मनाउने तयारी गरेको छ। उसले सबै जिल्लालाई लोकतान्त्रिक गणतन्त्रको रक्षाको प्रतिबद्धतासहित दिवस मनाउन सर्कुलर गरेको छ। दिवस मनाउने तयारीकै सिलसिलामा बुधबार महासचिव शंकर पोखरेलले सबै केन्द्रीय विभागका इन्चार्ज र प्रमुख, सबै भ्रातृ संगठनका इन्चार्ज र अध्यक्ष, बागमती प्रदेश, सम्पर्क समन्वय कमिटी र उपत्यका विशेष कमिटीका इन्चार्ज र प्रमुखलाई प्रभावकारी तयारी गर्न निर्देशन दिएका छन्।

प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले संविधानका उपलब्धिको चर्चा गर्दै लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि ७७ वटै जिल्लामा बृहत् सहभागितामा सभाहरू आयोजना गरेर दिवस मनाउन लागेको बताए। त्यस्तै, संविधान दिवस खबरदारी सभाका रूपमा मनाउन तथा यसका लागि तयारीमा जुट्न एमालेले सर्कुलर गरेको छ।

'भदौ २३ र २४ मा घटेका दुःखद घटनाका कारणले राजनीतिक परिस्थितिले असहज बन्न पुगेको छ। आन्दोलनका नाममा संवैधानिक व्यवस्थालाई कमजोर बनाउन सुनियोजित षड्यन्त्रहरू भइरहेका छन्। युवाहरूको माग र चाहनाविपरीत मुलुकलाई प्रतिगमनतिर धकेल्ने प्रयत्न भइरहेको छ,' महासचिव पोखरेलले सर्कुलरमा भनेका छन्, 'यस्तो अवस्थामा संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि असोज ३ मा संविधान दिवसको कार्यक्रम पार्टीका तर्फबाट सबै जिल्लाहरूमा भव्यतापूर्वक मनाउने र काठमाडौं उपत्यकाको हकमा पार्टीको केन्द्रीय कार्यालय च्यासलको प्रांगणमा कार्यक्रम आयोजना गरिनेछ।'

त्यस्तै, माओवादी केन्द्रले पनि संविधानमाथिको आक्रमण र हस्तक्षेपविरुद्ध सचेतनाकै रूपमा कार्यक्रम आयोजना गरेर देशैभर मनाउने तयारी भएको जानकारी दिएको छ। 'केन्द्रीय कार्यालय र विभिन्न स्थानका पार्टी कार्यालयसहित उपयुक्त ठाउँहरूमा जम्मा भएर सहिदहरूलाई श्रद्धाञ्जली दिने र संविधानमाथिको आक्रमण र हस्तक्षेपविरुद्ध सचेतना कार्यक्रम आयोजना गरेर संविधान दिवस मनाउने तयारी छ,' महासचिव देव गुरुङले भने।

सरकारले टुँडिखेलमा संविधान दिवस मनाउने

जेन-जी आन्दोलनपछि उत्पन्न नयाँ परिस्थितिमा गठित अन्तरिम सरकारले टुँडिखेलस्थित सैनिक मञ्चमा औपचारिक कार्यक्रम गरेर नै संविधान दिवस मनाउने भएको छ। यसअघिको सरकारले तामझामसहित संविधान दिवस मनाउने तयारी गरे पनि परिस्थिति फेरिएपछि सामान्य कार्यक्रम गरी मनाउन लागिएको हो।

नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीसँग समन्वय गरेर संविधान दिवसमा गरिने विभिन्न कार्यक्रम तय भएको गृह मन्त्रालयका सहसचिव ऋषिराम तिवारीले बताए। राष्ट्रपति, प्रधानमन्त्री, प्रधानसेनापति, सभामुखलगायत सबैलाई संविधान दिवसको कार्यक्रमबारे जानकारी भइसकेको छ। 'अहिलेको दुःखको समयमा सामान्य कार्यक्रम गरेर संविधान दिवस मनाउने तयारी छ, विगतमा जस्तो नाचगानजस्ता कार्यक्रम पनि हुँदैनन्,' गृहका एक अधिकारीले भने।

संविधानको एक दशकको अवसरमा सडकमा झाँकी निकाल्नेदेखि कन्सर्टसम्म गर्ने अघिल्लो सरकारको तयारी थियो। संविधान दिवस मनाउन अघिल्लो सरकारले मूल समारोह समिति नै गठन गरेको थियो। तर, अन्तरिम सरकारले टुँडिखेलमा सामान्य कार्यक्रम गरेर मनाउने निर्णय गरेको हो। प्रदेश र जिल्लास्तरमा पनि संविधान दिवस मनाउन यसअघि नै परिपत्र भइसकेको छ। ३ असोज ०७२ मा संविधानसभाबाट संविधान जारी भएको थियो।

अध्यादेशबाट...

पृष्ठ १ बाट क्रमशः

सुरु गरिएको बताए। उनका अनुसार मतदाता नामावली संकलन, स्रोत-साधन तथा जनशक्ति व्यवस्थापनदेखि कानुनी व्यवस्थासम्मका विषयमा काम भइरहेको छ। 'निर्वाचन घोषणासँगै हामीले सम्पूर्ण तयारी थालेका छौँ। निर्वाचनका लागि आवश्यक तथ्य-तथ्यांक लिने, स्रोत-साधन र सामग्रीको प्रबन्धदेखि जनशक्ति व्यवस्थापनसम्मका काम अगाडि बढेका छन्,' उनले भने।

यस क्रममा आयोग र गृहमन्त्री अर्यालबिच भएको छलफलमा अध्यादेशमार्फत कानुनी जटिलता फुकाउने सहमति बनेको उनले बताए। भण्डारीका अनुसार चुनाव घोषणा भइसकेपछि मतदाता नामावली संकलन गर्न नपाइने कानुनी व्यवस्थालाई अध्यादेशमार्फत सहजीकरण गर्ने विषयमा सहमति बनेको छ।

'अहिले घोषणा गरिएको आवधिक चुनाव नभएकाले केही समय मतदाता नामावली संकलन गर्न मिल्ने गरी अध्यादेशमार्फत सम्बोधन गर्ने सहमति गृहमन्त्रीसँग भएको छ,' भण्डारीले भने, 'अन्य कानुनी सुधार पनि अध्यादेशमार्फत गर्ने सहमति छ। के-के विषय सम्बोधन गर्ने भनेर विज्ञ राखेर छलफल गर्दै छौं। सुधार गर्ने विषय टुंग्याएर प्रक्रियामा अघि बढ्छौं।'

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले स्रोत-साधन र जनशक्ति सबै उपलब्ध गराउने सुनिश्चितता सरकारले गरेको बताए। 'निर्वाचनका लागि सबैखाले पूर्वाधार तयार गर्नुपर्ने विषयमा छलफल प्रारम्भ भएको छ। कसरी अगाडि बढ्ने भनेर चाँडै कार्यतालिका सार्वजनिक गर्छौं,' उनले भने।

गृहमन्त्री अर्यालले स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउनु सरकारको मूल दायित्व भएको बताउँदै नयाँ र पुराना सबै शक्तिलाई ताजा जनादेशका लागि समान अवसर दिने प्रतिबद्धता जनाए। उनले मतदाता नामावली, दल दर्ता, विदेशस्थित नेपालीको मतदान अधिकार र कार्यक्षेत्रबाटै मतदान गर्न सक्ने व्यवस्थाजस्ता विषय कानुनी संशोधनमार्फत सम्बोधन गरिने बताए।

'दलहरूको सहभागितामै चुनाव हुन्छ। नयाँ पुस्ता र पुराना सबैलाई ताजा जनादेशका लागि समान अवसर सुनिश्चित गराउँछौँ,' उनले भने, 'स्वतन्त्र र निष्पक्ष चुनाव गराउने सरकारको मूल दायित्व हो, त्यसमा कुनै पनि कमी हुन दिँदैन। मतदाता नामावली, दल दर्ता, विदेशस्थित नेपालीको मतदान अधिकार र कार्यक्षेत्रबाटै मतदान गर्न सक्ने व्यवस्थाजस्ता विषय कानुनी संशोधनमार्फत सम्बोधन हुन्छ।'

मन्त्री अर्यालले निर्वाचनअघि सरकारले सम्बोधन गर्नुपर्ने समस्या पहिचानको काम भइरहेको बताए। 'केही समस्या पहिचान भइसकेका छन्, थप समस्या हुन सक्छन्। समस्या पहिचानका लागि कानुनी र सरकारअन्तर्गत विज्ञ खोजेका छौँ,' उनले भने, 'उनीहरूलाई निर्वाचन आयोगमा खटाउने काम गरिएको छ। आयोगसँग समन्वय गरेर उहाँहरूले समस्या पहिचान गर्नुहुन्छ। त्यसपछि सम्बोधनका लागि आवश्यक निर्णय हुन्छ।'

गृहमन्त्री अर्यालका अनुसार चुनावको मिति तोकिसकेपछि मतदाता नामावलीमा नाम थप्न नपाइने ऐनको व्यवस्थामा सुधार गर्नुपर्ने देखिएको छ। यसैगरी, दल दर्तासँग सम्बन्धित विषय पहिचान भएको छ। 'विदेशमा रहेका नेपालीले भोट हाल्न पाउने विषय सम्बोधन गर्नुपर्नेछ। मतदाताले कार्यक्षेत्रबाटै समानुपातिक निर्वाचन प्रणालीमा मतदान गर्न पाउने विषय छ,' उनले भने, 'के-के सहजीकरण गर्न सकिन्छ, सुनिश्चित गर्न सकिन्छ, सम्भव भएसम्म प्रबन्ध गर्छौं। कानुनी बाधा व्यवधान फुकाउने गरी समाधान ल्याउनुपर्नेछ।'

गृहमन्त्री अर्यालका अनुसार शान्तिसुरक्षा दिने सुरक्षा निकाय पुनर्स्थापित गराउनुपर्ने अर्को चुनौती छ। 'पछिल्लो आन्दोलनका क्रममा सुरक्षा निकायका पूर्वाधारमा पुगेको क्षति पुनर्स्थापित गराउनुपर्नेछ। निर्वाचन कार्यालयमा क्षति पुगेको छ। निर्वाचनसम्बन्धी अभिलेखमा क्षति भएको होला,' उनले भने, 'सबै मिलाउनुपर्नेछ।'

गृहमन्त्री अर्यालले चुनावको तयारीका सम्बन्धमा आयोगका पदाधिकारीसँग छलफल भइसकेको र मुलुक निर्वाचनउन्मुख भइसकेको बताए। 'के-के हो, आवश्यकता सबै हेरिरहेका छौँ। स्रोत- साधन निर्वाचनमुखी बनाउनुपर्नेछ। तयारी सुरु भइसकेको छ, सबै प्रबन्ध हुन्छ। सरकार पूर्ण रूपमा त्यसमा केन्द्रित छ,' उनले भने।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले २१ फागुनको निर्वाचनका लागि कार्यतालिका बनाउने गृहकार्य भइरहेको बताए। 'नयाँ परिस्थितिमा के कस्ता तयारीका काम गर्नुपर्छ, के प्राथमिकता दिने काम भएको छ। सुरुमा कार्यतालिका बनाउनुपर्छ। त्यसका लागि छलफल भएको छ,' उनले भने।

घिमिरेका अनुसार चुनाव घोषणा भइसकेपछि मतदाताको विवरण चाहिन्छ। 'अन्तिम नामावली सूची सार्वजनिक भएपछि सम्बन्धित जिल्लामा पुर्‍याउने काम हुन्छ। त्यसपछि पूर्वाधार निर्माण तथा मर्मतको काम हुन्छ। आवश्यक पर्ने विभिन्न सामग्रीहरू के कस्ता अवस्थामा छन्, मतपेटिकालगायत सामग्री जाँच गरेर कति आवश्यक पर्छ, लेखाजोखा गरिन्छ। थप आवश्यक परे प्रबन्ध गरिन्छ,' उनले भने।

घिमिरेका अनुसार जेन-जी आन्दोलनमा सातवटा जिल्लामा निर्वाचन कार्यालयमा क्षति भएको छ। 'जलेका सामग्री व्यवस्थापन गर्नुपर्छ। साथै, मतदाता शिक्षा र तालिमहरू गर्नुपर्नेछ,' उनले भने, 'यी विषय छलफलमै छ, आयोगले छिट्टै कार्यतालिका टुंग्याउँछ।'

निर्वाचन खर्च...

पृष्ठ १ बाट क्रमशः

अर्थ मन्त्रालयले अतिथि स्वागत, विशिष्ट व्यक्तिको भ्रमण खर्च, आर्थिक सहायता, विपत् तथा पुनरुत्थान, भइपरी आउनेजस्ता विविध शीर्षकमा ७५ अर्ब ९५ करोड रुपैयाँ विनियोजन गरेको छ। जसबाट निर्वाचनका लागि रकमान्तर गरेर भए पनि स्रोत व्यवस्थापन गर्न सक्ने मन्त्रालयका अधिकारीहरू बताउँछन्।

निर्वाचनका वेला धेरै भूमिका हुने गृह मन्त्रालयका लागि चालू आवमा एक अर्ब तीन करोड बजेट विनियोजन गरिएको छ। यस्तै, रक्षा मन्त्रालयका लागि ५९ अर्ब ८७ करोड रुपैयाँ बजेट छ।

पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले निर्वाचन गराउने विषयमा राजनीतिक दलहरूबिच एकमत नभए सुरक्षा चुनौती बढ्ने र त्यसले निर्वाचन खर्च सहज बढाउन सक्ने बताए। निर्वाचन सहज र मितव्ययी बनाउन दलहरूबिचको मेलमिलापले महत्त्व राख्ने बताए। 'निर्वाचनका विषयमा अहिलेका प्रमुख राजनीतिक दलहरू एकमत हुन्छन् कि हुँदैनन् भन्ने हो मुख्य कुरा हो। दलहरूबिच एक मत भए निर्वाचनका लागि आर्थिक हिसाबले समस्या हुँदैन। उनीहरूबिच एकमत नहुँदा सुरक्षा खर्च बढी लाग्ने जोखिम हुन्छ,' उनले भने।

उनका अनुसार पाँच अर्ब रुपैयाँहाराहारी खर्च हुने गरेकाले स्रोत व्यवस्थापन कठिन हुँदैन। 'संसारमा पैसा नभएर निर्वाचन नभएको इतिहास छैन। निर्वाचन गराउनकै लागि राज्यका लागि ५-६ अर्ब ठुलो रकम होइन। अझ प्रदेश सभाको निर्वाचन गराउनु नपर्ने भएपछि मतपत्र र बाकस घट्ने नै भयो। स्थानीय सामग्रीलाई प्रयोग गर्ने हो भने खर्च कम हुन्छ,' उनले भने। थपलियाका अनुसार एकजना मतदाताबराबर सरदर तीन सय रुपैयाँका दरले खर्च हुने गरेको छ।

०७४ को प्रतिनिधिसभा निर्वाचनका वेलामा निर्वाचन आयोगका तत्कालीन सचिव गोपीनाथ मैनालीले चालू आर्थिक वर्षको बजेट कार्यान्वयनमै रहेको अवस्थामा पूरक बजेट ल्याउनुपर्ने बाध्यता नरहेको बताए। 'मितव्ययिता अपनाएर र खर्च कटौती गरेर निर्वाचन खर्च जुटाउन सकिन्छ। यसपालि सुरक्षामा धेरै बजेट छुट्याउनुपर्छ भन्ने लाग्दैन। निर्वाचनलाई प्रविधिमैत्री बनाउन सकियो भने खर्च झन् कम लाग्छ,' उनले भने, 'यो वर्ष विकास निर्माण हुने अवस्था देखिँदैन। केही रकम त्यताबाट कटौती गरेर निर्वाचनका लागि छुट्याउन सकिन्छ।' उनले क्षतिग्रस्त भवन निर्माण गर्नुको साटो चुनावलाई प्राथमिकतामा राखेर बजेट व्यवस्थापन गर्नुपर्ने बताए।

मैनालीले नयाँ संविधान जारीपछिको ०७४ को निर्वाचनमा १० अर्ब २९ करोड ६३ लाख रुपैयाँ निकासा भए पनि करिब पाँच अर्ब मात्रै खर्च भएको बताए। 'पहिलो निर्वाचन भएकाले पनि त्यति धेरै खर्च भएको हुनुपर्छ। अहिले त स्थानीय सरकारका संरचना छन्। मतदाताको सूचना पनि आयोगसँग छ। त्यसैले धेरै खर्च गर्नुपर्छ भन्ने मलाई लाग्दैन,' उनले भने।

उनले सुरक्षा चुनौती बढ्ने अवस्थामा खर्च बढी लाग्ने भएकाले त्यसलाई वेलैमा व्यवस्थापन गर्दा निर्वाचन मितव्ययी बनाउन सकिने बताए।

चुनाव खर्चको इतिहास

- ०७९ को प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा पाँच अर्ब ८१ करोड खर्च भएको थियो। त्यस्तै, स्थानीय तह निर्वाचनमा पाँच अर्ब चार करोड खर्च भएको छ।
- ०७४ को प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा सात अर्ब ५९ करोड रुपैयाँ खर्च भएको थियो। स्थानीय तह निर्वाचन व्यवस्थापनका लागि सरकारबाट निर्वाचन आयोगलाई आर्थिक वर्ष ०७३/७४ मा सात अर्ब २८ करोड ४९ लाख ७२ हजार रुपैयाँ प्राप्त भएकोमा ३१ वैशाख र १४ असारको निर्वाचन सम्पन्न गर्न ६ अर्ब तीन करोड ३९ लाख ९९ हजार खर्च भएको थियो। २ असोज ०७४ को तेस्रो चरणको स्थानीय तह निर्वाचनका लागि सरकारबाट आयोगलाई एक अर्ब ५० करोड प्राप्त भएकोमा ९४ करोड ५२ लाख १४ हजार ६९९ खर्च भएको थियो।
- ०६४ को २८ चैतमा दुई अर्ब ८० करोड ९५ लाख रुपैयाँको खर्च भएको थियो। ०७० का संविधानसभा सदस्य निर्वाचनका लागि भने तीन अर्ब ६ करोड ३० लाख रुपैयाँ खर्च भएको थियो। त्यतिवेलामा आठ दातृराष्ट्रले दुई अर्ब १८ करोड रुपैयाँ नगद सहयोग गरेका थिए।

'युद्धग्रस्त गाजामा...

पृष्ठ १ बाट क्रमशः

लाग्न थालेपछि इमर्जेन्सीमा खटिएका स्वास्थ्यकर्मी आत्तिइसकेका थिए। अझ अर्घाखाँचीका १८ वर्षीय माधव सारूमगरले सिभिलको इमर्जेन्सीमै प्राण त्यागेपछि स्वास्थ्यकर्मी थप हतोत्साहित भए। सडकमा गोली बर्साएका प्रहरी स्वास्थ्य मापदण्डको घेरा तोडेर अस्पतालको इमर्जेन्सीसम्मै पुगेर पनि दमन गर्न थाल्यो। उपचारमा खटिएका स्वास्थ्यकर्मीमाथि समेत लाठी र बुट प्रहार गरे।

'एकातर्फ टाउको र छातीमा गोली लागेका बिरामीको उपचार गर्नुपर्ने अवस्था थियो, अर्कोतर्फ प्रहरीले उपचारमा खटिएका स्वास्थ्यकर्मीलाई समेत लाठी र बुट प्रहार गर्न थाल्यो। कसरी काम गर्ने भन्ने तनाव भयो,' सिभिल अस्पतालका निर्देशक डा. मोहनचन्द्र रेग्मीले त्यो दिन सम्झिए, 'मलाई त नेपालमा होइन, कुनै युद्धग्रस्त देशमा छु जस्तो लाग्यो। कतै प्यालेस्टाइनको गाजामा त छैन भन्ने भयो।'

तर, जटिल परिस्थितिमा पनि संयमित भएर पेसागत भूमिका निर्वाह गर्नुपर्ने जिम्मेवारीबाट पन्छिने छुट स्वास्थ्यकर्मीलाई थिएन। प्रहरी दमन सहँदै भए पनि घाइतेको उपचारमा खटिएको रेग्मी बताउँछन्। घाइतेको अवस्था हेरेर केहीलाई इमर्जेन्सीबाट आइसियूमा सार्न लगाउँदै र केहीलाई अन्य अस्पतालमा रिफर गर्दै व्यवस्थापन गरेको उनको भनाइ छ।

'दिउँसो १२ बजेदेखि साँझ ६ बजेसम्म घाइते आउने क्रम जारी थियो। दिनभरमा सिभिलमा मात्रै ४२० घाइते आइपुगे। अस्पताल ल्याउनेबित्तिकै मृत्यु हुनेको संख्या बढ्दै गएको थियो। त्यस दिन अस्पतालमै ६ जनाले प्राण त्यागे, ती सबैको टाउको र छातीमै गोली लागेको थियो,' डा. रेग्मीले भने।

एभरेस्ट अस्पतालमा पनि बिरामीको चाप थेगिनसक्नुथियो। यहाँ भने प्रहरीले ज्यादती गरेको थिएन। चिकित्सकहरूका अनुसार दिउँसो ४ बजेसम्म सयभन्दा बढी घाइते आइसकेका थिए। त्यही दिन तीनजनाको ज्यान गयो। घाइतेको चाप थेग्न नसकेपछि गल्लीमै राखेर उपचार गर्नुपरेको अस्पतालका प्रशासन प्रमुख दीपक बरालले बताए।

घाइतेको उपचारमा अस्पतालका मेडिकल डाइरेक्टर नरेश गिरी, मेडिसिन टिमका वरिष्ठ फिजिसियन डा. नरेश गौडेल, अर्थोपेडिक टिमका प्रमुख सम्पूर्ण महर्जनलगायतको टिम खटिएको थियो। सडकमा गोली चलेको सूचना पाएपछि एभरेस्ट अस्पतालले घाइतेहरू आउन सक्ने अनुमान गरेर तत्कालै टिम तयारी हालतमा राखेको थियो।

'१२ः३० बजे गोली लागेका पाटनका ३४ वर्षीय विनोद महर्जनलाई ल्याइएको थियो। उनको कम्मरमा गोली लागेको थियो। तर, इमर्जेन्सी बेडमा सुताउन नपाउँदै उनको प्राण गयो। यो दृश्यले चिकित्सकहरू आत्तिन थालेका थिए। तर, एकैछिनमा अरू घाइतेको पनि भिड लाग्न थाल्यो,' प्रशासन प्रमुख बरालले भने, 'केहीबेरमै अस्पतालका सबै सय बेड भरिएपछि भुइँमा सुताएर उपचार गर्नुपर्ने अवस्था भयो। ३ बजेसम्म तीनजनाको ज्यान गयो। टाउको, छाती र कम्मरमा गोली छोडिएका युवा देख्दा रणभूमिमा रहेजस्तो महसुस भयो। त्यो दिन सम्झिँदा असह्य हुन्छ।'

बरालका अनुसार त्यस दिन एभरेस्टबाट गम्भीर तीन बिरामीलाई ट्रमा सेन्टरमा रिफर गरिएको थियो। तर, ट्रमा नपुग्दै उनीहरूको पनि ज्यान गएको थियो। साँझ ७ बजेतिर मात्रै घाइते आउन छाडे पनि केही सामान्य परिस्थिति बनेको एभरेस्टका मेडिकल डाइरेक्टर नरेश गिरीले बताए।

प्रशासन प्रमुख बरालका अनुसार अस्पतालमा तीन घाइतेको मृत्युपछि आफन्तहरूको भिड लागेको थियो। पीडा र आक्रोशमा थिए मृतकका आफन्त। मुचुल्का उठाउन जोखिम थियो। प्रहरी अधिकारीलाई नै अस्पताल आउन डर थियो। मुचुल्का उठाउने प्रहरी अधिकारीलाई चिकित्सकले सुरक्षा दिएर ल्याउनुपरेको उनले बताए।

'तीनजनाको मृत्युपछि मैले प्रहरी र स्वास्थ्यसचिवलाई पटक-पटक फोन गरेँ। तर, मुचुल्का उठाउन प्रहरी आएन। प्रहरी अधिकारी मृतकका आफन्तले कुट्लान् भन्ने डरले अस्पताल आउन मानेनन्,' बरालले भने, 'राति १२ बजे चिकित्सकले नै सुरक्षा दिएर ल्याउने र पुर्‍याउने जिम्मा लिएपछि प्रहरी मुचुल्का उठाउन आउन तयार भएको थियो। दुई प्रहरी अधिकारी आएर मुचुल्का उठाएर जानुभयो।'

सिभिल र एभरेस्टबाहेक ट्रमा सेन्टर र केएमसी अस्पतालमा पनि घाइतेको भिड थियो। २३ भदौमा यी अस्पतालका चिकित्सकको भोगाइ पनि सम्झनलायक छैन। त्यस दिन शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा सहभागी हुन सिंहदरबार पुगेका ट्रमा सेन्टरका निर्देशक डा. बद्री रिजाल नयाँ बानेश्वरमा झडप भयो भन्ने थाहा पाएपछि हतारहतार अस्पताल पुगेका थिए। उनी अस्पताल पुग्दा घाइतेहरू ल्याउन थालिसकिएको थियो।

'झडप सुरु हुन थाल्यो भन्ने सुनेपछि म ट्रमा अस्पताल आइहालेँ, तर त्यहाँ आउँदा घाइते आइसकेका थिए, तीनजनाको अस्पताल नपुग्दै मृत्यु भइसकेको थियो, त्यति वेलै अस्पतालका दुई एम्बुलेन्स पनि तोडफोड भयो, सिभिल अस्पतालसँग तुरुन्तै एम्बुलेन्स माग गरियो,' उनले भने, 'गम्भीर अवस्थाका घाइते आउन थालेपछि नियमित ओपिडी र ओटी बन्द गरेर डिजास्टर ट्रिटमेन्ट टिम परिचालन गरियो, वीरबाट थप चिकित्सकहरू बोलायौँ। पेट, घाँटी, छाती र टाउकामा गोली लागेका घाइतेको अवस्था देख्दै डरलाग्दो थियो। अस्पताल ल्याएपछि सोही दिन पाँचजनाको ज्यान गयो।'

डा. रिजालका अनुसार दिउँसो १२ देखि २ बजेसम्म ८० घाइते ट्रमामा ल्याइएका थिए। बेडको अभाव हुन थालेपछि पुराना बिरामीलाई अवस्था हेरेर डिस्चार्ज गर्दै व्यवस्थापन गरिएको उनले बताए। केहीलाई इमर्जेन्सी, केहीलाई आइसियू र केहीलाई वीर अस्पतालतिर पनि सारिएको उनको भनाइ छ। 'रातभर लगाएर २४ घाइतेको सर्जरी गरियो,' रिजालले भने।

२३ भदौको दमनले भोलिपल्ट झन् ठुलो जनधनको क्षति भयो। त्यसदिन ट्रमामा थप ६० घाइते पुर्‍याइएका थिए। चारजनाको अवस्था गम्भीर रहेकोमा तत्काल उपचार गरेर बचाइएको डा. रिजालले बताए। 'ट्रमामा दुई दिनमा गरेर १८० घाइते आए, जसमध्ये बाटोमा ल्याउँदाल्याउँदैका तीनसहित ८ जनाको मृत्यु भयो। बुधबारसम्म २७ घाइते उपचाररत छन्,' उनले भने, 'हामीले सोच्न नसक्ने संख्यामा गम्भीर अवस्थाका घाइते आएपछि जनशक्ति परिचालन कठिन भएको थियो।'

सिनामंगलस्थित केएमसी अस्पतालमा पनि टाउको र छातीमा गोली लागेका बिरामी एकपछि अर्को गर्दै ल्याउँदा ड्युटीमै थिए डा. सरोज कार्की। घाइते देख्दा आत्तिने अवस्था रहेको उनले सम्झिए। 'गोली लागेका घाइते आउँदा म ड्युटीमा थिएँ, प्रदर्शनमा घाइते भएकाहरू आए भनेपछि सामान्य होलान् भन्ने लागेको थियो। तर, त्यसदिन आएका घाइते देख्दा डर लाग्यो। पहिलो घाइतेको दाहिने कम्मरभन्दा मुनि गोली लागेको थियो, अन्यको छाती, घाँटी र टाउकोमा गोली लागेको थियो,' उनले सुनाए, 'कतिपय त निकै क्रिटिकल अवस्थामा थिए। गेटैमा राखेर पनि सिपिआर दियौँ। गोली लागेका घाइते ह्वात्तै आउन थालेपछि अस्पतालका सबै जनशक्ति लाग्दा पनि उपचार अवस्था कठिन बन्यो, किनभने धेरैको त छातीमा गोली लागेको थियो।'

केएमसीमा ८४ घाइतेलाई लगिएको थियो। अस्पतालका निर्देशक डा. निमा थापाको नेतृत्वमा चिकित्सक टिम खटिएको थियो। दुई घाइतेको २३ भदौमै मृत्यु भएको थियो। अहिले १७ जना उपचाररत रहेको अस्पतालले जनाएको छ।

स्वास्थ्य मन्त्रालयको थिएन तयारी

२३ भदौमा माइतीघरदेखि बानेश्वरसम्म प्रदर्शन गर्ने भनेर जेन-जी युवाले पूर्वघोषणा नै गरेका थिए। तर, सम्भावित भवितव्यलाई स्वास्थ्य मन्त्रालयले आकलन नै गर्न सकेन। त्यसैले भवितव्यलाई व्यवस्थापन गर्ने तयारी पनि थिएन।

मन्त्रालयले घाइते पुर्‍याइएका अस्पतालसँग कुनै छलफल र समन्वय नै गरेको थिएन। नयाँ बानेश्वरमा घटना हुँदा स्वास्थ्यसचिव विकास देवकोटासहितको टिम संसद्को शिक्षा स्वास्थ्य तथा सूचना प्रविधिको बैठकमा सहभागी थियो। तर, अस्पतालमा घाइतेको संख्या धेरै हुन सक्ने र जनशक्ति परिचालन तथा पूर्वतयारीबारे अघिल्लो र त्यसदिन कुनै समन्वय भएको थिएन।

'त्यसदिन हुन सक्ने सम्भावित घटनाबारे मन्त्रालयमा बैठक बसेर कुनै तयारी भएको थिएन,' स्वास्थ्य मन्त्रालयका एक अधिकारीले भने, 'नयाँ बानेश्वरमा हजारौँ युवाहरूको प्रदर्शन हुँदा मन्त्रालयले उपचार रणनीति बनाएर अस्पतालहरूसँग समन्वय गरेको भए कम्तीमा ज्यान गुमाउनेको संख्या कम हुने थियो, तर त्यसो भएन।'

मन्त्रालयका सचिव डा. देवकोटाले भने प्रदर्शनमा हुन सक्ने सम्भावित घटनाबारे अस्पतालहरूसँग समन्वय भएको दाबी गरे। उनले भने, 'सबै तयारी गरेका थियौँ, अस्पतालहरूसँग समन्वय पनि भइरहेको थियो, घटना हामीले सोचेभन्दा बढी अत्याउने किसिमको भइदियो।'

सच्चिने...

पृष्ठ १ बाट क्रमशः

छाउनीमा उपचाररत छन्। कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्मा कांग्रेसले जेन-जीका आवाजलाई लोकतान्त्रिक आवाजको रूपमा लिएको र हिंसात्मक घटनाको विरोध गरेको बताउँछन्। 'जेन-जीको आवाजलाई लोकतान्त्रिक आवाजको रूपमा लिएका छौँ। हिंसात्मक रूप लिएपछि भर्त्सना गर्ने अवस्था आएको हो। उहाँहरूको मागको स्वागत गर्छौं। हिंसात्मक घटनाको विरोध नै हुन्छ,' उनले भने।

विधिविधान र विवेकसम्मत रूपमा पार्टी पुनर्गठन हुने पनि विश्वकर्माको दाबी छ। 'हाम्रो पार्टी महाधिवेशनको संघारमा छ। महाधिवेशनबाट पार्टी पुनर्गठन भएर आउँछ। सभापतिलाई तेस्रोपटक पदमा बस्न विधानले पनि दिँदैन, उहाँको विवेकले पनि अब सभापति बन्दिनँ भनिसक्नुभएको छ। अब महाधिवेशनपछि नीति, संगठन र नेतृत्व नयाँ हुन्छ,' उनले भने। पार्टीभित्र छलफल गरेर विधि र विवेकअनुसार नै कांग्रेस चल्ने उनले स्पष्ट पारे। कम्युनिस्ट पार्टीकोजस्तो विधान नै संशोधन गरेर नेतृत्वमा रहिरहने अवस्था कांग्रेसमा नरहेको उनले दाबी गरे।

एमालेमा पनि संस्थापन पक्षले जेन-जी आन्दोलनपछि आफूलाई प्रतिरक्षामा उभ्याएको छ। केही समयअघि मात्रै एमाले अध्यक्ष ओलीले विधान संशोधन गरेर पुनः अध्यक्ष बन्ने वैधानिक बाटो खुला गरिसकेका छन्। एमाले महासचिव शंकर पोखरेलले विज्ञप्तिमार्फत प्रतिनिधिसभा विघटनको विरोध गर्दै संस्थागत धारणा सार्वजनिक गरे। तर, आत्मसमीक्षाबारे एक शब्द बोलेनन्। 'प्रतिनिधिसभा विघटनपछि हुने संवैधानिक रिक्तता र यसले सिर्जना गर्ने राजनीतिक जटिलताप्रति एमाले गम्भीर तथा चिन्तित छ,' उनले भने, 'घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न उच्चस्तरीय न्यायिक आयोग गठन गर्ने र कसैबाट पनि भएको कुनै पनि प्रकारको भ्रष्टाचारको छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्नेमा हाम्रो विमति छैन। यस प्रकृतिका आयोगलाई आवश्यक सहयोग गर्न पार्टी तयार छ।'

त्यस्तै, एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम पार्टी आफ्नो एजेन्डामा अडिग रहेको बताए। 'राष्ट्रियता र व्यवस्था रक्षाका निम्ति एमाले लाग्छ, संविधान दिवस ७७ वटै जिल्लामा भव्य रूपमा मनाउँदै छौँ,' उनले भने, 'संविधानका उपलब्धिको चर्चा गर्दै गणतन्त्रको रक्षाका निम्ति हामी लाग्छौँ।'

जेन-जीका मागबारे सोधिएको प्रश्नमा उनले भने, 'जेन-जीको माग पूरा गर्न त सरकार आएको छ नि! सरकारको कामलाई एमालेले गम्भीरतापूर्वक हेरिरहेको छ।' त्यस्तै, पार्टी पुनर्गठनको विषय भने पार्टीमा प्रवेश नै नभएको उनको भनाइ छ। 'पार्टी पुनर्गठन भनेको पार्टीको आन्तरिक बिजनेस हो। त्यो विषयमा प्रवेश नै गरेका छैनौँ,' गौतमले भने।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जेन-जी आन्दोलनपछि वक्तव्य जारी गर्दै नेपाली जनता अधिकारसम्पन्न हुने, सुशासन र सामाजिक न्याय कायम गर्न सकिने सबैखाले आन्दोलन र पहलकदमीमा माओवादीको साथ, समर्थन रहने बताए। संक्रमणकालीन परिस्थितिको फाइदा उठाउँदै धमिलो पानीमा माछा मार्ने प्रतिगामी षड्यन्त्रविरुद्ध सचेत रहँदै एकजुट भएर अघि बढ्न उनले शान्ति, संविधान र गणतन्त्र पक्षधर सम्पूर्ण शक्तिलाई आह्वान पनि गरेका छन्। प्रचण्डले आन्दोलनमा भएको बर्बर दमन, नरसंहार एवं लुटपाट र आगजनीका घटनाहरूको उच्चस्तरीय न्यायिक छानबिन गर्न मागसमेत गरेका छन्। उनले जेन-जी र माओवादीको मुद्दा समान रहेको पनि बताए।

'आन्दोलनको दोस्रो दिन आयोजकको पूर्ववत् घोषणाविपरीत अवाञ्छित तत्त्वहरूको घुसपैठ देखा पर्न थाल्यो। त्यस्ता तत्त्वहरूबाट नेपालको ऐतिहासिक धरोहर र गौरवका रूपमा रहेका सिंहदरबारसहितका संरचनामा जे जसरी लुटपाट र आगजनीका घटना भए, ती इतिहासमै सर्वाधिक नकारात्मक घटना बन्न पुगे,' उनले भने, 'जेन-जी युवा र हामीले एउटै मुद्दा उठाइरहेका वेला पनि हाम्रो पार्टी कार्यालय, निजीनिवास र राज्यका साझा संरचनामा कसले र किन आगो लगायो ? यसको बारेमा गम्भीर रूपमा सोच्नै पर्छ। यस खालका घटना जेन-जी पुस्ताको घोषित नीति र आदर्शविपरीत छन्। उनीहरूबाट यस्तो हुन्छ भन्ने कल्पना पनि गर्न सकिँदैन।'

माओवादी सचिव देवेन्द्र पौडेल जेन-जीका माग सम्बोधन गर्दै जानुपर्ने बताउँछन्। माओवादी जेन-जी आन्दोलनभन्दा अगाडि नै आत्मसमीक्षा गरेर अगाडि बढेको र फेरि पनि आत्मसमीक्षा गर्दै जाने उनले बताए। 'जेन-जीले उठाएका माग, भावना सही छन्। त्यसलाई पूरा गर्दै जानुपर्छ। जहाँसम्म नेतृत्व हस्तान्तरणको कुरा छ, त्यो विधिसम्मत हुनुपर्छ। महाधिवेशनमा त्यसबारे छलफल हुन्छ। त्यसका लागि समय चाहिन्छ, आजको भोलि नै हुँदैन,' उनले भने, 'जसरी पानी लानका लागि कुलो चाहिन्छ, त्यसैगरी नेतृत्व हस्तान्तरणको पनि एउटा बाटो हुन्छ। प्रक्रिया पूरा गर्नुपर्छ। जेन-जी आन्दोलनअघि नै माओवादी आत्मसमीक्षा गरेर अगाडि बढ्दै आएको छ। हामी फेरि पनि आत्मसमीक्षा गरेर अगाडि बढ्छौँ।'

राजनीतिक विश्लेषक श्याम श्रेष्ठ जेन-जी आन्दोलनले परिवर्तनको माग गरे पनि दलका नेताले अझै नचेतेको टिप्पणी गर्छन्। 'जेन-जी आन्दोलनले परिवर्तनको माग गरेको छ। तर, सबभन्दा पहिला जेन-जीले नै आत्मसमीक्षा गर्न जरुरी छ। नेपाली समाजलाई रूपान्तरण गर्ने एजेन्डा के हो भन्ने प्रस्ट पार्न जरुरी छ। जेन-जी संगठित नहुँदा २४ भदौको आन्दोलनलाई हाइज्याक भएजस्तो फेरि पनि हुन सक्छ,' उनले भने, 'दलका नेताहरू आफ्नो बाटोबाट च्यूत भएकाले यो आन्दोलन उठेको हो। नेताहरूको भ्रष्ट, आत्मकेन्द्रित मानसिकताको कारणले जनतालाई आक्रोशित बनायो। अर्कोतर्फ दलका नेताहरूले आर्यघाट नपुग्दासम्म नेतृत्व हस्तान्तरण नगर्ने प्रवृत्ति देखाए। यसबाट जनता वाक्कदिक्क भएका थिए। यो अवस्था अहिले पनि छ। यही कारण नेतृत्वले आफ्नो स्वभाव, प्रवृत्तिमा परिवर्तन कसरी गर्लान् भन्ने ठुलो प्रश्न छ। दलहरू नसच्चिए जनताले स्विकार्नेजस्तो देखिँदैन। तर, नेताहरूमा अझै चेतको भाव देखिएको छैन। नेपालका लागि यो ठुलो दुर्गतिको संकेत हो।'

पार्टी पुनर्गठनका लागि संस्थापनइतरको दबाब

प्रमुख दलमा संस्थापनइतरले भने पार्टी पुनर्गठनका लागि दबाब बढाएका छन्। परिस्थितिले नयाँ सोच, नयाँ शैली र नयाँ नेतृत्व खोजेको उनीहरूको दाबी छ। कांग्रेस नेता शेखर कोइराला, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मालगायतले पार्टी पुनर्गठन गरेर जानुपर्नेमा जोड दिँदै आएका छन्। तर, उनीहरूले उक्त मुद्दालाई पार्टीको संस्थागत धारणा बनाउन सकेका छैनन्।

एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली, सचिवहरू योगेश भट्टराई, गोकर्ण विष्टलगायत दर्जनौं नेताले नयाँ शिराबाट अगाडि बढ्नुपर्ने बताएका छन्। तर, एमालेको बैठकसमेत हुन सकेको छैन। संस्थापन पक्षका नेताहरू एमालेमा ओलीको विकल्प नभएको बताउन थालिसकेका छन्। अध्यक्ष ओली सैनिक सुरक्षामा रहेको अवस्थामा वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षहरू हुँदाहुँदै महासचिव शंकर पोखरेलले नै संयोजन र समन्वय गरेर पार्टी चलाइरहेका छन्। यसकारण पनि ओली नेतृत्व हस्तान्तरण र पार्टी रूपान्तरणको पक्षमा नरहेको सन्देश प्रवाह भएको भन्दै नेता-कार्यकर्ताहरूले आलोचना गरेका छन्। स्थायी समिति सदस्य महेश बस्नेतले त ओलीको विरोध नगर्न चेतावनी नै दिएका छन्।

माओवादीमा पनि उपमहासचिव जनार्दन शर्मा, केन्द्रीय सदस्य सुदन किराँतीलगायत नेताहरूले पार्टी पुनर्गठनको विषय जोडतोडले उठाएका छन्।

आगजनीका भवनमा...

पृष्ठ १ बाट क्रमशः

कोटेश्वरस्थित भाटभटेनी सुपर मार्केटको चौथो तलामा भेटिएको कंकालको भने पहिचान खुलेको छ। प्रहरीका अनुसार उक्त कंकाल रामेछाप खाँडादेवी गापा- ६ का २२ वर्षीय विकास रसाइलीको रहेको खुलेको छ। पोस्टमार्टमका लागि शव महाराजगन्जस्थित शिक्षण अस्पतालमा लगिएको छ। प्रहरीका अनुसार उनको शव परिवारका सदस्यलाई जिम्मा लगाउने प्रक्रिया अघि बढेको छ। आन्दोलनका क्रममा ध्वस्त बनेको सुपर मार्केट सफाइ गर्न क्रममा उनको कंकाल भवनको चौथो तलामा भेटिएको थियो। अनुसन्धानका क्रममा उनको पहिचान खुलेको हो। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी अपिलराज बोहराले कोटेश्वरस्थित भाटभटेनी सुपरस्टोरमा फेला परेको कंकाल २२ वर्षीय रसाइलीको रहेको खुलेको पुष्टि गरे। रसाइली च्यासल बस्दै आएका थिए।

मन्त्री, प्रदेश प्रमुख र मुख्यमन्त्रीका क्वार्टर क्षतविक्षत

मन्त्रीसहित राष्ट्रिय सभा अध्यक्ष, उपाध्यक्ष, उपसभामुखको भैंसेपाटीस्थित सरकारी आवास रहेको मन्त्री क्वार्टरका २८ मध्ये २७ भवन खण्डहर, सातै प्रदेशका मुख्यमन्त्री र प्रदेश प्रमुखको निवास पनि ध्वस्त

ठुलो क्षति भएको छ, तत्कालै पुनर्निर्माण गर्न सक्ने संरचनाको काम अघि बढ्छ



● **कुलमान घिसिङ**, ऊर्जा, भौतिक तथा सहरी विकासमन्त्री

आगलागीमा परेर मन्त्री क्वार्टरमा ठुलो क्षति भएको भेटियो। यहाँका सबै संरचनामा क्षति भएको पायौँ। अब आउँदा दिनमा यो क्षतिलाई सम्बोधन गर्ने दिशामा अगाडि बढ्छौँ।

पुनर्निर्माणको विषय सरकारको प्राथमिकतामा छ। त्यसैले तत्कालै पुनर्निर्माण गर्न सक्ने संरचनाको काम अगाडि बढाइहाल्छौँ।

अजित अधिकारी / नयाँ पत्रिका

जेन-जी आन्दोलनका क्रममा आगलागी भएको ललितपुरको भैंसेपाटीस्थित मन्त्री क्वार्टरको बुधबार गृहमन्त्री ओमप्रकाश अर्याल र भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका ऊर्जामन्त्री कुलमान घिसिङले निरीक्षण गरेका छन्। मन्त्री क्वार्टरका २८ मध्ये २७ वटा भवन जलेर नष्ट भएको छ।

सहरी विकास तथा भवन निर्माण विभागका अनुसार ९६ रोपनी १० आना क्षेत्रफलमा राज्यमन्त्रीसहित २४ मन्त्रीलाई क्वार्टर बनाइएको छ। राष्ट्रिय सभा अध्यक्ष र उपाध्यक्षका लागि एक-एक भवन र प्रतिनिधिसभाको उपसभामुखलाई एक भवन आवासीय प्रयोजनका लागि तयार गरिएको छ। थप एउटा भवन पनि प्रयोगविहीन अवस्थामा थियो। तर, २४ भदौ दिउँसो प्रदर्शनकारीले आगजनी गर्दा २७ भवन पूर्ण रूपले जलेर नष्ट भएका छन्। मुख्य प्रवेशद्वारको बाँयापट्टि लहरमा दोस्रो स्थानमा रहेको रक्षामन्त्रीनिवास भने सग्लो छ। सो भवनको केही भूयालको सिसा फुट्नुबाहेक अरू क्षति भएको छैन।

तीन तलाका भवनहरू आगलागीले जलेर कालो भएका छन्। भुइँतलामा लबी, मिटिङ हल, निजी कोठा, गार्ड कोठा, कर्मचारीका लागि सुत्ने कोठा र भान्साका सामान राख्ने कोठा छ। पहिलो तलामा मन्त्री सुत्ने मुख्य कोठा, परिवारका सदस्य सुत्ने कोठा, बैठक कक्ष, भान्सा र डाइनिङ हल छ। दोस्रो तलामा दुईवटा पाहुना कोठासँगै पूजाकोठा र लन्ड्री तथा खुला छत बनाइएको छ। प्रत्येक आवासमा दुईवटा प्रवेशद्वार छन्। एउटा सार्वजनिक र अर्को निजी प्रयोजनका लागि प्रयोगमा आउने ढोका बनाइएको छ। नेपाली परम्परागत शैलीमा बनाइएको भवनको साजसज्जाका लागि मात्रै २४ करोड रुपैयाँ खर्च भएको थियो। तर, आगलागीपछि सबै भवन कुरूप भएका छन्।

मन्त्री क्वार्टरको दक्षिण-पश्चिमतर्फ सामान्य जाली गेट बनाइएको थियो। सोही स्थानबाट आन्दोलनमा सहभागी समूह भित्र छिरेर आगजनी गरेको स्थानीयको भनाइ छ। सो स्थानमा जग्गा अधिग्रहण विवाद भएकाले पक्की संरचना बनाउन ढिलाइ भएको सहरी विकास मन्त्रालयका अधिकारीले मन्त्रीद्वय अर्याल र घिसिङलाई 'ब्रिफिङ' गरेका छन्। अहिले पनि सो स्थानमा फलामको डन्डीमा टिनको पातालाई बाँधेर बेरा मात्रै लगाएर असुरक्षित अवस्थामा छाडिएको छ।

आर्मीको सुरक्षामा रहेको मन्त्री क्वार्टरको क्षतिबारे अहिलेसम्म अध्ययन थालिएको छैन। मंगलबार सहकारी विकास तथा भवन निर्माण विभागका कर्मचारी भित्र पसेर निरीक्षण गर्न खोज्दा सेनाले नदिएपछि फर्किएका थिए। बुधबार मन्त्रीद्वय अर्याल र घिसिङले निरीक्षण गर्दा कुनै पनि भवनभित्र पसेनन्, बाहिरबाट मात्रै वस्तुस्थितिको जानकारी लिए। सेनाले आगलागी भएको भवनभित्रको स्थिति के कस्तो छ भन्ने यकिन नभएकाले भित्र छिर्नु जोखिमयुक्त हुने सुझावसमेत दिएको थियो। निरीक्षणमा पुगेका सहरी विकासमन्त्रीसमेत रहेका घिसिङले क्वार्टर पुनर्निर्माणको विषय सरकारको प्राथमिकतामा रहेको बताए। 'पुनर्निर्माणको विषयमा के कसो गर्न सकिन्छ, त्यो सबै प्राथमिकतामा राखेर अगाडि बढ्छौँ,' उनले भने, 'तत्काल नै गर्न सकिने अवस्था रहेछ भने पनि काम थाल्छौँ।'



आगलागीबाट खण्डहर बनेको भैंसेपाटीस्थित मन्त्री क्वार्टरका भवन। **तस्बिर : संजित परियार / नयाँ पत्रिका**

■ मुख्यमन्त्री तथा प्रदेश प्रमुखको निवास पनि जोगिएनन्

सात प्रदेशका मुख्यमन्त्री र प्रदेश प्रमुख काठमाडौं आउँदा बस्न सजिलो होस् भनी सरकारले भैंसेपाटीस्थित मन्त्री क्वार्टरको सम्मुखमा सातवटा भवन बनाएको थियो। एउटै भवनलाई पार्टेसन गरेर प्रदेश प्रमुख र मुख्यमन्त्री तथा तिनको परिवार बस्न मिल्ने गरी निर्माण गरिएको छ। तर, सो भवनसमेत २४ भदौमा आगलागीमा परी ध्वस्त भएको छ। प्रदेशका पदाधिकारीलाई काठमाडौंमा ठुलो रकम खर्चेर पूर्वाधार निर्माण गर्न नहुने जनआवाजविपरीत सरकारले सातवटा ठुला भवन बनाएको थियो। १० भदौ ०८० मा उक्त भवन उद्घाटन भई सञ्चालनमा आएको थियो। तीन तलाको भवनमा पूजाकोठादेखि योग कक्षसम्म छन्। भुइँतलामा प्रतीक्षा कक्ष, सचिवालय, मुख्यमन्त्री तथा प्रदेश प्रमुखको कार्यालय, गोप्य कोठा र २५ जना क्षमताको बैठक हल बनाइएको छ। पहिलो तलामा बैठक कक्ष, योग कोठा, मुख्यमन्त्री वा प्रदेश प्रमुखको सुत्ने कोठासहित तीन कोठा छ भने दोस्रो तलामा भान्सा कोठा, पाहुना कोठा, परिवारका सदस्य सुत्ने कोठा र पूजा कोठा छन्। १७ मंसिर ०७५ को मन्त्रिपरिषद् बैठकले बालुवाटारमा प्रधानमन्त्रीनिवाससहित भैंसेपाटीमा प्रदेश प्रमुख, मुख्यमन्त्री, राष्ट्रिय सभाका अध्यक्षसहित मन्त्रीहरूका लागि आवास निर्माण गर्ने निर्णय गरेको थियो। त्यसपछि १३ असोज ०७६ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले भैंसेपाटीमा क्वार्टर र प्रदेश प्रमुख तथा मुख्यमन्त्रीनिवास निर्माणको शिलान्यास गरेका थिए। तीनवटा प्याकेजमा टुक्र्याएर निर्माण गरिएको मन्त्री क्वार्टरको कुल लागत एक अर्ब ७७ करोड रुपैयाँ रहेको विभागका उपमहानिर्देशक सनिलकुमार ठाकुरले जानकारी दिए। 'दक्षिण-पश्चिमपट्टिको २७७ मिटर लामो पर्खालबाहेक सबै संरचना निर्माण सकिएको थियो,' उनले भने। स्विमिङ पोखरी र जिम हल भर्खर मात्रै निर्माण सम्पन्न भएको थियो। तर, प्रयोग गर्न नपाउँदै यी संरचना पनि क्षतिग्रस्त भएका छन्। मन्त्री क्वार्टरको सम्मुखमा प्रदेश प्रमुख तथा मुख्यमन्त्रीनिवासका लागि सातवटा ब्लकसमेत निर्माण भएका छन्। सो ब्लक बनाउन ७२ करोड ७४ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो।

■ कस्तो छ अहिले अवस्था ?

क्वार्टर परिसरमा बनाइएको पाँच मिटर चौडा बाटोमा जलेका गाडी र बस यतिकै छन्। प्रत्येक क्वार्टरको मूलढोकाअगाडि जलेको अवस्थामा मन्त्रीका गाडी मात्रै छन्। आँखाले यतिकै हेरेर जलेको गाडी कुन ब्रान्ड वा कुन मोडेलको हो भन्ने ठम्याउन नसक्ने अवस्थामा छन्। अधिकांश क्वार्टरपरिसरमा एकभन्दा बढी गाडी जलेको अवस्थामा भेटिन्छन्। त्यसैले मन्त्रीको सरकारी गाडीसँगै उनका आफन्तहरूको निजी सवारीसाधनसमेत आगलागीमा परी जलेको अनुमान गर्न सकिन्छ।

क्वार्टरभित्रको बाटोमै कृषि तथा पशुपक्षी विकास मन्त्रालयको निवास लेखेको 'नेमप्लेट' कुच्चिएर फालेको अवस्थामा छ। बाटोमा यत्रतत्र गाडीको जलेको पार्टपुर्जा छन्। प्रवेशद्वार भित्र पस्नासाथ देखिने पानीको फोहोरा फाल्ने आकर्षक संरचना पूर्ण रूपले क्षतिग्रस्त छ। गोलाकार आकारको 'वाटर फाउन्टेन'को टायलहरू उप्काएर फालिएका छन् भने पानीको फोहोरा फाल्ने प्रणाली पनि नष्ट गरिएको छ।

रातो र सेता रङले चम्किलो बनाइएको सबै भवन धुँवाको मुस्लोका कारण कालो भएका छन्। सबै क्वार्टरको मुख्य प्रवेशद्वार बन्द गरेर राखिएको छ। मुख्य द्वारसँगै रहेका पहँलो रङको नेमप्लेट पनि जलेर कालो भएका छन्। प्रवेशद्वारअगाडिको एलइडी होर्डिङ बोर्ड पनि भत्काइएको छ। सेनाले गेटअगाडि काँडेतार राखेर सुरक्षा दिइरहेको छ।

■ ग्यास सिलिन्डर पड्केर धेरै आगलागी

आन्दोलनकारीको समूहले प्रत्येक भवनको भुइँतलामा आगो झोसेको स्थानीयले बताएका छन्। २४ भदौ दिउँसो १ बजेतिर प्रवेश गरेका आन्दोलनकारीले मन्त्री क्वार्टर र सम्मुखमा रहेको प्रदेश प्रमुख र मुख्यमन्त्रीनिवास दिउँसो साढे ३ बजेसम्म नियन्त्रणमा लिएर आगजानी गरेका थिए। तर, पहिलो तलाको भान्सामा रहेका ग्यास सिलिन्डर पड्केर ठुलो आगलागी भएको स्थानीयले बताएका छन्। एउटै क्वार्टरमा चार-पाँचवटासम्म सिलिन्डर पड्केको आवाज आएको र सोही कारण ठुलो आगलागी भएको स्थानीय शुभद्रा ठकुरी बताउँछिन्। 'यहाँ आगलागी भएको दिउँसोको समयमा सिलिन्डर निरन्तर पड्केर भैंसेपाटी क्षेत्र नै अशान्त भएको थियो। सिलिन्डरहरू पड्केर पनि आगलागी धेरै भयो,' उनले भनिन्। धमाधम सिलिन्डर पड्केर भवनमा दनदनी आगो लाग्न थालेपछि आन्दोलनकारीहरू पनि बिस्तारै मत्थर भएको उनले बताइन्।

■ अब सिंहदरबारभित्रै संसद् र सर्वोच्च अदालत



आगलागीपछि ध्वस्त भएको संसद् भवनको बैठक कक्ष।

संसद् र सर्वोच्च अदालतको नियमित काम अब सिंहदरबारबाटै हुने भएको छ। बुधबार क्षतिग्रस्त भएका संसद् भवन र सर्वोच्च अदालत भवनको अनुगमन गर्नेक्रममा सरकारका तीनजना मन्त्रीले यस्तो बताएका हुन्। सिंहदरबार परिसरभित्रै निर्माणाधीन संसद् भवन र सर्वोच्च अदालत भवन अन्तिम चरणमा रहेकाले चार पाँच महिनापछि सञ्चालनमा आउने उनीहरूको भनाइ छ।

गृहमन्त्री ओमप्रकाश अर्याल, अर्थमन्त्री रामेश्वर खनाल र भौतिक, सहरी विकाससहित ऊर्जामन्त्री कुलमान घिसिङले क्षतिग्रस्त संसद् भवनको अवलोकन गरे। जेनजी प्रदर्शनका क्रममा तोडफोड र आगजनी हुँदा संसद् भवन भग्नावशेषमा परिणत भएको छ। पहिलो दिन संसद् भवनपरिसरमा प्रहरीले गोली चलाउँदा १९ जनाको मृत्यु भएको थियो। संसद् भवनको भित्री भाग जलेर कामै नलाग्ने अवस्थामा पुगेको छ। चीन सरकारले बनाइदिएको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र भाडामा लिएर संसद् भवन बनाइएको थियो।

बिआइसिसी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा अब संसद् बैठक नबस्ने भएको छ। अर्थमन्त्री खनालले संसद् भवन पुनर्निर्माण गरी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र सञ्चालन गर्ने बताए। आगामी पुससम्म सिंहदरबारमा निर्माणाधीन नयाँ संसद् भवनको काम सम्पन्न हुने र त्यहीं नै संसद्को बैठक बस्ने मन्त्रीहरूको भनाइ छ।

आगामी निर्वाचनपछि सिंहदरबारभित्र निर्माण सम्पन्न हुने क्रममा रहेको संसद् भवनबाट बैठक चल्ने मन्त्री घिसिङले बताए। ध्वस्त भएको संसद् भवनलाई पुनर्निर्माण गरी पुरानै स्वरूपमा फर्काइने उनको भनाइ छ। उनले तत्कालै सरसफाइ कार्य सुरु गरेर डिजाइनको प्रक्रियामा अघि बढ्ने र अल्पकालीन, दीर्घकालीन योजनामा पुनर्निर्माण सुरु गर्ने बताए।

मन्त्री घिसिङले संसद भवनमा ठूलो क्षति भएको बताए। उनकाअनुसार भवनभित्रका सभा सञ्चालन गर्ने सबै कुरा जलेका छन्। माइक, कुर्सी टेबल, साउन्ड सिस्टम केही बाँकी रहेन। भिडियो सिस्टम, मिडिया सेन्टर पनि जलेको छ। कम्प्युटर ल्यापटप, टिभीहरू बाँकी छैनन्। भवनभित्र कुर्सीहरू केही बाँकी छैन। दर्शकदीर्घा भुइँमा झरेको छ। ल्होत्से हल पूर्ण जलेको छ। दलका शीर्ष नेताहरू बस्ने कक्ष पनि बाँकी छैन। प्रहरीहरू बस्ने क्वार्टर पनि बाँकी छैन। योजना बनाएरै पुनर्निर्माण गर्नुपर्ने अवस्था छ।

ऊर्जा, भौतिक पूर्वाधार र सहरी विकासमन्त्री घिसिङले चार-पाँच महिनापछि सर्वोच्च अदालतको काम नयाँ भवनबाट सुरु गरिने बताएका छन्। बुधबार आगजनीबाट क्षतिग्रस्त सर्वोच्च अदालतको अवलोकन गर्न पुगेका उनले सिंहदरबारमा नयाँ बिल्डिङ बनिसक्ने भएकाले सोही ठाउँबाट काम थाल्ने बताए। यसलाई कसरी अगाडि बढाउने भनेर सरकारले एउटा निर्णय पनि गर्ने उनको भनाइ छ। उनले भने, 'धेरै ठुलो क्षति भएको छ। अब यसलाई सबै एसेसमेन्ट गरेर त्यसको डिटेल डिजाइनसहित काम अगाडि बढाउँछौं।'

संक्षेप

जनकल्याण माविले महांकाल प्रहरी बिटलाई गच्यो फर्निचर सहयोग

काठमाडौं / २४ भदौको जेन-जी प्रदर्शनका क्रममा तोडफोड र आगजनी भएको महांकाल प्रहरी बिटलाई जनकल्याण माविले फर्निचर सहयोग गरेको छ। प्रहरी कार्यालय सञ्चालनका लागि विद्यालयले फर्निचर सहयोग गरेको हो। भवन क्षतिग्रस्त भएपछि प्रहरी त्यहाँ बस्न छाडेको छ। तर, स्थानीय र नजिकका संघसंस्थाले प्रहरीको आवश्यकता महसुस गर्दै प्रहरी कार्यालय सञ्चालनका लागि सहयोग गन थालेका छन्। जनकल्याण माविले एक थान कम्प्युटर, एक थान टेबुल, दुई थान कुर्सी, दुई थान टि-टेबुल, एक थान दराज र एक थान बस्ने बेन्च हस्तान्तरण गरेको छ। यी सामान प्रहरी प्रतिनिधिलाई बोलाएर हस्तान्तरण गरिएको हो। प्रहरीलाई बस्न र कार्यालय सञ्चालन गर्न असहज भएको परिस्थितिमा विद्यालयले सहयोग गरेको सहायक प्रधानाध्यापक सुरेशकुमार कटुवालले बताए।

बस र टिपर ठोक्किँदा पाँचजना घाइते

धादिङ / धादिङको थाक्रे गाउँपालिका- २ बाह्रकिलामा यात्रुवाहक बस र टिपर आपसमा ठोक्किँदा पाँचजना घाइते भएका छन्। बुधबार भैरहवाबाट काठमाडौंतर्फ आउँदै गरेको लुम्बिनी प्रदेश ०१-००१ ख ०३३५ नम्बरको बस र काठमाडौंबाट नुवाकोटतर्फ जाँदै गरेको बागमती प्रदेश ००६ ख ४२६० नम्बरको टिपर ठोक्किँदा पाँचजना घाइते भएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक सुवास हमालले जानकारी दिए।

घाइते हुनेमा बसचालक रुपन्देहीको बुटवल उपमहानगरपालिका- १३ बेलबासका २७ वर्षीय सन्देश अधिकारी, कञ्चन गाउँपालिका- ४ का ६० वर्षीय आइतबाहारी थारू, गुल्मीदरबार गाउँपालिका- २ का ४० वर्षीय कमल सारूमगर, कपिलवस्तुको शिवराज नगरपालिका- ७ का २४ वर्षीय पकंज पाण्डे, नवलपरासीको देवचुली नगरपालिका- ५ की ३२ पुनम थसू घाइते भएका छन्। टाउकोमा चोट लागेका आइतबाहारी थारूलाई ट्रमा सेन्टर लगिएको प्रहरीले जनाएको छ। अन्य घाइतेको महादेवस्थित थाक्रे पोलिक्लिनिकमा उपचार भइरहेको छ। नुवाकोट बेलकोटगढी नगरपालिका- १२ का २८ वर्षीय प्रवीण श्रेष्ठलाई प्रहरीले नियन्त्रमा लिएको प्रहरी नायब उपरीक्षक हमालले बताए।

ब्राउनसुगर खरिद गर्न भारत पुगेका तीन नेपाली पक्राउ

सिराहा / प्रतिबन्धित लागुऔषध ब्राउनसुगर खरिद गर्न भारतको बेतौन्हा पुगेका तीन नेपालीसहित चारजना पक्राउ परेका छन्। भारतीय सीमा सुरक्षा बल (एसएसबी) र बिहार पुलिस सीमा चौकी जयनगरको संयुक्त टोलीले प्रतिबन्धित लागुऔषध कारोबारको आरोपमा उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ पर्ने नेपाली तीनैजना काठमाडौंका हुन्। काठमाडौं महानगरपालिका घर बताउने २४ वर्षीय रोशन माझी, २५ वर्षीय सिर्जन महर्जन र २५ वर्षकै जितेन्द्र महर्जन रहेको एसएसबीको बेतौन्हा बिओपीले जनाएको छ। उनीहरूलाई लागुऔषध ब्राउनसुगर बेच्ने गरेको भारतका बेतौन्हा गाउँका २५ वर्षीय अभिषेक कुमार पनि पक्राउ परेका छन्। १५० ग्राम ब्राउनसुगर, दुई लाख नेपाली रुपैयाँ र उनीहरूले प्रयोग गरेको मोटरसाइकल बरामद गरिएको एसएसबीका ४८औं बाहिनी प्रमुख गोविन्दसिंह भण्डारीले बताए। पक्राउ परेका चारैजनालाई थप अनुसन्धान गर्न हिरासतमा राखिएको भारतीय प्रहरीले जनाएको छ। यो घटनाले सिराहामा नेपाल प्रहरीले पछिल्लो समय गाँजा र ब्राउनसुगरलगायत लागुऔषध कारोबारमा कडाइ गरेपछि युवाहरू छिमेकी देशका विभिन्न बजार जान थालेका देखाएको छ।

■ रेश्मिका मृत फेला प्रकरण

बलात्कारपछि हत्या भएको आशंका

खोटाङमा **केदार लाफा**



दिप्रुङ चुइचुम्मा गाउँपालिका- ४ बतासेकी २७ वर्षीया रेश्मिका शिवा परियारको बलात्कारपछि हत्या भएको आशंकामा शव परीक्षण गर्न धरान पठाइएको छ। स्थानीय अजम्बरी साना किसान कृषि सहकारी संस्थामा कार्यरत रेश्मिका बतासेको ह्याकुले र रमितेडाँडाको बिचमा पर्ने मार्से सामुदायिक वनमा ३० भदौ राति शंकास्पद अवस्थामा मृत फेला परेपछि सर्जमिन मुचुल्का गरेर शव परीक्षण गर्न धनानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको हो।

सहकारीका अध्यक्ष सागर तामाङका अनुसार ३० भदौ अपराह्न आफ्नो काम सकेर कार्यालयबाट हिँडेकी रेश्मिका राति अबेरसम्म घर नपुगेपछि खोजी गर्नेक्रममा सडकभन्दा करिब १५० मिटर तल झाडीमा राति करिब ९ बजे मृत भेटिएकी थिइन्। एक छोरीकी आमा रेश्मिकाको बलात्कारपछि हत्या भएको भन्दै आफन्त तथा स्थानीयले तत्काल अपराधी पत्ता लगाएर कडाभन्दा कडा कारबाहीको माग गरेका छन्।

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा भएको घटना शंकास्पद भएकाले शव परीक्षण गर्न सुविधायुक्त अस्पताल धरान पठाइएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रमुख प्रहरी नायब उपरीक्षक प्रकाश बुढाथोकीले बताए। 'घटनास्थलको प्रकृति हेर्दा रेश्मिकाको बलात्कारपछि हत्या भएको हुन सक्ने अनुमान गरिएको छ। जिल्लामा त्यस्तो अवस्थाको शव परीक्षण गर्ने उपकरण तथा स्वास्थ्यकर्मी छैनन्,' उनले भने, 'हामीलाई छिटोभन्दा छिटो शव परीक्षण प्रतिवेदन चाहिएको छ। मृतकको शव ढिलो परीक्षण गर्दा प्रमाण नष्ट हुन्छ। प्रमाण नष्ट भएमा दोषी उम्कने सम्भावना हुन्छ। त्यसैले छिटो शव परीक्षण प्रतिवेदन प्राप्त गर्न बिपी स्वास्थ्य प्रतिष्ठान पठाएका छौं।'

तराई घर भएका माइती पक्ष आउन ढिला भएकाले राति अबेर मात्र सर्जमिन मुचुल्का गरेर ट्र्याक्टरमार्फत धरान पठाइएको बुढाथोकीले जानकारी दिए। घटनास्थलमा पुगेका प्रत्यक्षदर्शीले दिएको जानकारीअनुसार रेश्मिकाको चप्पल सडकमुनि कुनामा भेटिएको थियो। सडकदेखि शव रहेको स्थानसम्म घिसारिएको र झाडी मडारिएको देखिएको स्थानीयले बताएका छन्। त्योभन्दा केही तल झोला र अन्तर्वस्तु भेटिएको प्रहरीले जनाएको छ। घटनास्थलको सबैभन्दा तल घाँटीमा कालो सललले बेरेको अवस्थामा रेश्मिकाको शव भेटिएकाले बलात्कारपछि हत्या भएको अनुमान गरिएको दिप्रुङ चुइचुम्मा गाउँपालिकाका प्रमुख लोकेन्द्र राईले बताए। 'घटनाको प्रकृति हेर्दा बीभत्स तरिकाले हत्या गरिएको देखिन्छ। यसप्रति गम्भीर अनुसन्धान गर्न जरुरी छ,' उनले भने, 'जिल्लाबाट डिएसपीको नेतृत्वमा खटिएका टोलीले अनुसन्धान गरिरहेको छ।'

घटनाअघि तिरतिरेधाराबाट अपराह्न ४:५३ बजेतिर रेश्मिका र श्रीमान्बिच फोन सम्पर्क भएको जनाइएको छ। रेश्मिकाको बलात्कारपछि हत्या भएको भन्दै एमाले खोटाङका पूर्वअध्यक्ष रामप्रसाद दंगालले अपराधी पत्ता लगाएर कानुनी कारबाही गर्न माग गरेका छन्।

बागमती प्रदेश सभामुख पाठकले दिए राजीनामा



मकवापनुर / बागमती प्रदेश सभामा सभामुख पद रिक्त भएको छ। सभामुख भुवनकुमार पाठकले बुधबार औपचारिक रूपमा पदबाट राजीनामा दिएपछि पद रिक्त भएको हो। २४ भदौमा जेन-जी आन्दोलन चरमोत्कर्षमा पुगेका बेला उनले सामाजिक सञ्जालमार्फत राजीनामा घोषणा गरेका थिए। फेसबुकमार्फत राजीनामा घोषणा गरेका पाठकले बुधबार भने उपसभामुख अप्सरा चापागाईंलाई ह्वाट्सएपमार्फत राजीनामापत्र पठाएका हुन्। उनले नेपालको संविधान र प्रदेश सभा नियमावली, २०७४ बमोजिम उपसभामुखसमक्ष राजीनामा बुझाएको बताएका छन्।

तत्कालीन समयमा प्राविधिक कारणले कानुनी प्रक्रिया पूरा गर्न असहज भएकाले औपचारिक पत्र पठाउन नसकेको स्पष्टीकरण दिँदै पाठकले बुधबार ह्वाट्सएपमार्फत राजीनामापत्र पठाएको बताए। राजीनामापत्रमा पाठकले भ्रष्टाचारविरोधी आन्दोलनका क्रममा भएको अस्वाभाविक बल प्रयोग र त्यसबाट भएको मानवीय क्षतिले आफूलाई अत्यन्त भावविह्वल बनाएको उल्लेख गरेका छन्। पाठकले राष्ट्रशोकमा डुबिरहेका बेला जनताको चाहना र युवा पुस्ताको भावनाविपरीत सभामुख पदमा बसिरहनु उचित नलागेका कारण आफूले राजीनामा दिएको दिएको दाबी गरेका छन्। २८ पुस ०७९ मा एमाले, माओवादी, राप्रपा र एकीकृत समाजवादीको समर्थनमा ६४ मत प्राप्त गरी सभामुख निर्वाचित भएका पाठक राप्रपाको समानुपातिक कोटाबाट प्रदेश सभा सदस्य बनेका थिए।

प्रवीण र साजनको निधनले शोकमा सिलीचोङ

संखुवासभामा **नवीन गुरुङ**

जेन-जी प्रदर्शनका क्रममा संखुवासभाको सिलीचोङ गाउँपालिका- ३ लकुवाका २१ वर्षीय प्रवीण कुलुङ र सिलीचोङ- ५ याफुका ४२ वर्षीय साजन राईले ज्यान गुमाए। बुधबार प्रवीणको शव नेपाली सेनाको हेलिकोप्टरले सिलीचोङ गाउँपालिकाको केन्द्र ताम्कुमा ल्याएर परिवारजनलाई जिम्मा दिए। साजनको शव भने आइतबार नै धरानमा सेनाको हेलिकोप्टरले ल्याई जिम्मा दिएको सिलीचोङ गाउँपालिकाका अध्यक्ष भूपालराज मेवाहाङले बताए। दुवैजना सिलीचोङकै भए पनि केही समयदेखि साजनको परिवार धरानमा बस्ने भएकाले अन्तिम दाहसंस्कारका लागि शव धरानमै जिम्मा दिइएको उनको भनाइ छ।

जेन-जी आन्दोलनमा सहादत प्राप्त गरेकाको शव घरसम्म पुऱ्याउने वर्तमान प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले निर्णय गरेको थियो। प्रवीणको शव सिलीचोङ गाउँपालिका केन्द्र ताम्कुमा कुलुङको पार्थिव शरीरमा गाउँपालिकाका अध्यक्ष मेवाहाङले राष्ट्रिय झन्डा ओढाएका थिए। त्यसपछि सिलीचोङ- ३ लकुवामा कुलुङ जातिको जातीय संस्कारअनुसार कुलुङको अन्त्येष्टि गरिने जनाएको छ।



संखुवासभाको सिलीचोङ गाउँपालिकाका प्रवीण कुलुङ र साजन राईको निधनमा आयोजित श्रद्धाञ्जली सभा।

सिलीचोङ- ३ लकुवाका बालकिशोर र मालती कुलुङको माइलो छोरा हुन् प्रवीण कुलुङ। बालकिशोरका तीनजना छोरा र श्रीमान्-श्रीमती गरी पाँचजनाको परिवार थियो। जेठा छोरा नेपाली सेनामा कार्यरत रही बाग्लुङमा छन्। बुवाआमा गाउँमै कृषि पेसा गर्दै माइलो प्रवीण र कान्छो छोरालाई राम्रो शिक्षादीक्षा दिँदै केही वर्षदेखि काठमाडौंमा बस्दै आएका थिए। प्रवीण कोरिया जाने धोको बोकेर कोरियन कक्षा पढ्दै थिए। देशको बिग्रँदो अवस्था देखेर कोरिया गएर पैसा कमाएर परिवारको दुःखको काँचुली फेर्ने उनले उद्देश्य लिएका थिए।

देशमा व्याप्त भ्रष्टाचार र बेथितिको सिकार बनेको आमनेपालीभैं प्रवीण पनि सोमबार भएको जेन-जी आन्दोलनको समर्थन गर्दै आन्दोलनमा उत्रिए। आन्दोलनका क्रममा गौशालामा प्रहरीको गोली लागेर ज्यान गुमाए। छोराले आन्दोलनमा ज्यान गुमाएको खबरले आमा मालती बेहोस भइन्। बालकिशोर पनि स्थानीय नेता नै हुन्। जनयुद्धमा लडाकु रहेका बालकिशोर विस्तृत शान्ति सम्झौतापछि घर फर्किएर कृषि क्रान्ति गर्दै बसिरहेका थिए। उनी ०७४ र ०७९ को स्थानीय निर्वाचनमा सिलीचोङ- ३ बाट वडाध्यक्षका उम्मेदवार थिए। थोरै मतान्तरले पराजित भए। प्रवीण र साजनको निधनले सिलीचोङ शोकमा डुबेको छ।

जेन-जी आन्दोलनमा ज्यान गुमाएका प्रवीण र साजनको सम्झनामा श्रद्धाञ्जली सभा गरिएको छ। देशको परिवर्तनका लागि ज्यान गुमाउने सहिदहरूको सम्झनामा खाँदबारीको पोखरीबजारस्थित चाँदनीचोकमा श्रद्धाञ्जली सभा आयोजना गरिएको हो।

सेप्टेम्बर विद्रोहले देखाएको नयाँ दिशा

जेन-जीको विद्रोहले नयाँ युगको सुरुवात गरेको हुनाले अब युवाको नेतृत्वमा सुशासन, सामाजिक न्याय र समृद्धितर्फ अघि बढ्नुपर्छ



● इन्द्रप्रसाद गोतामे (जगतजंग)

अग्रलेख

नेपालमा परिवर्तनको लहर चलेको छ। सेप्टेम्बर विद्रोह वा जेन-जी विद्रोहले यही संकेत गरेको छ। जेन-जी आन्दोलनसँगै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दा नयाँ ढंगले मुखरित भएका छन्। देशले कोल्टे फेरेको छ। यो विद्रोहले हाम्रो समाजलाई रुपान्तरणको दिशा देखाएको छ र राजनीतिक प्रणालीमा गम्भीर प्रभाव पारेको छ। आजको संगठनको रूप सामाजिक सञ्जाल हो भन्ने कुरा पछिल्लो जेन-जी विद्रोहले सिकाएको छ।

नेपालको मुख्य समस्या राजनीतिक अस्थिरता हो। शासकीय स्वरूप नै यसको जड हो। यसबाहेक, चरम भ्रष्टाचार, बेरोजगारी, कुशासन, नातावाद र नोकरशाहीतन्त्रले समाजलाई जकडेको छ। बाँच्न र सामान्य रोजगारीकै लागि लाखौँ युवा बिदेसिन बाध्य छन्। पछिल्लो समयमा दुई ठुला दलको दुईतिहाइ बहुमतको सरकारले निरंकुश शैली अपनायो। नीतिगत भ्रष्टाचार, कुलमान घिसिङको निष्कासन, उपसभामुखमाथि महाभियोग प्रस्ताव र सामाजिक सञ्जालमाथि प्रतिबन्धजस्ता कदमले जनतामा निराशा र आक्रोश बढायो। केपी शर्मा ओलीको चरम निरंकुश शासकीय प्रवृत्ति आन्तरिक कारण र विश्व ध्रुवीकरणमा देखा परेको फेरबदल र अन्तर्राष्ट्रिय परिस्थितिअनुसार विश्व शक्ति केन्द्रसँग अपनाउने तटस्थताको ठोस राष्ट्रिय नीतिको अभाव, विदेशमा रहेका नेपालीले नेपालका शासकप्रति बनाएको नकारात्मक धारणाले देश उकुसमुकुसमा थियो भने सरकारले आफ्नो विरोध गरेको झोकमा सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाएपछि जेन-जी युवाले सरकारविरुद्ध विद्रोहको आह्वान गरे। शासकप्रतिको तीव्र घृणाले अप्रत्याशित विद्रोह सफल भयो र त्यसैको धक्काले शासन सत्ता परिवर्तन भयो। मात्र २४ घण्टामा शासकहरूलाई घुँडा टेकाउने स्थिति आयो। जेन-जीले अतुलनीय बलिदान दिए। माओले भनेजस्तै, 'युवा हो, यो संसार तिम्रो पनि हो, हाम्रो पनि हो, अन्ततः तिमीहरूकै हो' भन्ने मान्यताअनुसार विद्रोहले देश निर्माणको जिम्मेवारी युवाको काँधमा सुम्पियो।

२००७ सालदेखि जनयुद्ध हुँदै ०६२/६३ को आन्दोलनले सामन्तवादलाई ढाल्यो। यसले राजनीतिक क्रान्तिको एक चरण पूरा गऱ्यो। तर, यसपछि उत्पादन, उत्पादन र फेरि पनि उत्पादनको नीति लिँदै औद्योगिक क्रान्तिमार्फत अन्तर्निर्भर, आत्मनिर्भर समाजवादउन्मुख पुँजीको विकास गर्दै जनताको अवस्था बदल्नुपर्नेमा दलाल पुँजीवादलाई काखी च्यापेर उपभोक्तावादी पुँजीवाद हाबी हुन पुग्यो। परिणामस्वरूप अस्थिरता, गरिबी, बेरोजगारी र भ्रष्टाचारको दुश्चक्रमा देश फस्यो।

यो अवस्थाबाट मुक्ति आवश्यक थियो। त्यसका लागि हिजोको राजनीतिक क्रान्तिभन्दा फरक ढंगको सामाजिक विद्रोह जन्मियो, जेन-जीका नाममा। यसले समाजलाई मात्र होइन, सबै राजनीतिक दललाई नयाँ ढंले रुपान्तरण गऱ्यो। पुनर्गठनका लागि सोच्न बाध्य गरायो। यो युगको सांस्कृतिक क्रान्तिजस्तो भयो। प्रतिक्रियावादीको 'हेडक्वार्टर' ध्वस्त भयो। लोकतन्त्रको आडमा देशलाई 'आफ्नो बाउबाजेको पेवा'जस्तो मान्दै आएको शासकीय प्रवृत्ति नराम्रोसँग समाप्त भयो।

नेपालीको श्रम, पसिना र करबाट बनेको बजेटबाट तलब खाने कर्मचारी, प्रहरी, सेना, सांसद, मन्त्री किन देशप्रति बफादार छैनन् ? किन खुलेआम भ्रष्टाचार भइरहेको छ ? किन नेपाल विश्वको गरिब देशको लहरमा बस्न बाध्य छ ? सामाजिक सञ्जालमाथि किन प्रतिबन्ध लगाइयो ?

यी प्रश्नको समाधान र स्थायी सरकारका लागि कार्यकारी राष्ट्रपति, प्रधानमन्त्रीको शासकीय स्वरूप निर्माण गर्ने उद्देश्यसहित विद्रोह भयो। निरंकुश शासकले यसलाई निकै खिसिट्युरी गरे, तर भाद्र २३ गते लाखौँ युवा सडकमा उत्रिए। २४ घण्टा बित्दानबित्दै युवा विद्रोह सफल भयो।

तर, जेन-जीको विद्रोहमा प्रवेश गरी प्रतिगामीहरूले विद्रोहलाई 'हाइज्याक' गर्न खोजे, जसले थप परिवर्तन रोकिदियो। देश ध्वंसतिर धकेलिने स्थिति बन्यो। यो विद्रोह भोजभतेर थिएन, न यो विद्रोह चित्रकारिता नै थियो। प्रसव पीडाको बिचबाट- मृत्युलाई जितेर गरिएको महान् धक्का थियो। यस विद्रोहमा दर्जनौँ युवाले सहादत दिएका छन्। हजारौँ घाइते भएका छन्। नयाँ सरकारले मृतकलाई सहिद घोषणा गरिसकेको छ। सहिदको परिवारलाई क्षतिपूर्तिको व्यवस्था पनि गरिसकेको छ। सहादत प्राप्त गर्नुहुने महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली र सम्पूर्ण घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्छु। सत्तामा बसेर निर्दोष युवालाई ताकीताकी गोली प्रहार गरेर हत्या गर्ने सरकारका जिम्मेवार प्रधानमन्त्री, मन्त्री र अन्य अधिकारीमाथि छानबिन गरी दोषी देखिएमा तिनलाई हदैसम्मको कारबाही गरिनुपर्छ। जेन-जी युवा प्रतिगामीहरूको षड्यन्त्रलाई परास्त गर्न एक कदम पछि हटेर पनि देशलाई जोगाउन सफल भएका छन्। उनीहरूको विज्ञान, प्रविधि र परिस्थितिको आकलन गर्ने क्षमता प्रशंसनीय छ। हामीले सोचेका थियौँ, हाम्रो जेन-जी राजनीतिमा छैन। तर, उनीहरूले धक्कामय ढंगले आन्दोलनको कमान्ड सम्हाले र राजनीतिको नेतृत्व गरे। अबको २०-२५ वर्षसम्म नेपालले युवा जनसंख्याको लाभ लिन सक्छ। यो अवस्थाबाट अब चुक्नुहुँदैन।



सफल विद्रोहपछि अन्तरिम सरकारको नेतृत्व जेन-जीले नै लिई विकृति, विसंगति र भ्रष्टाचार अन्त्य गर्दै उत्पादन, उत्पादन र फेरि पनि उत्पादनको नीति लिएर औद्योगिक क्रान्ति गर्नुपर्ने आमजनताको अपेक्षा थियो।

जेन-जीले नै सरकारको नेतृत्व लिनुपर्थ्यो। तर, त्यसो हुन सकेन। यो नयाँ सरकारले पर्दापछाडिका सम्पूर्ण षड्यन्त्रलाई परास्त गर्दै भूराजनीतिक प्रभाव र विश्व अव्यवस्थाको भुमरीबाट देशलाई बचाउनु आवश्यक छ। दक्षिण एसियाको भूराजनीतिक द्वन्द र शक्ति केन्द्रको खेल मैदान बन्नबाट देशलाई रोक्न सकिएन भने यो परिवर्तनको औचित्य समाप्त मात्र हुनेछैन, देशको सार्वभौम सत्तासमेत संकटमा पर्नेछ। त्यसैले, नयाँ सरकार यसमा गम्भीर हुन आवश्यक छ। देशको स्वार्थलाई केन्द्रमा राखेर सन्तुलित कूटनीतिक सम्बन्ध कायम गर्न चुक्नुहुँदैन।

नेपाली इतिहासमा भएका विभिन्न राजनीतिक आन्दोलनका उपलब्धिको रक्षा गर्दै प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्री र प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री तथा पहिचानका आधारमा प्रदेश नामकरण, सानो आकारको विज्ञहरूको मन्त्रिमण्डल (सबै वर्ग, जाति, क्षेत्र, लिंग समेटेर) गठन गर्ने प्रणाली लागू गर्नुपर्छ।। पूर्ण समानुपातिक निर्वाचन प्रणालीद्वारा संसद्को निर्वाचन गरी यसलाई कानुन मात्र बनाउने र सरकारको निगरानी गर्ने संस्था बनाइनुपर्छ।

न्यायपालिका, प्रहरी, सेना, गुप्तचर र अख्तियारलाई पुनर्संरचना गर्नुपर्छ। संवैधानिक निकायलाई अधिकार सम्पन्न बनाउन त्यसका प्रमुखहरू जनताद्वारा योग्यताका आधारमा निर्वाचित गर्ने व्यवस्था हुनुपर्छ। सरकारलाई जननिगरानी र नियन्त्रण गरी जनताको हस्तक्षेपद्वारा जनपक्षीय बनाउने व्यवस्था हुनुपर्छ। आवश्यक परे फिर्ता बोलाउने अधिकारसमेत सुनिश्चित गरिनुपर्छ। निर्वाचनमा विकल्पमा 'नो भोट' अर्थात् म कसैलाई भोट दिन्नँ' भन्ने अधिकार सुनिश्चित गरिनुपर्छ। २० वर्ष पुगेपछिका युवा जनप्रतिनिधि हुन पाउने व्यवस्था हुनुपर्छ।

भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलता अपनाई भ्रष्टाचारीलाई सार्वजनिक पदमा जानबाट प्रतिबन्ध लगाइनुपर्छ। ०४६ पछिको मात्र होइन, त्यसअगाडिका कर्मचारी र मन्त्रीहरूको सम्पत्तिसमेत छानबिन गरी भ्रष्टाचार गरेको पाइएमा राष्ट्रियकरण गरिनुपर्छ। कर्मचारीभित्र मौलाएको नोकरशाहीतन्त्र, पञ्चायती मानसिकता, दैनिक ढेलिभरीमा देखिने ढिलासुस्ती र बिचौलिया तन्त्रको अन्त्य गर्न पूर्ण रूपमा डिजिटल प्रविधि अपनाउनुपर्छ। आजको युगअनुसार आधुनिक 'मेकानिजम' विकास गरी राज्य सञ्चालन गरिनुपर्छ। राज्यको पुरानो शासकीय मानसिकता बदलेर पारदर्शिता, जवाफदेहिता कायम गराउनुपर्छ।

बढ्दै गएको चरम आर्थिक संकटलाई कसरी समाधान गर्ने ? आर्थिक रूपमा दलाल पुँजीवादको अन्त्य गरी उत्पादनमुखी नीतिद्वारा औद्योगिक क्रान्ति, आत्मनिर्भर र अन्तरनिर्भर राष्ट्रिय पुँजी निर्माण गर्नुपर्छ। दलाल पुँजीवादको विकल्प समाजवाद नै हाम्रो दीर्घकालीन समाधान हो। यो हिजोको जस्तो समाजवाद होइन, हिजोबाट सिक्दै आजको समाजवाद लागू गर्नु हो। यो मौलिक वैज्ञानिक समाजवाद हो। सुशासन, सामाजिक न्याय र समृद्धिलाई आधार बनाएर अर्थतन्त्रमा व्यापक संरचनात्मक सुधार गर्नुपर्छ। नेपालले विज्ञान र प्रविधिको अधिकतम उपयोग गरेर पुँजीवादी, साम्यवादी, बहिर्मुखी र व्यवहारवादी अर्थतन्त्रका राम्रा पक्ष समेटेर दलाल र वित्तीय पुँजीवादको घेराबन्दीलाई परास्त गर्दै नेपालको मौलिकतासहितको जनताको सहभागितामा मिश्रित र समाजवादी अर्थतन्त्र विकास गर्नुपर्छ। यो नै त्रिकोणात्मक भूराजनीतिक आर्थिक सन्तुलन कायम गर्ने वैज्ञानिक विधि हो।

आज पुँजीवादको विकल्प स्वतन्त्रता, समानता र भ्रातृत्वसहितको 'नयाँ वैज्ञानिक समाजवाद' बन्दै गएको छ। समुदायलाई बलियो बनाउने 'म र हामी' अर्थात् 'निजी सम्पत्ति र सामूहिक सम्पत्ति'को समायोजन गर्दै समाजवादको नयाँ र उन्नत विकल्पको प्रतिस्पर्धा गर्ने व्यावहारिक बाटो नै आजको वैज्ञानिक समाजवादमा जाने बाटो हो।

नेपाल विषम संक्रमणकालमा छ। पुरानो संसदीय व्यवस्थाको उपज यो संकटबाट मुक्ति आवश्यक छ। लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र हो। राजनीतिक उपलब्धिको रक्षा गर्दै समस्या समाधान गरी विश्व अव्यवस्थाबाट देश जोगाउनुपर्छ। जेन-जीको विद्रोहले नयाँ युगको सुरुवात गरेको छ। अब युवाहरूको नेतृत्वमा सुशासन, सामाजिक न्याय र समृद्धितर्फ अघि बढौँ। जेन-जीको विद्रोह शासकीय रुढीवादभित्रको क्रमभंगता हो। यसले शासकलाई सेवक बन्न प्रेरित गरेको छ। जनप्रतिनिधि शासक होइन, सेवक बनौँ। देश युवाहरूकै हो।

(गोतामे बागमती प्रदेश सभाका सांसद् हुन्)

---

३ प्रश्न

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका पूर्वप्रमुख कार्यकारी अधिकृत **डा. गोविन्दराज पोखरेल**लाई



आन्दोलनका क्रममा सार्वजनिक संरचना ध्वस्त हुनुले हाम्रो विकास निर्माणमा कस्तो प्रभाव पर्ला ?

सार्वजनिक संरचना ध्वस्त हुनुले अन्य आर्थिक गतिविधि बढाउने, उत्पादन वृद्धि गराउने, विकास निर्माणको पैसा पहिले नै बनिसकेका बनिबनाउ संरचना पुनर्निर्माणमा खर्चिनुपर्ने अवस्था सिर्जना भएको छ। यसले गर्दा यसै पनि पछि परिरहेको हाम्रो विकास निर्माण थप ढिलो हुने र पछाडि धकेलिने अवस्था सिर्जना भएको छ। अहिलेको विनाश या ध्वंसले निजी क्षेत्रको मनोबल निकै गिरेको छ। तोडफोडमा संलग्न जेन-जी नभए पनि युवा नै थिए। यसबाट हाम्रो समाज र यहाँका युवा निजी क्षेत्रमैत्री रहेनछन् भन्ने सन्देश गएको छ। हाम्रो निजी क्षेत्रले समाज र सरकार दुवैतिरबाट संरक्षण नपाएको अवस्थाबाट विदेशी लगानी आउने बाटो बन्द हुन सक्छ। राजस्व संकलनमा असर पर्न सक्छ। बैंकको कर्जा असुलीमा समस्या आउन सक्छ। पर्यटक आगमन घट्न सक्छ। आयात थपिने र निर्यात घट्ने अवस्था आउँछ। यसबाट समग्र अर्थतन्त्रमै नकारात्मक असर पर्न सक्छ।

ध्वस्त सार्वजनिक संरचनाहरूको पुनर्निर्माण कसरी गर्न सकिएला ?

अर्थमन्त्रीज्यूले अनुत्पादक क्षेत्रमा जाने टुक्रे आयोजना खारेज गर्ने बताउनुभएकाले त्यसबाट पनि केही स्रोत जुट्न सक्छ। सार्वजनिक खर्च कटौती गर्नुपर्छ। अबका दिनमा सार्वजनिक संरचना बनाउँदा हामीलाई ठिक्क पुग्ने आकारमा बनाउनुपर्छ। विलासी शैलीका भवन या संरचना बनाउनु हुँदैन। आफ्नै कला र मौलिकताको उपयोग गर्नुपर्छ। विभिन्न नाममा बनेका आयोग र समितिलाई खारेज गर्नुपर्छ। सरकारले वैदेशिक अनुदान या ऋणका लागि पनि पहल गर्नुपर्छ।

यसमा नागरिक स्तरबाट चाहिँ कस्तो भूमिका अपेक्षित हुन्छ ?

स्थानीय तह र राजनीतिक दलहरूले श्रमको संस्कृतिलाई प्रोत्साहन गर्ने नीति लिनुपर्छ। दलका कार्यकर्तालाई पनि यस्ता कार्यमा श्रमदान गर्न दलहरूले प्रोत्साहित गर्नुपर्छ। राज्यले लिने नीति सफल पार्न जनस्तरबाटै सघाउनुपर्छ।

प्रेरक प्रसंग

पादरी र किसान

सिमसिम वर्षा भइरहेको थियो। बाहिरी मौसम निकै चिसो थियो। एक किसान आइतबार कैयौँ माइल पैदल हिँडेर पहाडमा रहेको चर्चमा पुगे। चर्चको ढोका बन्द थियो। किसानले चर्को स्वरमा कराउँदै भने- यहाँ कोही हुनुहुन्छ ? किसानको चर्को आवाज सुनेर पादरी बाहिर निस्किए। चर्चबाहिर किसान उभिइरहेको देखेर उनी छक्क परे। उनले भने- निकै जाडो भएकाले आजको प्रार्थनामा कोही आउँछन् भन्ने सोचेकै थिइनँ। त्यही भएर मैले त कुनै तयारी गरेको छैन। के केवल एक व्यक्तिका लागि त्यसरी तयार गर्नु ठिक होला ? उनले किसानतिर हेर्दै थप भने- हामीले आज पूजा छोडेर आ-आफ्नो घर गएर आराम गर्दा कसो होला ?



किसानले भने- सर, म एक साधारण किसान हुँ। म हरेक बिहान परेवालाई चारो खुवाउन पार्कमा जान्छु र त्यहाँ एउटा मात्र परेवा छ भने पनि म उसलाई चारो नखुवाइ फर्किन्नँ। किसानको यस्तो कुरा सुनेर पादरी लज्जित भए। उनले तत्काल मनमनै भगवान्सँग माफी मागे र सबै टेबुल र कुर्सी सफा गरे, प्रत्येक टेबुलमा बाइबल र मैनबत्ती राखे र अरू वेलाजस्तै विधिपूर्वक प्रार्थना गर्न थाले। तीन-चार घण्टापछि प्रार्थना सकियो। पादरीले किसानलाई आफ्नो कर्तव्य सम्झाईदिएकामा धन्यवाद दिए। किसान केही नबोली उठेर जान थाले। त्यो देखेर पादरीले अचम्म मान्दै सोधे- के भयो, प्रार्थनामा केही कमी भयो कि ? किसानले भने- हजुर, म एउटा साधारण किसान हुँ। तर, परेवालाई चारो दिन जाँदा त्यहाँ एउटा मात्र परेवा आयो भने म सबै दाना उसैलाई खुवाउँदिनँ।

किसानको जवाफबाट पादरीले आफ्नो कर्तव्य निभाउनु मात्र नभई परिस्थितिअनुसार निर्णय गर्न पनि सक्नुपर्छ भन्ने शिक्षा पाए। उनले एक व्यक्तिका लागि त्यसैअनुसारको तयारी गरेर प्रार्थना गर्नुपर्ने थियो भन्ने बुझे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

खर्च कटौती तत्काल लागू गर



नयाँ सरकारले खर्च कटौती गर्ने योजना बनाएको समाचार सुन्दा खुसी लाग्यो। यहाँ हरेक सरकारले खर्च कटौती गर्ने, मितव्ययी बन्नेजस्ता गफ नदिने होइन। तर, प्रत्येक सरकारले खर्च कटौती होइन, खर्च बढाउने कार्यमा चाहिँ प्रतिस्पर्धा गरेको देखियो। त्यसैले, यो सरकारले अघि सारेको खर्च कटौतीको प्रस्ताव तत्काल कार्यान्वयन होस्।

● **वामिका सिग्देल**, सामाखुसी, काठमाडौं

खर्च कटौती तत्काल लागू गर्नुपर्छ। राज्यको ढुकुटी दोहोन गर्नबाट बचाउनुपर्छ।

● **जयन्द्र बम**

यसरी पार्टीका मान्छेलाई पोसेर कर्मचारी नियुक्ति गरेर देशको अर्थतन्त्र चुस्ने राजनीति गरेर कर्मचारीतन्त्र नै राजनीति गर्ने अखडा बनाएर डुबाएका रहेछन् यहाँ।

● **हिरा शाही**

लोक सेवा पढिरहेका विद्यार्थी भाइबहिनी पनि अब विदेश जान्न बाध्य हुने भए। अब झन् महँगी र कालोबजारी बढ्ने भयो।

● **टेकबहादुर बिके**

दरबन्दी काटिए पनि केही छैन। यो तलबले मनले चाहेको खान त पुग्दैन। बरु विदेशमा पसिना बगाएपै भएपनि एक लाखसम्म त आउँछ। बरु विदेश जान सहज बनाइदेऊ। म्यानपावर कम्पनीले १० हजार मात्र लिएको देखाएर १५ लाख लिन्छन्। सरकार! यत्ति मात्र सुधार गरिदे।

● **इन्द्र बम**

अब भोलेहरू बेरोजगार हुने भए। अब उफ्रिन थाल्छन्। भोले बनेर देश र जनताका लागि काम गर्दैनथे, ठिकै छ।

● **अच्युत लामा**

(नयाँ पत्रिका फेसबुक पेजबाट)

आगजनी गर्नेलाई कारबाही होस्

'जेन-जी'को आन्दोलनका नाउँमा आगजनी, तोडफोड र लुटपाट गर्ने व्यक्तिलाई पहिचान गरी तत्काल कारबाही होस्। ऐतिहासिक सिंहदरबार जलाएर कसले के पायो ? सिंहदरबार त जो प्रधानमन्त्री भए पनि र जो सरकारमा भए पनि चाहिन्छ, होइन र ? अब त्यो संरचना बनाउन कति खर्च लाग्ला ? त्यो खर्च कहाँबाट ल्याउने ? सर्वोच्च अदालतको भवन र त्यहाँका ऐतिहासिक दस्ताबेजले के बिगारेका थिए, त्यो किन जलाइयो ? सर्वोच्च अदालतमा भएका फाइल जलेर नस्ट भए, अब तिनलाई खोज्न कहाँ जाने ? त्यसैले, यस्ता अराजक तत्वलाई हदैसम्मको कारबाही होस्। जेन-जीको आन्दोलनको आडमा मौकाको फाइदा उठाउने तत्त्वलाई खोजीखोजी कारबाही गरिएन भने भविष्यमा पनि अर्को कुनै आन्दोलनमा पनि घुसपैठ गरेर फेरि तोडफोड, आगजनी र लुटपाट नहोला भन्न सकिन्न।

अराजकहरूले संसद् भवनमा पनि आगो लगाएका छन्। प्रहरी चौकी जलाएर नस्ट पारेका छन्। ती संरचना हाम्रै धरोहर होइनन् र ? यसलाई जलाएर फाइदा कसलाई भयो। त्यति मात्र होइन, देशलाई कर बुझाएर आफ्नो व्यवसाय चलाइरहेका र हजारौँ नेपाली युवालाई रोजगारी दिएका मीनबहादुर गुरुङको व्यवसाय चौपट पारियो। उनले आर्थिक अवस्था कमजोर हुने विद्यार्थीलाई आफ्ना तर्फबाट पढाइदिएका थिए। महाराजगन्जस्थित शिक्षण अस्पतालमा त्यति ठुलो भवन बनाएर सर्वसाधारणलाई उपचार सेवा प्रभावकारी बनाउन सघाएका थिए। यस्ता मान्छेप्रति केको रिस ?

त्यसैले, आन्दोलनको आडमा घुसपैठ गरी आतंक मच्चाउने जोकोही भए पनि तिनलाई पक्राउ गरी कडाभन्दा कडा कारबाही गर्नुको विकल्प छैन।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

ब्राजिलियन लोकतन्त्रको लचिलोपन

बोल्सोनारोविरुद्धको फैसलाले ब्राजिलको अशान्त इतिहासका बाबजुद यसको लोकतन्त्र एक लचिलो र अनुकूलनीय प्रणाली भएको प्रस्ट देखाएको छ



देश / विदेश

● लुकास डे सौजा मार्टिन्स

गत बिहीबार ब्राजिलको सर्वोच्च अदालतको न्यायिक प्यानलले पूर्वराष्ट्रपति जैर बोल्सोनारोलाई आपराधिक समूहको नेतृत्व गरेको र लोकतान्त्रिक शासनको हिंसात्मक उथलपुथलको प्रयास गरेकोलगायत थुप्रै आरोपमा दोषी करार गऱ्यो। उनलाई २७ वर्ष तीन महिनाको जेल सजाय सुनाइएको छ। अभियोजनअनुसार पूर्वराष्ट्रपति बोल्सोनारो र उनको मन्त्रिपरिषद्का सदस्य र सेनाले नोभेम्बर २०२२ मा उनको चुनावी पराजयपछि विद्रोहको योजना बनाउन र वर्तमान राष्ट्रपति तथा राजनीतिक प्रतिद्वन्द्वी लुइज इनासियो लुला दा सिल्भाको हत्याको षड्यन्त्र रचेका थिए। पूर्वराष्ट्रपतिको कार्यलाई ब्राजिलको न्यायपालिकाले सन् २०२३ को जनवरीमा उनका समर्थकले राजधानी ब्रासिलियामा राष्ट्रपति भवन, तल्लो संसद् र सर्वोच्च अदालतमा तोडफोड गर्ने घटनासँग जोडेको छ।

कोलम्बियाली राष्ट्रपति गुस्ताभो पेट्रो र चिलीका राष्ट्रपति गेब्रियल बोरिकजस्ता अन्य ल्याटिन अमेरिकी नेताले फैसलाको स्वागत गरे पनि बोल्सोनारोको कट्टर सहयोगी संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले फैसलाको तत्कालै निन्दा गऱ्यो। अदालतको फैसला आउनुभन्दा केही दिनअघि वासिंटनले ब्राजिलबाट अमेरिका आयात हुने सामानमा ५० प्रतिशत भन्सार शुल्क लगाएर र कथित मानव अधिकार उल्लंघनको प्रसंग उद्धृत गर्दै सर्वोच्च अदालतका न्यायाधीश अलेक्जान्ड्रे डे मोरेसविरुद्ध म्याग्निटस्की ऐनअन्तर्गत व्यक्तिगत प्रतिबन्ध जारी गरेर ब्राजिल सरकारमाथि दबाब बढायो। यो अमेरिकाले बोल्सोनारोको समर्थनमा गरिएको बदला थियो।

तर, ब्राजिल सरकार र संस्थाहरू अडिग रहे। लुलाले उक्त निर्णयलाई 'ऐतिहासिक' भनेर स्वागत गरे र ब्राजिलको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने अमेरिकी प्रयासलाई अस्वीकार गरे। यो फैसला वास्तवमा ऐतिहासिक छ किनकि ब्राजिलका राष्ट्रप्रमुखलाई यस्तो आरोपमा पहिलोपटक दोषी करार मात्र गरिएको होइन, बरु यसले ब्राजिलको अशान्त इतिहासका बाबजुद यसको लोकतन्त्र एक लचिलो र अनुकूलनीय प्रणाली हो भनेर पनि प्रस्ट देखाउँछ।

यो कसै-कसैलाई अचम्म लाग्न सक्छ। आखिर, देशको विगतले अधिनायकवाद र दमनविरुद्धको संघर्षलाई प्रतिबिम्बित गर्छ। पोर्चुगलबाट स्वतन्त्रतापछि १९औँ शताब्दीमा सात दशकको साम्राज्यवादी राजतन्त्रदेखि गणतन्त्रकाल, १९३० को क्रान्ति, अस्थिर संसदीय शासन, शीतयुद्धको समयमा सैन्य तानाशाही र लोकतान्त्रिक युगमा दुई राष्ट्रपतिको महाभियोगसम्म, ब्राजिललाई सजिलै अस्थिर र अप्रत्याशित राज्यका रूपमा दर्ज गर्न सकिन्छ।

यसबाहेक, यो देश भौगोलिक रूपमा यस्तो क्षेत्रमा अवस्थित छ, जहाँ लामो समयदेखि कु, तानाशाही र अधिनायकवाद रहेको छ र त्यसलाई प्रायः अमेरिकाद्वारा समर्थित वा व्यवस्थित गरिएको छ। ब्राजिलको आफ्नै सैन्य तानाशाहीलाई अमेरिकी सरकारले दृढतापूर्वक समर्थन गरेको थियो। वासिंटनले सन् १९६४ को सैन्य कुलाई प्रोत्साहन र समर्थन गरेको थियो, जसले रक्तपातपूर्ण दमनको युगको सुरुवात गऱ्यो, जुन दुई दशकपछि मात्र समाप्त भयो। तैपनि, त्यसपछिको लोकतान्त्रिक प्रणाली राजनीतिक नेताहरूको गलत कार्यका बाबजुद लचिलो साबित भयो।

लोकतान्त्रीकरणको बाटो खोल्ने प्रयासमा सन् १९७९ मा तत्कालीन राष्ट्रपति जोआओ बाप्टिस्टा फिगुइरेडोलले सेनाका कर्मचारी र तानाशाहीका विरोधी दुवैलाई



आममाफी दिने कानुनमा हस्ताक्षर गरे। यसले सैन्य शासनका अपराध ढाकछोप गर्ने र दोषीलाई बचाउने पनि काम गऱ्यो। सन् २०२१ मा बोल्सोनारोले राज्यविरुद्धको अपराधका लागि आममाफीको यो नीति तोड्ने निर्णय गरे। यही प्रावधान सर्वोच्च अदालतले उनीविरुद्धको फैसलामा प्रयोग गरेको हो।

ब्राजिलका अदालतले राष्ट्रपतिको आफ्नै विधायिकी एजेन्डालाई उनीहरूकै विरुद्ध प्रयोग गरेको यो पहिलो घटना होइन। सन् २००५ मा पूर्वराष्ट्रपति लुलाको पहिलो कार्यकालमा संसद्मा भोट किनबेच भएको ठुलो काण्डले देशमा एक प्रकारको कम्पन नै ल्याएको थियो। जनतालाई खुसी पार्ने उनको प्रयासको एक अंशका रूपमा राष्ट्रपतिले २०१० मा क्लिन रेकर्ड कानुन (लेई दा फिचा लिम्पा) लागू गरे, जसले सामूहिक न्यायिक निकाय (एकभन्दा बढी न्यायाधीश) द्वारा दोषी ठहरिएका कुनै पनि उम्मेदवारलाई आठ वर्षसम्म सार्वजनिक पद धारण गर्न अयोग्य बनायो। सन् २०१८ मा भ्रष्टाचारको अभियोगका कारण लुला आफैँलाई आफ्नै कानुनअन्तर्गत राष्ट्रपतिका लागि फेरि उम्मेदवार हुनबाट रोक लगाइयो। अर्थात्, लुलाले ल्याएको कानुन उनीविरुद्ध नै प्रयोग भयो।

दुवै नेतालाई हटाउँदा संस्थागत अस्थिरता निम्तिएन, बरु महत्त्वपूर्ण सुधारका लागि मार्ग प्रशस्त भयो। तीमध्ये १९९४ को प्लानो रियल (वास्तविक योजना) समावेश छ, जसले अन्ततः मुद्रास्फीतिलाई नियन्त्रणमा ल्यायो र २०१७ को श्रम सुधारले विद्यमान श्रम कानुनमाथि रोजगारदाता र कर्मचारीबिचको सम्झौताको प्रधानता स्थापित गऱ्यो। यी उदाहरणले ब्राजिलको राजनीतिक प्रणालीले वैचारिक परिदृश्यमा कानुनी शासनको प्रयोगबाट संस्थागत बल प्राप्त गर्छ भनेर देखाउँछन्।

ब्राजिलको मुद्दाले ल्याटिन अमेरिका अस्थिर र अप्रत्याशित लोकतन्त्रको प्रजनन स्थल हो भन्ने लामो समयदेखिको तर गलत दृष्टिकोणको पुनर्विचारका लागि आह्वान गर्छ। यसले देखाउँछ कि संस्थाले काम गरिरहेका छन् र तिनले आधुनिकता र अनुकूलनशीलता दुवै प्रदर्शन गर्छन्। यसरी ब्राजिलले ल्याटिन अमेरिकी क्षेत्र र बाहिरका अन्य लोकतन्त्रका लागि मूल्यांकनको आधार प्रदान गर्छ।

(मार्टिन्स ल्याटिन अमेरिका र अमेरिकाबिचको कूटनीतिक सम्बन्धका विशेषज्ञ हुन्)
अलजजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

थाइल्यान्डको सत्ता राजनीतिबाट फेरि पाखा लगाइए सिनावात्रा परिवार



● पेट्रा एल्डरम्यान
एल्डरम्यान 'लन्डन स्कुल अफ इकोनोमिक्स एन्ड पोलिटिकल साइन्स'अन्तर्गतको 'स वी हक साउथइस्ट एसिया सेन्टर'की प्रबन्धक हुन् ।



केवल तीन हप्ताको अन्तरालमा सिनावात्रा परिवारले एकपछि अर्को राजनीतिक प्रहार भोग्यो । दुई दशकसम्म थाई राजनीतिको शीर्ष स्थानमा रहेको परिवारको विरासतमै धक्का लाग्ने अवस्था आएको छ । पहिलो प्रहार अगस्टको अन्त्यमा भयो । संवैधानिक अदालतले नैतिक दुराचारका लागि पेटोङटार्न सिनावात्रालाई प्रधानमन्त्री पदबाट हटायो । त्यसको एक हप्तापछि पेटोङटार्नका पिता पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राको वास्तविक नेतृत्वमा रहेको 'फेउ थाई पार्टी'ले सरकार बनाउने प्रयास असफल भयो । त्यसपछि, सेप्टेम्बर ९ मा देशको सर्वोच्च अदालतले भ्रष्टाचार र शक्तिको दुरुपयोगको अभियोगमा थाक्सिनलाई एक वर्षको जेल सजाय सुनाएको थियो ।

यी सबै 'फेउ थाई'ले थाइल्यान्डको रुढिवादी राजतन्त्रवादी-सैन्य प्रतिष्ठानसँग सम्झौता गरेको दुई वर्षपछि भएका विकासक्रम हुन् । सोही सम्झौताले थाक्सिनलाई १५ वर्षभन्दा लामो निर्वासनपछि थाइल्यान्ड फर्कने बाटो खोलेको थियो । सुधारवादी 'मुभ फरवार्ड पार्टी'ले त्यस वर्ष (सन् २०२३) सम्पन्न आमचुनावमा सबैभन्दा धेरै सिट जितेको थियो । तर, पुरातनपन्थी प्रतिष्ठानले तिनलाई पद ग्रहण गर्नबाट रोके । पछि, रुढिवादी संस्थापनकै एक हिस्सा संवैधानिक अदालतले सो दल नै विघटन गरिदियो ।

सिनावात्रा र रुढिवादी प्रतिष्ठानबिचको सम्झौताले सन् २००६ मा सैन्य विद्रोहद्वारा सत्ताबाट हटाइएका र पछि देशबाट भागेका थाक्सिनलाई राजनीतिमा फर्किने अवसर प्रदान गऱ्यो । सम्झौतामै टेकेर फेउ थाईका नेता श्रेथा थाभिसिनको नेतृत्वमा राजावादी र सेना समर्थक दलको गठबन्धन सरकार बन्यो । विगत दुई दशकमा दुईवटा सैन्य र अनगिन्ती न्यायिक विद्रोह सहेको सिनावात्रा परिवारका लागि पछिल्लो प्रहारको तीव्रता र परिणाम उल्लेखनीय छ ।

> के अब थाई राजनीतिमा शिनावात्रा परिवारको प्रभाव अन्त्य होला ? दुईवटा सैन्य कु र पटक-पटकको न्यायिक डन्डा खाएको परिवारका सम्बन्धमा अहिले नै त्यस्तो निष्कर्षमा पुग्नु हतार हुन सक्छ ।

के अब थाई राजनीतिमा सिनावात्रा परिवारको प्रभावको अन्त्य होला ? तर, अहिले नै त्यस्तो निष्कर्षमा पुग्नु हतार हुन सक्छ । थाई राजनीतिको शीर्ष स्थानमा सिनावात्रा परिवारको स्थान सधैँ अनिश्चित रहेको छ । सन् २००६ को सैन्य कुपछि पनि थाक्सिननजिकको दलले चुनाव जितिरह्यो । तर, हरेकपटक न्यायिक हस्तक्षेपले दलको कार्यकाल छिटै टुंग्याइदिन्थ्यो । सन् २०११ मा प्रधानमन्त्री बनेकी थाक्सिनकी बहिनी यिंगलकलाई सन् २०१४ मा अर्को सैन्य कुबाट सत्ताबाट हटाइयो । सेनाले पाँच वर्ष शासन गरेर सन् २०१९ मा गराएको चुनाव फेरि फेउ थाई नै विजयी बन्यो । तर, सेनाले फेरि पनि पार्टीका तत्कालीन नेता सुदारत केयुराफनलाई शासन गर्नबाट रोक्यो ।

रुढिवादी प्रतिष्ठानसँग सन् २०२३ मा भएको सम्झौताले सिनावात्रा परिवारको राजनीतिक भाग्य लामो समय सुधार्न सकेन । एक वर्ष नपुग्दै उनीहरूविरुद्ध कारबाही सुरु भइसकेको थियो । पहिले अगस्ट २०२४ मा संवैधानिक अदालतले प्रधानमन्त्री श्रेथा थाभिसिनलाई पदबाट हटायो । कुनै समय जेल परेका मन्त्रीलाई नियुक्त गरेको सामान्य आरोपमा नैतिकताको ह्रास भन्दै श्रेथालाई अपदस्थ गरिएको थियो । त्यसपछि पेटोङटार्नले पदभार ग्रहण गरिन् । र, फेरि एक वर्षभित्रै पेटोङटार्न पनि अपदस्थ भइन् ।

छिमेकी कम्बोडियासँग भएको सीमाविवाद समाधान गर्न पूर्वकम्बोडियाली प्रधानमन्त्री हुन सेनसँग गरेको फोनसंवाद बाहिरिनु पेटोङटार्नको पतनको कारण बन्यो । सो फोनमा उनले सीमा क्षेत्रको निरीक्षण गर्ने थाई सैन्य जनरलको आलोचना गरेको सुनिन्छ । बढ्दो राष्ट्रवाद र सेनाको बढ्दो लोकप्रियताको समयमा पेटोङटार्न देशलाई कमजोर बनाउने नेताको रूपमा चित्रित भइन् । पेटोङटार्नविरुद्ध आमआक्रोश देखिँदा कानुनी चुनौती पनि बढ्न थाले । जुलाई १ मा नैतिक दुर्व्यवहारको अनुसन्धानका लागि उनलाई प्रधानमन्त्री पदबाट निलम्बन गरियो । सँगसँगै राजतन्त्रको अपमान गरेको आरोपमा थाक्सिनविरुद्ध लागेको एक वर्षको जेल सजायमाथि पुनः सर्वोच्च अदालतमा मुद्दा सुरु गरियो । अगस्ट २०२३ मा थाइल्यान्ड फर्किएपछि जेल सजाय भोग्नबाट बच्न थाक्सिनले सो अवधि अस्पतालमा बिरामी भएर बिताएका थिए । त्यसलाई जेलमा बसेको मानिने या नमानिने भन्ने मुद्दा परेको थियो ।

शक्तिहीन

पेटोङटार्नविरुद्ध मुद्दा परेदेखि नै उनी अपदस्थ हुने व्यापक रूपमा अपेक्षा थियो । तर, त्यसपछि पनि फेउ थाई सरकारमै रहने अनुमान थियो । फेउ थाई पार्टीले चाइकासेम नितिसिरीलाई प्रधानमन्त्री उम्मेदवारका रूपमा अघि सारेको थियो । पेटोङटार्नको बर्खास्तीपछि उनी नै प्रधानमन्त्री बन्ने पर्यवेक्षक बताइरहेका थिए । तर, अन्तिम समयमा फेउ थाईसँग गठबन्धन गरेको रुढिवादी भुमजैथाई पार्टीले द्रुत गतिमा वैकल्पिक गठबन्धन बनायो । उसलाई सरकार गठन गर्न कुनै समय विघटन गरिएको मुभ फरवार्डको उत्तराधिकारी पार्टी पिपुल्स पार्टीले सम्झौता गऱ्यो ।

फेउ थाईलाई लागेको यो झट्काको असर लामो हुन सक्छ । पछिल्ला घटनाक्रमले रुढिवादी संस्थापन थाक्सिन र सिनावात्राबाट टाढिएको संकेत गर्छ । थाक्सिनको सन् २०२३ को सम्झौता दुई कुरामा आधारित थियो, सिनावात्राको चुनाव जित्ने र थाइल्यान्डको अर्थतन्त्रलाई पुनर्जीवित गर्ने निरन्तर क्षमता । पछिल्लो समय फेउ थाई दुवै कुरामा कमजोर भएको छ । पार्टीको घट्दो लोकप्रियतालाई ध्यानमा राख्दै देशको रुढिवादी संस्थापनले युवा जमातबाट आइरहेको थप सुधारको मागको चुनौतीविरुद्धको लडाइँमा पार्टीलाई उपयोगी र सहयोगी नदेखेको हुन सक्छ ।

सन् २०१४ को सैन्य कुपछि थाइल्यान्डका युवा पुस्ता राजनीतिक रूपमा बढी सक्रिय हुन थालेका थिए । संस्थापनविरुद्ध पटक-पटक हारेका सिनावात्राको ढाँचाबाट निराश भएर तिनले नयाँ सुधारवादी दललाई समर्थन गर्न थाले । यही शक्तिले सन् २०२० र २०२२ को बिचमा बलियो विरोध प्रदर्शन आयोजना गर्ने स्थितिमा पुगिसकेको थियो । शक्ति यति बलियो बनिसकेको थियो, यसले कुनै समयमा आलोचनाभन्दा माथि ठानिएको राजतन्त्रलाई समेत चुनौती दियो । त्यो मुभ फर्वार्ड पार्टी हुँदै अहिले पुपिल पार्टीको रूपमा गोलबन्ध भएको छ ।


अस्पतालमा बसेको एक वर्षको अवधिलाई नमान्ने र थाक्सिनलाई जेल पठाउने सर्वोच्च अदालतको निर्णयले सिनावात्राहरूलाई अर्को झट्का दिएको छ । यद्यपि, यसले उनको पूर्ण राजनीतिक विनाशको प्रतिनिधित्व गर्दैन । शाही माफीका लागि आवेदन दिएर थाक्सिनको जेलको समय घटाउन सकिने विकल्प अझै विद्यमान छ । सर्वोच्च अदालतले फैसला गर्नुभन्दा केही दिनअघि थाक्सिनले अचानक देश छाडे । सुरुमा सिंगापुरमा मेडिकल चेकअपमा गएको ठानिएकोमा पछि उनी दुबईमा देखिए । विगतमा उनी लामो समय निर्वासनमा रहँदा बसेको ठाउँ हो, दुबई । आफूविरुद्ध प्रतिकूल फैसला आउने आशंकामा उनी भागेको शंका उत्पन्न भयो । तर, धेरैलाई आश्चर्यचकित पार्दै फैसलाको समयमा उनी अदालतमा हाजिर भए । उनले फैसलालाई विनाअवज्ञा वा प्रतिशोध स्वीकार गरेका छन् । फैसलापछि उनले आफ्नो बाँकी जीवन राजतन्त्र, राष्ट्र र थाई जनताको सेवामा समर्पित गर्ने प्रतिक्रिया दिए ।

थाक्सिनको देशफिर्तीले सबै चुनौतीका बाबजुद थाई राजनीतिमा उनी र उनको परिवारका लागि अझै केही ठाउँ रहेको आकलन गरेको संकेत गर्छ । एक अनुभवी राजनीतिज्ञको रूपमा उनले भावी पुनरागमनका लागि जे पनि गर्न सक्छन् । हाल अल्पसंख्यक सरकारको नेतृत्व गरिरहेको भुमजैथाईले आफूलाई रुढिवादी संस्थापनप्रति बढी भरपर्दो साझेदार साबित गऱ्यो भने सिनावात्राहरू स्थायी रूपमा किनारामा पारिन सक्छन् । सिनावात्रा परिवारको साथसहित वा साथविना थाइल्यान्डको वास्तविक लोकतन्त्रको सम्भावना सीमित रहन्छ ।

-द कन्भर्सेसनबाट

चिकित्सकले होइन, विश्वनेताले मात्र रोक्न सक्छन् इजरायली नरसंहार

गाजामा हरेक दिन एक हजार ११८ सहकर्मी काम गरिरहेका छन्, उनीहरूले नरसंहार रोक्न सक्दैनन्, तर विश्व नेताहरूले चाहे भने यो नरसंहार रोकिन्छ



● क्रिस्टोफर लकइयर
लकइयर 'डाक्टर्स विदाउट बोडर्स'का महासचिव हुन् ।



गाजा सहर खाली गर्न आपत्कालीन आदेश प्राप्त भएपछि गाजाका दश लाखभन्दा बढी मानिसले नयाँ आतंकको सामना गरिरहेका छन् । लाखौँ नागरिक अझै पनि भित्र फसिरहेकै समयमा इजरायली सेनाले आफ्नो स्थल आक्रमण सुरु गरेको छ । वृद्ध, गम्भीर रूपमा अस्वस्थ, घाइते र गर्भवतीलाई भाग्न असम्भवजस्तै छ । यस्तोमा यो समूहलाई मृत्युदण्डको सजाय सुनाइए जस्तो भएको छ । भाग्न खोज्ने मानिस तीव्र बमबारीका कारण उम्कन सकेका छैनन् ।

भागेर जाने क्रममा यात्रामा बचेका मध्य र दक्षिणी गाजाको भिडभाड भएका क्षेत्रमा पुग्नेछन् । त्यहाँ उनीहरूले न त सुरक्षा पाउनेछन्, न त उनीहरूलाई बाँच्नका लागि आवश्यक आधारभूत कुरा नै उपलब्ध हुनेछ । लगभग दुई वर्षको चरम क्रूरताले चरम पीडामा धकेलिएका गाजावासीले विपत्तिको सामना गर्नुपरेको छ । गाजामा जे भइरहेको छ, त्यो केवल मानवीय विपत्ति मात्र होइन । यो मानिसको व्यवस्थित विनाश हो । यस विपत्तिबारे 'डाक्टर्स विदाउट बोडर्स' स्पष्ट छ की इजरायलले गाजामा प्यालेस्टिनीविरुद्ध पूर्ण दण्डहीनताका साथ नरसंहार मच्चाइरहेको छ ।

गाजामा युद्धका कारण मानव मृत्युको संख्या डरलाग्दो छ । गाजाको स्वास्थ्य मन्त्रालयको पछिल्लो तथ्यांकअनुसार २० हजार बालबालिकासहित ६४ हजाराभन्दा बढी मानिस मारिएका छन् । अस्पताल, विद्यालय र घरहरूको भग्नावशेषमुनि धेरै मानिस फसेकालेवास्तविक मृत्युको संख्या बढी हुन सक्छ । गाजामा कहीँ पनि सुरक्षित स्थान छैन । घरमा आश्रय लिँदा सम्पूर्ण परिवारको कत्लेआम गरिएको छ । बिरामीको हेरचाह गर्दा स्वास्थ्यकर्मी मारिएका छन् । पत्रकारलाई सत्यको साक्षी बनेको भन्दै निसाना बनाइएको छ । इजरायली सेनाले गाजामा सबै स्थान र सबैमाथि आक्रमण गरेको छ ।

खुला युद्धभूमिमा प्रयोग गर्न डिजाइन गरिएका उच्च-तीव्रताका हतियार (जुन संयुक्त राज्य अमेरिका र युरोपेली सरकारले इजरायललाई बेचेका हुन्) घना बस्ती भएका सहरी क्षेत्रमा प्रयोग भइरहेको छ । परिणामस्वरूप हामी विनाशकारी चोटपटकको उपचार गरिरहेका छौँ । इजरायली अधिकारीले व्यवस्थित रूपमा गाजाको स्वास्थ्य सेवा प्रणालीलाई लक्षित गरेका छन् । अस्पतालमा बम विस्फोट, चिकित्सा सुविधामा छापा मार्ने र कर्मचारी र बिरामीको जीवनलाई खतरामा पार्नेलगायत युद्ध अपराधका कार्य भएका छन् ।

> राज्यहरूले तुरुन्तै युद्धविराम सुनिश्चित गर्नुपर्छ । घेराबन्दी हटाउनुपर्छ र इजरायली अधिकारीले ठुलो मात्रामा स्वतन्त्र मानवीय सहायताको तत्काल र निर्बाध वितरणका लागि अनुमति सुनिश्चित गर्नुपर्छ ।

अस्पतालमा बिरामीको थेग्ने नसक्ने चाप र स्रोतसाधनको अभाव छ । बिरामी बेसहारा बनेका छन् र मृत्युवरण गरिरहेका छन् । हाम्रा बाह्र सहकर्मी मारिएका छन् । एमएसएफ अर्थोपेडिक चिकित्सक डा. मोहम्मद ओबेद अक्टोबरदेखि इजरायलको हिरासतमा छन् । अहिलेसम्म जम्माजम्मी १५ सयभन्दा बढी स्वास्थ्यकर्मी मारिएका छन् । घाइते परिवार र गाजाको घेराबन्दीमा परेको स्वास्थ्य प्रणालीका लागि त्यो एक विनाशकारी क्षति हो ।

नरसंहार युद्धको प्रभाव प्रत्यक्ष आक्रमणभन्दा बाहिर फैलिएको छ । इजरायली अधिकारीले जानाजानी गाजालाई उकुसमुकुस बनाएका छन् । पूर्ण घेराबन्दी गरेका छन् । इन्धन, पानी, खाना र चिकित्सा आपूर्तिमा गम्भीर प्रतिबन्ध लगाएका छन् । सुनियोजित भोकमरीसहित सामूहिक दण्डको नीतिले आफ्नो क्रूर उद्देश्य हासिल गरेको छ । अनिकाल घोषणा गरिएको छ । गाजामा हाम्रा क्लिनिकमा हालै गरिएको एक सर्वेक्षणले देखाएको छ कि २५ प्रतिशत गर्भवती वा स्तनपान गराउने महिला कुपोषित थिए ।

उपलब्ध सीमित खाद्य सहायतालाई समेत हतियार बनाइएको छ । इजरायलद्वारा सञ्चालित अमेरिकी वित्त पोषित अभियानले १४ सयजनाको मृत्यु र चार हजारजना घाइते बनाएको छ । खाना लिन जाँदा छातीमा गोली लागेका बालबालिका र भागदौडमा कुल्चिएका वा निसास्सिएका मानिसको हामीले उपचार गरेका छौँ । क्रूरताको यो स्तर अविवेकी छ । पानीको नियोजित अभावले रोगलाई बढावा दिइरहेको छ । गत महिना एमएसएफले चार हजारजनालाई झाडापखालाको उपचार गऱ्यो । एमएसएफले सफा पिउने पानीको आपूर्ति बढाउन सक्ने भए पनि वितरणमा रोक लगाइएको छ ।

यसबिच नियन्त्रित पश्चिम किनारमा राज्यद्वारा गरिएको हिंसा तीव्र गतिमा बढिरहेको छ । पश्चिम किनारको जनसांख्यिकीय संरचना परिवर्तन गर्न बनाइएका नीतिहरूको अंशको रूपमा जग्गा चोरी, जबर्जस्ती विस्थापन र समुदायमाथि आक्रमण तीव्र हुँदै गइरहेका छन् । इजरायललाई राजनीतिक, सैन्य वा भौतिक वा मौन समर्थन गरेका विश्वभरका सरकार नरसंहारमा संलग्न छन् । प्रतिक्रिया दिन उनीहरूको नैतिक र कानुनी दायित्व छ । यसको अर्थ यी अत्याचार रोक्न उपलब्ध हरेक राजनीतिक, कूटनीतिक र आर्थिक उपाय उपयोग गर्दै वास्तविक राजनीतिक दबाब दिनु हो, खोक्रो शब्द होइन ।

राज्यहरूले तुरुन्तै युद्धविराम सुनिश्चित गर्नुपर्छ । घेराबन्दी हटाउनुपर्छ र इजरायली अधिकारीले ठुलो मात्रामा स्वतन्त्र मानवीय सहायताको तत्काल र निर्बाध वितरणका लागि अनुमति सुनिश्चित गर्नुपर्छ । चिकित्सा सुविधा र स्वास्थ्यकर्मीलाई सुरक्षित राख्नुपर्छ । मानिसको ठुलो मात्रामा जबर्जस्ती विस्थापन बन्द गर्नुपर्छ । छोड्न चाहने मानिस र विशेषज्ञ हेरचाहको तत्काल आवश्यकता भएका बिरामीलाई बाहिर निकाल्न अनुमति दिन सिमाना खोल्नुपर्छ । अक्टोबर २०२३ मा हमासले गरेका आक्रमण भयानक थिए । मनमानी हिरासतमा राखिएका प्यालेस्टिनीसित बाँकी रहेका सबै बन्दीलाई पनि घर फर्कन अनुमति दिनुपर्छ । प्यालेस्टिनीको लागि आक्रोश र ऐक्यबद्धता व्यक्त गर्ने देशले अरूलाई काम गर्नका लागि राजनीतिक दबाब दिनैपर्छ ।

हरेक दिन गाजामा काम गर्ने हाम्रा एक हजार ११८ सहकर्मीले विनाशकारी वास्तविकताको सामना गर्छन् । उनीहरूले नरसंहार रोक्न सक्दैनन् । तर, विश्व नेताहरूले कदम चाल्न चाहे भने यो नरसंहार रोक्न सक्छन् । यो अथक र चरम हिंसाको दुई वर्षको वार्षिकोत्सव नजिकिँदै गर्दा यसलाई अन्त्य गर्न आवश्यक राजनीतिक विकल्पको प्रयोग गर्न अब धेरै ढिलो भइसकेको छ ।

- अलजजिराबाट

इतिहासमा आज



सन् १९६१ : कंगो संकटबारे वार्ता गर्न गएको संयुक्त राष्ट्र संघको चार्टर्ड विमान नर्दन रोडेसिया (हालको जाम्बिया)को नदोलामा दुर्घटनाग्रस्त भयो । दुर्घटनामा संयुक्त राष्ट्र संघका दोस्रा महासचिव ड्याग ह्यामरसोल्डसहित विमानमा रहेका १६ जनाको ज्यान गयो ।

सन् १७९३ : तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज वासिंटनले वासिंटन डिसीमा संसद् भवन (क्यापिटल हिल)को जग हाल्दै निर्माण सुरु भएको घोषणा गरे ।

सन् १८१२ : रुस आक्रमण गर्न गएका नेपोलियनलाई रोक्न वा सुस्त बनाउन रुसी फौजले मस्को सहर खाली गरेर सहरमा लगाइदिएको डढेलो पाँच दिनपछि यसै दिन रोकियो ।

सन् १९१४ : बेलायतभित्रै स्वशासित आयरल्यान्डको व्यवस्था गरेको 'आइरिस होम रुल' विधेयकलाई शाही अनुमति प्राप्त भयो ।

सन् १९४७ : अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानले जुलाईमा स्थापना गरेको गुप्तचर निकाय 'सेन्ट्रल इन्टिलिजेन्स एजेन्सी (सिआइए)' औपचारिक रूपमा अस्तित्वमा आयो ।

सन् १९७७ : अमेरिकी अन्तरिक्षयान 'भोयाजर प्रथम'ले पहिलोपटक पृथ्वी र चन्द्रमा एउटै फ्रेममा आउने गरी तस्बिर खिच्यो ।

सन् १९८० : सोभियत अन्तरिक्षयान सोयुज ३८ मा चढेर क्युवाका अन्तरिक्षयात्री आनाल्डो तामायो अन्तरिक्ष पुगे । योसँगै तामायो अन्तरिक्ष पुग्ने पहिलो अश्वेत दक्षिण अमेरिकी बने ।

सन् १९८२ : साब्रा-सातिला नरसंहार-इसाई मिलिसियाले लेबनानमा शरण लिइरहेका कम्तीमा ७०० प्यालेस्टिनी शरणार्थीको हत्या गरे ।

सन् २०१४ : स्कटल्यान्ड बेलायतबाट अलग गर्न भएको जनमतसंग्रहमा ५५ प्रतिशत मतदाताले बेलायतमा रहने पक्षमा मत दिएपछि असफल भयो ।

ट्रम्प बेलायतको राजकीय भ्रमणमा, लन्डनका मेयरसहित धेरैले गरे विरोध



लन्डन/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र प्रथम महिला मेलानिया ट्रम्प बेलायतको राजकीय भ्रमणका लागि मंगलबार साँझ लन्डनमा अवतरण गरे । बेलायतमा ट्रम्पले राजा चार्ल्सले आयोजना गर्ने कार्यक्रमका अतिरिक्त सैन्य परेडको अवलोकन गर्नेछन् । ट्रम्पको नीति र अभिव्यक्तिका लागि भ्रमणमा उनको विरोध पनि हुनेछ । 'स्टप ट्रम्प कोलिसन' नामक समूह मंगलबार विन्डसरमा विरोध प्रदर्शनका लागि भेला भएको थियो । समूहले बुधबार मध्य लन्डनमा अर्को प्रदर्शनको योजना बनाएको छ ।

उता भ्रमणको अवसरमा 'द गार्जियन'मा एक लेख लेख्दै लन्डनका मेयर सादिक खानले पनि अमेरिकी राष्ट्रपतिको नीतिको आलोचना गरेका छन् । उनले अमेरिकी सहरमा सेना तैनाथ गर्ने र अल्पसंख्यकलाई लक्षित गर्ने ट्रम्पको कदम 'विशुद्ध निरंकुश कदम' भएको बताए । मेयर खानले अमेरिकासँग राम्रो सम्बन्ध कायम राख्नुको व्यावहारिक कारण बुझेको भए पनि बेलायतले आफ्ना सहयोगीसँग मिलेर 'विश्वभर नै विभाजनकारी, अति-दक्षिणपन्थी राजनीतिको बढावामा पछिल्लो समय सबैभन्दा धेरै योगदान गरेका नेता (ट्रम्प)को आलोचना गर्न डराउन नहुने' लेखेका छन् ।

ट्रम्पले सन् २०१९ मा पहिलो बेलायत भ्रमण गर्दा पनि मेयर खान र ट्रम्पले एक-अर्काविरुद्ध सार्वजनिक टिप्पणी गरेका थिए । मंगलबार लगभग ७० प्रदर्शनकारी ट्रम्पको विरोधमा विन्डसर दरबारबाहिर भेला भएका थिए । अमेरिकी राष्ट्रपतिको बेलायत बसाइ अवधिभरि योजनाबद्ध प्रदर्शनको तयारी गरेको बताइएको छ । प्रदर्शनकारीले राष्ट्रपति ट्रम्पको विरोधमा लेखिएका प्लेकार्ड र ब्यानर बोकेका थिए । 'स्टप ट्रम्प कोलिसन'का प्रवक्ता जेक एटकिन्सनले आफूहरूको विरोधबारे प्रस्ट्याउँदै भने, 'डोनाल्ड ट्रम्पको राजनीति फासीवाद र अधिनायकवादको राजनीति हो ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २ असोज ०८२

पर्यटन क्षेत्रको पुनरुत्थान तयारीमा सरकार र निजी क्षेत्र

■ जेन-जी आन्दोलनपछि पर्यटक आगमन ४० प्रतिशतले घट्यो, बुकिङ रद्द बढ्न थालेपछि पर्यटन क्षेत्रको द्रुत पुनरुत्थानको प्रयासमा जुटे सरकार र निजी क्षेत्र

■ जेन-जी आन्दोलनका क्रममा २४ होटेल, दुई केबलकार र केही रेस्टुरेन्टमा आक्रमण, तर पर्यटक सुरक्षित, नेपाल सुरक्षित रहेको सन्देश दिन डिजिटल प्लाटफर्मदेखि कुटनीतिसम्मको प्रयोग

कृष्ण रिजाल/नयाँ पत्रिका

गत २३ र २४ भदौको जेन-जी आन्दोलनका कारण पर्यटक आगमन घट्न थालेपछि सरोकारवालाहरू पर्यटन क्षेत्रको द्रुत पुनरुत्थानका लागि जुटेका छन् । पर्यटक आगमन घट्न नदिन, बुकिङ रद्द रोक्न र विश्वबजारमा नेपाल सुरक्षित रहेको भन्दै सकारात्मक सन्देश प्रवाह गर्न सरकार र निजी क्षेत्रले कसरत सुरु गरेका हुन् ।

आन्दोलनका क्रममा २४ होटेल, दुई केबलकार र केही रेस्टुराँमा तोडफोड, लुटपाट तथा आगजनी गरिएको थियो । यद्यपि, पर्यटकलाई भने कुनै भौतिक आक्रमण गरिएको थिएन । उक्त घटनापछि नेपाल आउने पर्यटकको संख्या घट्नुका साथै होटेल बुकिङ रद्द गर्ने संख्यासमेत बढेको छ । बुकिङ रद्दका लागि चासो बढ्न थालेपछि त्यसलाई रोक्न तथा पर्यटक आगमन अझ बढाउन सरकार र निजी क्षेत्र रणनीतिक रूपमा लागिपरेको नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले बताए ।

बोर्डले आन्दोलन र त्यसक्रममा भएका घटनाले पर्यटन क्षेत्रमा पारेको तत्कालीन प्रभावका विषयमा प्रारम्भिक अध्ययन समेत गरिसकेको छ । आन्दोलन हुनुअघि ८ सेप्टेम्बरसम्म नेपामला पर्यटन आगमन दैनिक तीन हजार तीन सय हाराहारी थियो । ९ सेप्टेम्बरदेखि १५ सेप्टेम्बरसम्म दैनिक एक हजार चार सय हाराहारी पर्यटन आगमन भएको बोर्डले जनाएको छ । 'दुई दिन एयरपोर्ट बन्दसमेत भएको थियो । यसलाई समेत हिसाब गर्दा पर्यटन आगमन ४० प्रतिशतजतिले घटेको देखिन्छ । अझै एक साता प्रभाव रहन्छ,' जोशीले भने, 'त्यसपछि क्यान्सिलेसन कम हुने र पर्यटक आगमन बढ्न सक्ने अनुमान गर्न सकिन्छ ।'

पर्यटक आगमन अझ नघटोस्, बुकिङ रद्द नहोस् तथा नायाँ पर्यटक आर्षित होऊन् भन्ने हेतुले छलफल एवं प्रचारप्रसार, डिजिटल प्लाटफर्मको उपयोग, कूटनीतिक नियोगको प्रयोगलगातय काम भइरहेका उनले बताए । अहिले पर्यटक पर्ख र हेरको स्थितिमा रहेको बुझिन्छ । उनीहरूले व्यापक चासो र सोधपुछ गरिरहेको होटेल संघ नेपाल (हान)का अध्यक्ष विनायक शाहले बताए । 'चुनावी सरकार बनेर अवस्था सामान्य बन्दै गएपनि पर्यटकहरू अझै ढुक्क हुन सकेको अवस्था छैन, त्यसैले हामीले नेपाल सुरक्षित छ, पर्यटक सुरक्षित हुन्छन् भन्ने सन्देश प्रवाह गर्ने प्रयास गरिरहेका छौं' उनले भने, 'अहिले यहाँ घुमिफिरमा रहेका पर्यटकलाई उनीहरूको उद्देश्य पुरा गराउन सघाउने, क्यान्सिलेसनका लागि सोधपुछ गर्नेलाई प्रत्याभुति दिलाउने र नयाँ पर्यटकलाई आकर्षित गराउने मुख्य तीन रणनीतिका साथ काम गरिरहेका छौं ।'

पर्यटक सुरक्षित रहेको सन्देश

जेन-जी आन्दोलनका क्रममा देशले ठुलो जनधन गुमायो । ७४ जनाको मृत्यु भएको पुष्टि भइसकेको छ । त्यस्तै, सरकारी भवन, निजी व्यवसाय र आवासमाथि आक्रमण गरियो । तर, पर्यटकमाथि भने कुनै अप्रिय घटना भएन । यसबाट नेपालमा पर्यटक सुरक्षित हुने सन्देश प्रवाह भएको बोर्डका सिइओ जोशीले बताए । हाल नेपालमा १५ हजार हाराहारी पर्यटक घुमफिरमै छन् । 'प्रदर्शनकै क्रममा आन्दोलनकारीले पर्यटक बसलाई सुरक्षित रूपमा जान दिएको देखिन्छ, पर्यटकमाथि कुनै पनि आक्रमण भएन, यसले विश्व पर्यटन क्षेत्रमा नेपालका बारेमा सकारात्मक सन्देश गएको छ,' उनले भने । जोशीका भनाइमा हानका अध्यक्ष शाहसमेत सहमत छन् । उनी भन्छन्, 'दसवर्षे जनयुद्ध, ०६२/६३ को जनआन्दोलन र पछिल्लो जेन-जी आन्दोलनलगायत सबैखाले घटनामा पर्यटकलाई नियतवश आक्रण गरिएको देखिदैन, यो नेपालका लागि प्लसप्वाइन्ट हो ।'

नेपाल सुरक्षित रहेको सन्देश विश्वभर प्रवाह गरिरहेका छौं



● **दीपकराज जोशी**, प्रमुख कार्यकारी अधिकृत, नेपाल पर्यटन बोर्ड

जेन-जी आन्दोलन र त्यसक्रममा भएका घटनाले पर्यटनमा पारेको तत्कालीन प्रभावका विषयमा प्रारम्भिक अध्ययन गरिसकेका छौं । त्यसबाट नेपालमा पर्यटन आगमन करिब ४० प्रतिशतले घटेको र विश्वबजारमा नकारात्मक सन्देश गएको पायौं । अझै एक साता प्रभाव रहन्छ । त्यसपछि क्यान्सिलेसन कम हुने र आगमन बढ्न सक्ने अनुमान गर्न सकिन्छ । हामीले पर्यटन क्षेत्रको छिटो पुनरुत्थानका लागि अहिले काम गरिरहेका छौं । हामीले आन्दोलनकै क्रममा पनि पर्यटकमाथि कुनै अप्रिय घटना नभएको, पर्यटकहरू सुरक्षित रहेको सन्देश प्रवाह गरिरहेका छौं ।

पर्यटनको छिटो पुनरुत्थानका लागि प्रयासरत छौं



● **विनायक शाह**, अध्यक्ष, होटेल संघ नेपाल (हान)

जेन-जी पुस्ताले सुशासन, विकास र परिवर्तनका लागि ठुलो आन्दोलन गर्नुभयो, त्यसबाट नेपालमा ठुलो जनधनको क्षति भयो, तर पर्यटकलाई कुनै आक्रमण भएन, उहाँहरू सुरक्षित हुनुन्छ । तर, विश्वबजारमा नकारात्मक सन्देश गइसकेको छ । त्यसैले, अहिले हामी सरकार र निजी क्षेत्र मिलेर यहाँ रहेका पर्यटकलाई सुरक्षित घुमफिर गराउने, क्यान्सिलेसन कम गराउने, थप पर्यटकलाई लोभ्याउने प्रयास गरिरहेका छौं । सेप्टेम्बरदेखि अप्रिलसम्म पर्यटनको सिजन हो । त्यसैले हामीले छिटो पुनरुत्थान गर्नैपर्छ, हामी प्रयासरत छौं । विदेशमा रहेका नेपाली कूटनीतिक नियोग, एनआरएनए, नेपालस्थित विदेशी दूतावासलगायतमार्फत सकारात्मक सन्देश प्रवाह गर्नुपर्छ ।

■ सरकारी पहलको खाचो

निजी क्षेत्रले सरकारले पर्यटन क्षेत्रको द्रुत पुनरुत्थानका लागि प्रभावकारी पहलकदमी लिनुपर्ने बताएका छन् । यही २७ सेप्टेम्बर (११ असोज)मा विश्व पर्यटन दिवस रहेको छ । उक्त दिवसअघि नै प्रधानमन्त्रीको तहबाट नेपाल सुरक्षित रहेको भन्दै पर्यटकलाई आह्वान गर्दा उपयुक्त हुने हानका अध्यक्ष शाह बताउँछन् । हालै भएको आन्दोलन र त्यसक्रममा घटेका घटनालाई ध्यानमा राखेर अमेरिका, क्यानडालगायत थुप्रै देशले ट्राभल एडभाइजरी जारी गरेर नेपाल घुम्न निरुत्साहित गरेका छन् । सरकारले कूटनीतिक पहल गरेर त्यस्ता ट्राभल एडभाइजरी हटाउन वा थप खुकुलो बनाउन प्रयास गर्नुपर्ने उनको भनाइ छ ।



■ पुनरुत्थानका लागि ऐक्यबद्धता

गत सोमबार पर्यटन बोर्डले जेन-जी आन्दोलनबाट पर्यटन क्षेत्रमा भएको क्षति र पुनरुत्थानका विषयमा छलफलसमेत आयोजना गरेको थियो । उक्त छलफमा सहभागी सरकार तथा निजी क्षेत्रका प्रतिनिधिले नेपालको अर्थतन्त्रको मूल आधार पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्न ऐक्यबद्धता जनाएका थिए । पर्यटन मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने बताएका थिए । नेपाल पर्यटन बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटाले यस सिजनलाई सक्रिय बनाउन 'पर्यटन प्याकेज' सार्वजनिक गर्नुपर्ने बताएका थिए । नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल्स एजेन्ट्स (नाटा)का अध्यक्ष कुमारमणि थपलियाले नेपाल सुरक्षित रहेको सन्देशलाई प्रवाह गर्नुपर्ने बताएका थिए ।

आन्दोलनबाट भएको क्षतिको करिब २३ अर्बको दायित्व 'नेपाल रि'ले व्यहोर्नुपर्ने

हुलदंगाको जोखिम हिमालयन रिलाई हस्तान्तरण नगर्दा जेन-जी आन्दोलनपछि भएको क्षतिको सम्पूर्ण दायित्व सरकारी नेपाल रि-इन्स्योरेन्सको भागमा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

२३ र २४ भदौको जेन-जी प्रदर्शनमा भएको क्षतिको बिमा दाबीसम्बन्धी अधिकांश दायित्व सरकारी स्वामित्वको नेपाल रि-इन्स्योरेन्स कम्पनी एक्लैले व्यहोर्नुपर्ने भएको छ । विगतमा हुलदंगासम्बन्धी जोखिमको पुनर्बिमा व्यवसाय बाँडफाँट नगरिएकाले अहिले यसको अधिकांश दायित्वको भार नेपाल-रिलाई नै पर्ने भएको हो । निजी क्षेत्रबाट स्थापना भएको हिमालयन रि इन्स्योरेन्सलाई भने यसको दायित्व नपर्ने देखिएको छ ।

अर्थ मन्त्रालय र नेपाल बिमा प्राधिकरणले नीतिगत रूपमै नेपाल रिको जोखिम बाँडफाँट नगरिदिएकाले अहिले त्यसको भार एउटा कम्पनीलाई मात्रै परेको हो । फलस्वरूप हिल्टन होटेल, भाटभटेनी सुपरमार्केटजस्ता ठुला व्यावसायिक प्रतिष्ठानबाट आउने अर्बौंको बिमा दाबीबाट हिमालयन रि-इन्स्योरेन्स चोखिने भएको छ ।

बिमाको पनि बिमा गर्नुलाई पुनर्बिमा भनिन्छ । बिमामार्फत लिएको सबै जोखिम कम्पनी एक्लैलाई धारण गर्न वित्तीय रूपमा चुनौती हुन्छ । तसर्थ, कम्पनीहरूले केही अनुपातमा जोखिम आफूसँग राखेर बाँकीको पुनर्बिमा गर्छन्, जुन एउटै कम्पनीलाई मात्र नभएर दुई वा सोभन्दा बढी कम्पनीलाई पनि दिन सकिन्छ । पुनर्बिमा कम्पनीले पनि त्यसरी आएको जोखिम आफूलाई मात्रै राख्दैनन् । उनीहरूले पनि पुनर्बिमाको पनि बिमा अर्थात् रेट्रोसेसनमार्फत अन्य पुनर्बिमा कम्पनीलाई हस्तान्तरण गर्छन् । यस्ता ठुला क्षतिमा एउटा मात्रै बिमा कम्पनीलाई दायित्व बहन गर्न झन् गाह्रो हुन्छ । त्यसकारण पनि क्याटोसटोपिक (विनाशकारी) सुविधासहित रि-इन्स्योरेन्स गरिन्छ । तर, त्यसमा एकलौटी गर्दा यो घटनाको आर्थिक बोझ नेपाल रिलाई धेरै पर्ने देखिएको छ ।

नेपाल रिलाई यसरी पर्नेछ धेरै बोझ

२३ र २४ भदौको आन्दोलनका क्रममा भएको क्षतिबाट करिब ३५ अर्ब रुपैयाँ हाराहारीमा बिमा दाबी पर्ने देखिएको छ । मंगलबारसम्म बिमा कम्पनीमा २५ अर्ब रुपैयाँबराबरको दाबी परिसकेको छ । अब थप १० अर्ब रुपैयाँबराबरको दाबी पर्न सक्ने नेपाल बिमक संघका निवर्तमान अध्यक्ष चंकी क्षेत्रीले बताए ।

'कम्पनीहरूमा मंगलबारसम्म २५ अर्ब रुपैयाँबराबरको दाबी परिसकेको छ । तर, बुधबार मात्रै बानेश्वरको वाणिज्य बैंकबाट १८ किलो सुन चोरी भएकोलगायतका घटना आएका छन् । कम्पनीहरूले बिक्री गरेको पोलिसी र क्षति भएको क्षेत्र तथा प्रारम्भिक विवरण हेर्दा ३५ अर्ब हाराहारीमा बिमा दाबी पर्ने देखिएको छ,' उनले बताए । अन्तिम दाबी योग्य रकम भने सर्भेयरले प्राविधिक मूल्यांकन गरेपछि मात्रै निर्क्योल हुनेछ ।

यसमा झन्डै २३ अर्ब दायित्व भने नेपाल रिलाई पर्न जाने देखिन्छ । अन्य जोखिम न्यूनतम अनुपातमा नेपाल रि र हिमालयन रि दुवैलाई हस्तान्तरण गर्नुपर्ने नीति छ । तर, हुलदंगा तथा आतंकवादजन्य जोखिमको पुनर्बिमा 'नेपाल रि'मा मात्रै गर्ने नीति छ । यस्तो जोखिमअन्तर्गत ३५ प्रतिशत दायित्व आफूसँग राखेर बिमा कम्पनीहरूले बाँकी ६५ प्रतिशत दायित्व भने पुनर्बिमामार्फत नेपाल रिलाई हस्तान्तरण गर्छन् । एउटा पोलिसीमा १० करोड रुपैयाँसम्मको दाबी परेमा ६५ प्रतिशत नेपाल रिले व्यहोर्नुपर्नेछ । १० करोड रुपैयाँभन्दा बढीको दाबीमा शतप्रतिशत नै नेपाल रिले व्यहोर्नुपर्नेछ । ३५ अर्ब रुपैयाँको दाबीमा ६५ प्रतिशतको अनुपातमा गर्दा नेपाल रि एक्लैले २२ अर्ब ७५ करोड रुपैयाँको दायित्व लिनुपर्ने हुन्छ । प्रतिपोलिसी १० करोड रुपैयाँमाथिको दाबी परेको अवस्थामा शतप्रतिशत दाबी दिनुपर्छ । हिल्टन, भाटभटेनीजस्ता कम्पनीबाट अर्बौंको दाबी पर्दै छ ।

स्रोतका अनुसार नेपाल रिले यसअन्तर्गत ६ अर्ब रुपैयाँको मात्रै विदेशी पुनर्बिमा कम्पनीमा विनाशकारी अर्थात् 'क्याटसटोपिक रेट्रोसेसन' गरेको छ । त्यसबाट बढीमा तीन अर्ब रुपैयाँ आउन सक्ने अनुमान गरिएको छ । त्यसो हुदाँ पनि २० अर्ब हाराहारीको दायित्व नेपालमा रिमा पर्ने देखिन्छ । कम दाबी परेमा तोकिएको अनुपातमा यो पनि घट्नेछ । बढी परेमा यस्तो रकम पनि बढ्नेछ ।

यता नेपाल रिका एक अधिकारीले पनि १५ अर्बभन्दा बढी दायित्व पर्न सक्ने बताए । 'अहिले ३५ अर्बको दाबी पर्ने देखिए पनि प्राविधिक मूल्यांकनमा २० प्रतिशतसम्म कम हुन सक्छ । विदेशी रिबाट तीन अर्ब रुपैयाँसम्म आउन सक्छ,' स्रोतले भन्यो, 'त्योअनुसार नेपाल रिलाई १५ अर्बभन्दा बढी भुक्तानी दिनुपर्छ ।'

कस्तो छ नेपाल-रिको वित्तीय अवस्था ?

कम्पनीले सार्वजनिक गरेको चैत ०८१ सम्मको तथ्यांकअनुसार कुल सम्पत्ति ३४ अर्ब ६४ करोड ४७ लाख ५६ हजार रुपैयाँ छ । कम्पनीको लगानी मात्रै २२ अर्ब ५३ करोड १६ लाख एक हजार रुपैयाँ रहेको छ, त्यसमा अधिकांश बैंकहरूको मुद्दती निक्षेपमा रहेको छ । आवश्यक परेको वेलामा कम्पनीले त्यो रकम झिकेर दाबी भुक्तानी दिन सक्छ ।

कम्पनीको कुल इक्युटी भने २० अर्ब एक करोड ९७ लाख २९ हजार रुपैयाँ रहेको छ । त्यसमा सेयर पुँजी मात्रै १३ अर्ब ४२ करोड २१ लाख ८७ हजार रुपैयाँ छ ।

यस्तै, विशेष जगेडामा चार अर्ब ६७ करोड ८० लाख ३५ हजार, महाविपत्ति कोषमा ३७ करोड ८८ लाख ८८ हजार, रिटर्न अर्निङमा ७४ करोड ३७ लाख १९ हजार र अन्य इक्युटीमा ७९ करोड ६८ लाख ९८ करोड छ । आवश्यक परेको वेलामा विशेष जगेडा कोष, महाविपत्ति कोषलगायतका रकम प्रयोग गर्न सकिन्छ । कम्पनीले एक अर्ब आठ करोड ५६ लाख प्रोभिजनमा राखेको छ । चैतसम्म कम्पनीको बिमा दायित्व भने ११ अर्ब चार करोड ६५ लाख रुपैयाँ थियो ।

हुलदंगा तथा आतंकवाद जोखिमलाई दुई वर्षअघि मात्रै गरिएको थियो अनिवार्य

पहिला बिमालेख खरिद गर्दा हुलदंगा तथा आतंकवादसम्बन्धी जोखिम स्वैच्छिक थियो । यस्तो जोखिम रक्षावरण गर्न चाहेमा अतिरिक्त शुल्क तिर्नुपर्ने थियो । त्यसको जोखिमसमेत रक्षावरण हुने थिएन । तर, नियामक निकाय नेपाल बिमा प्राधिकरणले २०८० देखि भने सम्पत्ति बिमालगायतका प्रडक्टमा हुलदंगा तथा आतंकवादको जोखिम अनिवार्य गराएको थियो । भदौ २३ र २४ को घटना हुलदंगा तथा आतंकवादअन्तर्गत पर्छन् । त्यो अवस्थामा बिमाको दायरामा रहेका घर, गाडीलगायतका सम्पत्तिले तोकिएको प्रक्रिया पूरा गरेर दाबी भुक्तानी पाउनेछन् ।

गत आवको तेस्रो त्रैमाससम्म कम्पनीले ५४ करोड ८२ लाख ३७ हजार रुपैयाँ खुद नाफा कमाएको छ । गत आवको नौ महिनामा कम्पनीले सात अर्ब ११ करोड ९९ लाख ६४ हजार रुपैयाँ खुद बिमाशुल्क संकलन गरेको थियो । यो विवरणले कम्पनीले दाबी भुक्तानी दिनलाई रकम पुग्नेछ । तर, वित्तीय अवस्था भने प्रभावित हुने देखिन्छ ।

कम्पनीका एक अधिकारीले दाबी भुक्तानी गर्न तरलता पर्याप्त रहेको बताए । 'हामीसँग अहिले २१ अर्ब हाराहारीमा तरलता छ । त्यसमाथि यो दाबी भुक्तानी एकैपटक गर्ने होइन । प्रक्रिया पूरा गर्दा दुई-तीन वर्ष लाग्छ । कतिपय पुनर्तालिकीकरण पनि गर्नुपर्छ,' उनले भने, 'कम्पनीले नियमित रूपमा आम्दानी पनि गर्छ । तसर्थ, यसले नकरात्मक असर गर्दैन ।' हाम्रो मुख्य उद्देश्य आफूभन्दा पनि बिमा कम्पनी बचाउने रहेको उनले बताए ।

नेपाल रिमा मात्रै किन गरियो पुनर्बिमा ?

हुलदंगा तथा आतंकवाद बिमालाई लक्षित गरेर ०६०/६१ मा स्थापना गरिएको आकस्मिक बिमा कोषलाई नै कात्तिक ०७१ मा पुनर्बिमा कम्पनीको रूपमा स्थापना गरिएको हो । सन् २००१ मा पेन्टागनको ट्विन टावरमा हवाई आक्रमण भएको थियो । विभिन्न देशमा युद्ध भइरहेको थियो । नेपालमा जनयुद्धलगायतका युद्ध भइरहेको थियो । त्यसपछि विदेशी पुनर्बिमा कम्पनीले नेपालमा हुलदंगा तथा आतंकवादको पुनर्बिमा गर्न छोडे । तर, नेपालमा यसको जोखिम कायमै थियो । त्यसपछि नेपाल सरकारले पाँच करोड र बिमा कम्पनीहरूले पाँच करोड गरेर १० करोडको पुँजीमा ०६०/६१ मा उक्त कोष स्थापना गरेर यस्तो बिमाको पुनर्बिमा हुने गरेको थियो । पछि नेपाल आन्दोलन तथा हुलदंगा हुन छोड्यो । कोष नाफामा पनि जान थाल्यो । त्यसपछि सरकारकै नीतिअनुसार कात्तिक ०७१ मा कोषलाई पुनर्बिमा कम्पनीमा रूपान्तरण गरियो । त्यसपछि विदेशी पुनर्बिमा कम्पनीले हुलदंगाको पनि पुनर्बिमा गर्ने भन्दै आए । तर, त्यसमा नेपाली बिमा कम्पनी सहमत भएनन् । नेपाल रिमै यसको पुनर्बिमा गर्ने नीति कायम राखियो । पछि निजी क्षेत्रबाट असार ०७८ मा हिमालयन रि-इन्स्योरेन्स स्थापना भयो । अन्य जोखिम दुवै पुनर्बिमा कम्पनी र विदेशी कम्पनीलाई समेत हस्तान्तरण गर्नुपर्ने नीति त्याइए पनि हुलदंगा तथा आतंकवादको जोखिम भने नीतिगत रूपमै नेपाल रिमा राखिएको थियो ।

असोजका लागि थप घटाइयो ब्याजदर

काठमाडौं/ कर्जाको माग नबढेपछि वाणिज्य बैंकहरूले असोजका लागि पनि मुद्दती निक्षेपको ब्याजदर थप घटाएका छन् । २० वाणिज्य बैंकले बुधबार सूचना जारी गर्दै निक्षेप तथा बचतको ब्याजदर घटेको जानकारी दिएका हुन् । योसँगै कर्जाको ब्याजदर पनि थप घट्नेछ ।

भदौमा वाणिज्य बैंकहरूले व्यक्तिगत मुद्दती निक्षेपमा औसत ५.५७७ प्रतिशतको अनुपातमा ब्याजदर निर्धारण गरेका थिए । असोजका लागि निर्धारण गरिएको औसत ब्याजदर भने ५.४६ प्रतिशत रहेको छ । त्योअनुसार ०.११ प्रतिशत विन्दुले ब्याजदर घटेको छ । सूचनाअनुसार नौवटा बैंकले व्यक्तिगत मुद्दती निक्षेपमा दिने ब्याजदर घटाएका छन् । प्राइम कमर्सियल, सानिमा, एभरेष्ट, सिटिजन्स, एनआइसी एसिया, कुमारी, कृषि विकास, नेपाल बैंक र नेपाल एसबिआई बैंकले ब्याजदर घटाएका छन् ।

यता, लक्ष्मी सनराइज र स्ट्यान्डर्ड चार्टर्ड बैंकले असोज महिनाका लागि ब्याजदर बढाएका छन् भने बाँकी बैंकहरूले भने भदौकै दरलाई निरन्तरता दिएका छन् ।

■ पुनर्निर्माण गर्न सरकारलाई स्रोतको चुनौती

६.३७% ले घट्यो राजस्व संकलन

दुई महिनामा १ खर्ब ५८ अर्बको राजस्व उठ्यो, पोहोरको सोही अवधिभन्दा १० अर्ब ८१ करोडले घट्यो राजस्व असुली

नयाँ पत्रिका

जेन-जी प्रदर्शनका क्रममा भएको क्षतिपछिको पुनर्निर्माण र निर्वाचनका लागि खर्च जुटाउनुपर्ने चुनौतीबिच सरकारलाई राजस्व संकलनमा पनि दबाब परेको छ । अर्थ मन्त्रालयका अनुसार चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो दुई महिनामा एक खर्ब ५८ अर्ब ७१ करोड रुपैयाँ राजस्व संकलन भएको छ । गत आर्थिक वर्ष ०८१/८२ को पहिलो दुई महिनामा एक खर्ब ६९ अर्ब ५२ करोडको राजस्व उठेको थियो । अर्थात् चालू आवको दुई महिनामा (१० अर्ब ८१ करोड रुपैयाँ) ६.३७ प्रतिशतले कम राजस्व उठेको हो ।

राजस्व संकलन कम भएपछि स्रोत जुटाउन सरकारले सार्वजनिक ऋणमा जोड गर्नुपर्ने हुन्छ । चालू आर्थिक वर्षमा सरकारले १४ खर्ब ८० अर्ब राजस्व उठाउने लक्ष्य लिएको छ । स्रोतको चुनौतीका बाबजुद अर्थमन्त्री रामेश्वर खनालले आयोजनाको पुनः प्राथमिकीकरण र साना टुक्रे आयोजनामा बजेट कटौती गरेर एक खर्ब रुपैयाँ जोहो गर्नका लागि कार्यदल गठन गरिसकेका छन् ।

■ भदौको राजस्वमा सुधार

दसैं-तिहारकेन्द्रित आर्थिक कारोबारले भदौ महिनामा संकलन हुने राजस्व संकलनमा भने वृद्धि भएको छ । दसैं-तिहारमा वस्तुको माग बढ्ने भएकाले आयातसँगै आन्तरिक बजारमा पनि कारोबार बढ्ने हुँदा भदौमा राजस्व संकलनमा वृद्धि भएको हो । चालू आवको भदौ महिनामा ७३ अर्ब ६१ करोडको राजस्व संकलन भएको छ । मासिक लक्ष्य ९४ अर्ब ८ करोड उठाउने थियो । मासिक लक्ष्यको ७८.२५ प्रतिशत राजस्व संकलन भएको छ । गत वर्षको भदौमा ७२ अर्ब ५६ करोड मात्रै संकलन भएको थियो ।

■ आयकर र गैरकर राजस्व संकलनमा कमजोर

आयकर र गैरकर संकलन पनि सरकार कमजोर देखिएको छ । आयकरतर्फ ५० करोड ५८ लाख राजस्व उठाउने लक्ष्य राखिएकोमा ३३ करोड ५ लाख मात्र (६५.३५%) र गैरकरतर्फ २५ करोड ७५ लाख लक्ष्यमध्ये ७ करोड १३ लाख मात्र (२७.७०%) उठेको मन्त्रालयले जानकारी दिएको छ । सबैभन्दा बढी संकलन मूल्य अभिवृद्धिकर (भ्याट)तर्फ ६४ करोड १० लाख लक्ष्यमध्ये ५२ करोड १४ लाख उठेको छ । यो लक्ष्यको ८१.३५ प्रतिशत हो । भन्सार महसुलतर्फ ४६ करोड ६२ लाख लक्ष्यमध्ये ३५ करोड ३९ लाख संकलन (७५.९१ प्रतिशत) भएको छ । अन्तःशुल्कतर्फ ३० करोड ५२ लाखको लक्ष्यमा २८ करोड ९५ लाख (९४.८५ प्रतिशत) र शिक्षा सेवा शुल्कतर्फ ८६ लाख ३१ हजारको लक्ष्यमा ८५ लाख ४० हजार (९८.९५ प्रतिशत) संकलन भएको छ ।

■ लक्ष्यको ७२.६५% मात्रै उठ्यो

चालू आर्थिक वर्षको दुई महिनामा सरकारले २ खर्ब १८ अर्ब ४६ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो । तर, एक खर्ब ५८ अर्ब रुपैयाँ मात्रै राजस्व संकलन भएको छ । यो लक्ष्यको ७२.६५ प्रतिशत हो । गत आर्थिक वर्षको सोही अवधिमा सरकारले लक्ष्यको ७९.४५ प्रतिशत राजस्व संकलन गरेको थियो । लक्ष्यको तुलनामा उठ्ने राजस्वको अनुपातसमेत घटेको देखिएको छ ।

■ चालू आर्थिक वर्षको साउनदेखि भदौसम्मको राजस्व संकलनको तथ्यांक

राजस्व शीर्षक	लक्ष्य	संकलन
भन्सार महसुल	४६ करोड ६२ लाख २९ हजार	३५ करोड ३९ लाख १० हजार
मूल्य अभिवृद्धिकर	६४ करोड १० लाख १७ हजार	५२ करोड १४ लाख ५३ हजार
अन्तःशुल्क	३० करोड ५२ लाख १२ हजार	२८ करोड ९५ लाख ११ हजार
शिक्षा सेवा शुल्क	८६ लाख ३१ हजार	८५ लाख ४० हजार
आयकर	५० करोड ५८ लाख ९८ हजार	३३ करोड ५ लाख ९९ हजार
गैरकर	२५ करोड ७५ लाख	७ करोड १३ लाख २१ हजार

कोरला नाका व्यावसायिक रूपमा सञ्चालन

'पूर्वाधार नहुँदा नियमित सञ्चालनमा चुनौती'

म्याग्दीमा **कमल खत्री**

चीनबाट नियमित आयात हुने रसुवा र तातोपानी नाका बाढी पहिरोका कारण बन्द भएपछि मुस्ताङको कोरला नाकाबाट पहिलोपटक ठुलो मात्रामा सामान आयात भएको छ । नाका सञ्चालनमा आएको घोषणा भएको दुई बर्षपछि पहिलो पटक ठुलो मात्रामा यस नाकाबाट सामान आयात गरिएको हो । २७ कात्तिक २०८० बाट औपचारिक रूपमा सञ्चालनमा आएको कोरला नाकामा यस अघि मुस्ताङीहरूले जिल्ला प्रशासन कार्यालयबाट जारी भएको प्रवेश अनुमतिपत्रका आधारमा सामान आयात निर्यात गर्दै आएका थिए । तर, २२ भदौदेखि हालसम्म कोरला नाकाबाट एक सय ५१ वटा विद्युतीय सवारीसाधन आयात भएको लोमानथाङस्थित नेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयका प्रमुख रमेश खड्काले जानकारी दिए ।

उनका अनुसार ६७ वटा लत्ताकपडा, घरायसी र कस्मेटिकलगायतका मालसामानका गाडीसमेत कोरला नाकाबाट भित्रिएका छन् । तीमध्ये २१ वटा मालवाहक गाडी भन्सारबाट जाँचपास भइसकेका छन् । लोमानथाङबाट दुई गाडी सामान निर्यात भएको छ । लोमानथाङ क्षेत्रबाट पूजा सामान, मूर्ति



र नेपाली हस्तकलाका सामान निर्यात भएको भन्सार कार्यालयले जनाएको छ ।

यसअघि नाम मात्रको कार्यालयको रूपमा मुस्ताङ भन्सार कार्यालयमा भदौ २१ गते मात्रै भन्सार विभागले कर्मचारीको व्यवस्थापन गरेको थियो । विभागबाट एकजना भन्सार अधिकृतसहित रसुवाबाट तीनजना र पोखरा विमानस्थलबाट दुईजना कर्मचारीलाई काजमा मुस्ताङ भन्सार कार्यालयमा पठाएको थियो । यसअघि कार्यालयमा एकजना नायब सुब्बा मात्रै थिए । विभागबाट खटिएर आएपछि फर्निचर, इन्टरनेटलगायतका पूर्वाधार व्यवस्थापन गरेर अनलाइन प्रणाली जडान गरी भन्सार जाँचपासको काम सुरु गरिएको कार्यालय प्रमुख खड्काले बताए । 'तत्कालका लागि अत्यावश्यक पूर्वाधारको बन्दोबस्त गरेर कार्यालय सञ्चालनमा आएको छ, जाँचपास गर्ने कामलाई तीव्रता दिएका छौं, व्यवस्थित कार्यालय भवन र पर्याप्त पूर्वाधार नभएकाले सेवाप्रवाहमा चुनौती थपिएको छ,' कार्यालय प्रमुख खड्काले भने ।

मुस्ताङ र चीनको सीमावर्ती कोरला नाका समुद्री सहतदेखि चार हजार सात सय मिटर उचाइमा रहेको छ । भन्सार कार्यालय नेपालतर्फ १४ किलोमिटरयता ने समुद्री सतहदेखि तीन हजार नौ सय मिटर उचाइमा रहेको नेचुङमा अवस्थित छ । उच्च उचाइको भूगोल, राजधानीदेखि लामो दूरीको सवारी यात्रा गर्नुपर्ने भएकाले समेत यो नाका सञ्चालनमा आउन कठिनाइ भइरहेको थियो । वर्षातुको बाढी-पहिरोले नेपाल-चीन व्यापारका लागि रसुवागढी र तातोपानी नाकाबाट आयात-निर्यात बन्द भएपछि वैकल्पिक रूपमा कोरला नाका सञ्चालनमा आउन थालेको हो । चीनबाट आयात गरिएका मालवस्तु ढुवानीका लागि करिब एक सयवटा मभौला कन्टेनर बेनी-जोमसोम-कोरला सडक हुँदै कोरला नाका पुगेका छन् ।

कोरला नाकामा यसअघि मुस्ताङवासीले घरायसी प्रयोजनका लागि चिनियाँ बजारमा पुगेर सामान खरिद गर्दै आएका थिए । यसपटक व्यापारिक हिसाबले नै नाका सुचारु भएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिए । 'अहिले जिल्ला प्रशासन कार्यालयले जारी गर्ने प्रवेश अनुमतिपत्रका आधारमा समग्र मुस्ताङवासीले कोरला नाकाको सीमावर्ती बजारसम्म पुगेर सामान खरिद-बिक्रि गर्दै आएका छन्, दुई वर्षदेखि नागरिकताका आधारमा मुस्ताङका नागरिकलाई यो पत्र जारी गर्न थालिएको हो, अहिलेसम्म पाँच हजारभन्दा बढीले प्रवेश अनुमतिपत्र लगिसकेका छन्,' उनले भने ।

आगजनी र तोडफोड भएका निजी क्षेत्रका संरचना निरीक्षण

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको नेतृत्वमा गएको टोलीले काठमाडौंस्थित होटेल हिल्टन, कान्तिपुर मिडिया ग्रुप, गोल्छा ग्रुप र भाटभटेनी सुपरमार्केट तथा व्यवसायी उपेन्द्र महतोको क्षतिग्रस्त संरचनाको निरीक्षण गरेको थियो ।



भाटभटेनी सुपरमार्केट



हिल्टन होटेल



एनसेल भवन



सुरक्षा र लगानीकर्तामा विश्वासको वातावरण निर्माणमा जोड

● **चन्द्रप्रसाद ढकाल**, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

आर्थिक विकास तथा रोजगारी सिर्जनामा निजी क्षेत्रको ठुलो योगदान छ । पछिल्लो घटनाक्रमले व्यावसायिक सुरक्षामा गम्भीर प्रश्न उब्जाएको छ । निजी क्षेत्रको सम्पत्ति संरक्षण र व्यावसायिक स्थिरताका लागि शान्तिपूर्ण वातावरण अपरिहार्य छ । सरकारले घटनाका दोषीमाथि कारबाही र पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ ।

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघले २३ र २४ भदौमा आन्दोलनका क्रममा निजी क्षेत्रका भौतिक संरचनामा भएको क्षतिको स्थलगत निरीक्षण गरेको छ । महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको नेतृत्वमा गएको टोलीले काठमाडौंस्थित होटेल हिल्टन, कान्तिपुर मिडिया ग्रुप, गोल्छा ग्रुप र भाटभटेनी सुपरमार्केट तथा व्यवसायी उपेन्द्र महतोको क्षतिग्रस्त संरचनाको निरीक्षण गरेको थियो ।

निरीक्षणका क्रममा महासंघका अध्यक्ष ढकालले निजी लगानी सुरक्षित हुन सक्ने वातावरण निर्माण गर्नु आजको प्राथमिकता रहेको र लगानीकर्तामा विश्वास जगाउन राज्यको दायित्व भएको बताए । आन्दोलनका क्रममा निजी सम्पत्तिमा आक्रण हुनु दुःखद भएको र यस्ता घटनाले व्यावसायिक वातावरणमा नकारात्मक असर पर्ने बताउँदै अध्यक्ष ढकालले शान्ति र सुरक्षाको वातावरण कायम राख्न सरकार, नागरिक समाज, र सबै सरोकारवालालाई आग्रह गरे । 'देशको समग्र आर्थिक विकास तथा रोजगारी सिर्जनामा निजी क्षेत्रको ठुलो योगदान छ । पछिल्लो विकसित घटनाक्रमले व्यावसायिक सुरक्षामा गम्भीर प्रश्न उब्जाएको छ । निजी क्षेत्रको सम्पत्ति संरक्षण र व्यावसायिक स्थिरताका लागि शान्तिपूर्ण वातावरण अपरिहार्य छ,' उनको भनाइ थियो । अध्यक्ष ढकालले घटनाका दोषीमाथि कारबाही र पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न सरकारसँग माग गर्दै भविष्यमा यस्ता घटना दोहोरिन नहुने कुरामा जोड दिए ।

निरीक्षणका क्रममा महासंघका निवर्तमान अध्यक्ष शेखर गोल्छा, वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, उपाध्यक्षहरू सुरजकृष्ण वैद्य, हेमराज ढकाल र ज्योत्सना श्रेष्ठ, कोषाध्यक्ष भरतराज आचार्यसहित महासंघका सदस्यहरूले व्यवसायी उपेन्द्र महतो, कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहिया, भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ तथा हिल्टनका सञ्चालकहरूसँग घटनाक्रम तथा क्षतिबारे जानकारी लिएका थिए । महासंघले व्यवसायीको सुरक्षा, व्यावसायिक वातावरण निर्माणमा सधैं साथ रहेको जनाएको छ ।

सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्ने समय थप

भदौ मसान्तसम्म कुल साढे २५ लाख योगदानकर्ता कोषमा आबद्ध, ७४ अर्ब मौज्दात

मीनराज बसन्त/ नयाँ पत्रिका

सामाजिक सुरक्षा कोषले साउन महिनाको योगदानबापतको रकम जम्मा गर्ने समय थप गरेको छ । कोषले एक सूचना जारी गर्दै देशमा विद्यमान असहज परिस्थितिलाई ध्यानमा राख्दै समय थप गरेको जनाएको छ ।

अब योगदानकर्ताले साउन महिनाको योगदानबापतको रकम ५ असोजसम्म कोषमा जम्मा गर्न सक्नेछन् । सोहीअनुसार रोजगारदाता र योगदानकर्ताले रकम जम्मा गर्न सक्ने कोषका कार्यकारी निर्देशक कविराज अधिकारले जनाए ।

२३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा अराजक समूहले निजी क्षेत्रका उद्योग व्यवसायमा समेत तोडफोड, लुटपाट र आगजनी गरेका थिए । प्रदर्शनकारीले होटेल तथा रेस्टुरेन्ट, सुपरमार्केट, केबलकार, गाडीका सोरुम, गोदाम र निजी आवासमा समेत आक्रमण गरेका थिए । यस आक्रमणबाट रोजगारदाता तथा योगदानकर्तासमेत प्रभावित भएपछि कोषले रकम जम्मा गर्ने अवधि थपेको हो । यसअघि कोभिड- १९ महामारीका वेलासमेत यस्तो सुविधा दिइएको थियो । सामाजिक सुरक्षा ऐनअनुसार योगदानयोग्य आय भुक्तानी गर्नुपर्ने महिना समाप्त भएको १५ दिनभित्र कोषमा रकम जम्मा गरिसक्नुपर्छ ।

कोषमा साढे २५ लाख व्यक्ति आबद्ध, ७४ अर्ब मौज्दात

सामाजिक सुरक्षा कोषमा भदौ मसान्तसम्म कुल २५ लाख ४१ हजार दुई सय ५७ जना योगदानकर्ता आबद्ध भएका छन् । यसमध्ये औपचारिकतर्फबाट २१ हजार आठ सय ९० रोजगारदाता र ६ लाख ३१ हजार तीनजना योगदानकर्ता कोषमा आबद्ध भएका छन् ।

त्यस्तै, वैदेशिक रोजगारीमा रहेका १८ लाख ८७ हजार ५० जना, अनौपचारिक रोजगारीबाट सात सय ८९ जना, स्वरोजगारबाट पाँच सय २५ जना कोषमा आबद्ध भएको कोषको तथ्यांक छ ।

सबैभन्दा बढी आबद्धता कोशी र कम कर्णालीबाट

कोषमा आबद्ध हुनेमध्ये सबैभन्दा बढी प्रतिनिधित्व बागमती प्रदेशको छ । बागमतीबाट १४ हजार ६५१ रोजगारदाता र चार लाख ७३ हजार तीनजना योगदानकर्ता गरी कुल चार लाख ८७ हजार ६५४ जना आबद्ध छन् । त्यस्तै, सबैभन्दा कम प्रतिनिधित्वचाहिँ कर्णालीबाट २९ सय ४६ जनाको छ ।

साथै, कोशीबाट ७२ हजार २७९ जना, मधेशबाट ३२ हजार २५५ जना, गण्डकीबाट २८ हजार ११७ जना, लुम्बिनीबाट २५ हजार ७३० जना र सुदूरपश्चिमबाट ३९ सय १२ जना रोजगारदाता एवं योगदानकर्ता कोषमा जोडिएका छन् ।

कोषले हालसम्म ९० अर्ब ५४ करोड रुपैयाँ रकम संकलन गरेको छ भने १६ अर्ब ७२ करोड रुपैयाँ दाबी भुक्तानी गरिसकेको छ । यसरी हेर्दा, कोषमा करिब ७३ अर्ब ८२ करोड रुपैयाँ मौज्दात रहेको देखिन्छ ।



बस सेवाले खोल्यो दसैंलाई टिकट बुकिङ

काठमाडौं/ बस सेवाले दसैंका लागि टिकट बुकिङ खुलाएको छ । बस सेवाको मोबाइल एप र बससेवाडटकममा गएर यात्रुहरूले नेपालका ७० भन्दा बढी जिल्लाका लागि मोबाइलबाटै बस र हवाईजहाजको टिकट सहजै काट्न सक्नेछन् । बस सेवाले १५ भदौदेखि नै आंशिक टिकट बुकिङ खुलाएको बस सेवाका प्रमुख कार्यकारी अधिकृत पिआर खनालले बताए ।



मोबाइल एप्लिकेसन बस सेवा र बससेवाडटकमबाट हवाई टिकट काट्ने यात्रुले हरेक टिकटमा पाँच सय रूपैयाँसम्म क्यास ब्याक पाउनेछन् । बस सेवाका सिइओ खनालका अनुसार क्यासब्याकको अफर मंसिर महिनासम्म रहनेछ । बस सेवाले मोबाइल एप्लिकेसन र बससेवाडटकमबाट बस तथा हवाईजहाजको टिकट काट्नेलाई खसी उपहारसमेत दिने भएको छ । अग्रिम टिकट बुकिङ गर्नेमध्ये पाँचजनालाई उपहारस्वरूप खसी दिने घोषणा कम्पनीले गरेको हो ।

सयजनालाई निःशुल्क बस टिकट

बस सेवामार्फत टिकट काट्ने यात्रुहरूलाई अन्य विभिन्न उपहारको समेत व्यवस्था गरिएको छ । यस अवधिमा टिकट काट्ने यात्रुहरूमध्ये एक सयजनालाई निःशुल्क टिकट, ५० जनालाई दुई हजार रुपैयाँबराबरको लुगा किनमेलको समेत व्यवस्था गरेको कम्पनीले जनाएको छ ।

आजदेखि सेयर बजार खुल्ने

काठमाडौं/ जेन-जी प्रदर्शनका कारण विकसित घटनाक्रमका कारण बन्द भएको सेयर कारोबार बिहीबार (२ भदौ) देखि सुरु हुँदै छ । नेपाल धितोपत्र बोर्डले कारोबार रोक्का गर्न दिएको निर्देशनबमोजिम बजार बन्द हुँदै आएको थियो । अवस्था सहज भए पनि सेयर कारोबार बन्द गरिएको भन्दै बोर्ड र नेप्सेको आलोचना हुँदै आएको थियो ।

बोर्डले मंगलबार पुनः निर्देशन दिँदै धितोपत्रको दोस्रो बजार कारोबार साबिकबमोजिम सञ्चालन गर्न निर्देशन दिएको थियो । बोर्डको निर्देशनपछि बजार नियमित सञ्चालन हुन लागेको नेप्सेका प्रवक्ता मुरारहरि पराजुलीले जानकारी दिए ।

प्रयोगमा नआउँदै तोडफोड भयो धनगढी सभागृह

धनगढीमा **तेजराज भट्ट**

धनगढीमा साढे ३२ करोडको लागतमा निर्मित सुविधासम्पन्न सभागृह प्रयोगमा नआउँदै तोडफोड भएको छ । जेन-जी आन्दोलनका क्रममा आन्दोलनकारीले सभागृहको सिसा, कुर्सीलगायत सामान तोडफोड गरेका छन् । ढुंगामुढा गरिँदा भवनमा लगाइएका सबैजसो सिसाहरू फुटेका छन् । हलमा राखिएका तोडफोड गरिएका छन् ।

आन्दोलनकारीले हलभित्र केही कुर्सीमा आगजनी गरे पनि आगो भने फैलिन पाएन । सभागृहको सुरक्षामा खटिएका सुरक्षा गार्डका अनुसार स्थानीयले विरोध गरेपछि भवन आगजनी हुनबाट जोगिएको हो । निवर्तमान प्रधानमन्त्री केपी ओलीले गत फागुनमा सभागृह उद्घाटन गरेका थिए ।

सुदूरपश्चिम प्रदेश सरकारले आगामी मंसिरमा गर्ने तय भएको लगानी सम्मेलन धनगढी उपमहानगरपालिका- ८, मा रहेको यो सभागृहमा गर्न खोजेको थियो । मुख्यमन्त्री कमलबहादुर शाहले केही साताअघि सभागृहको निरीक्षण पनि गरेका थिए ।

तर, देशमा उत्पन्न परिस्थितिले लगानी सम्मेलन पनि अन्योलमा छ । तत्कालीन सहरी विकास तथा भवन निर्माण कार्यालय धनगढीले करिब तीन वर्षअघि नै सभागृह निर्माण गरे पनि स्थानीय तहलाई हस्तान्तरण नहुँदा प्रयोगमा आउन सकेको थिएन । कार्यालयले सभागृह धनगढी उपमहानगरलाई हालै हस्तान्तरण गरेपछि उपमहानगरले सञ्चालनको तयारी गरेको थियो । उपमहानगरका इन्जिनियर दिजराज भट्टले तोडफोडबाट भएको क्षतिको विवरण यकिन गरिनसकिएको बताए ।

'सहरी विकासकै लगानीमा साउन्ड सिस्टम, स्क्रिन, बाहिरी सजावटका काम सुरु गरिएको थियो,' उनले भने, 'तोडफोडपछि सभागृह तत्काल सञ्चालन गर्न सकिने अवस्था छैन ।' लामो समयदेखि सभागृह सञ्चालन नहुँदा ठुला सरकारी कार्यक्रम होटेल र पार्टी प्यालेसमा हुँदै आएका छन् । ३२ करोड ६० लाख ८१ हजार लागतमा सभागृहको निर्माण गरिएको हो । एक बिघा क्षेत्रफलमा फैलिएको सभागृह नौ सय ८० सिट क्षमताको छ । सभागृहमा साढे ६ सय र दुई सय सिटका दुईवटा हल छन् ।

लाभांश पारित गर्न कामना सेवाको साधारणसभा २४ असोजमा

काठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडले गत आर्थिक वर्षको नाफाबाट सेयरधनीलाई १५.७८ प्रतिशत लाभांश वितरण गर्ने भएको छ । उक्त लाभांश वितरणको प्रस्ताव पारित गर्न बैंकले २४ असोजमा वार्षिक साधारणसभा आह्वान गरेको छ ।

बैंकको सभाले हाल कायम चुक्ता पुँजीको १० प्रतिशत बोनस सेयर र ५.७८९५ प्रतिशत नगद लाभांश (करसहित) वितरण गर्ने प्रस्ताव पारित गर्नेछ । त्यसैगरी, संस्थापक र सर्वसाधारणबाट ६ जना सञ्चालक निर्वाचन गर्ने, चालू आवका लागि लेखापरीक्षक नियुक्त गर्नेलगायतका प्रस्ताव पनि उक्त सभाले पारित गर्नेछ । साधारणसभा तथा लाभांश प्रयोजनार्थ बैंकले ८ असोजमा बुकक्लोज गर्ने निर्णय गरेको छ । बुकक्लोजको अघिल्लो दिनसम्म कायम रहने सेयरधनीले प्रस्तावित लाभांश प्राप्त गर्नेछन् ।

अनि दुई गार्मेन्ट खरानीमा परिणत भए



कञ्चनपुरमा **मोहन बिष्ट**

२४ भदौ (मंगलबार) जेन-जी समूहका आन्दोलनकारीले जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहराको निजीनिवासमा पनि आगजनी गरे । तत्कालीन गृहमन्त्री रमेश लेखकका दुवै घर जलाएपछि साँझतिर आएका आन्दोलनकारीले जिसस प्रमुख बोहराको भीमदत्त नगरपालिका- ४ भगतपुर महेन्द्रनगरको निजीनिवासमा आगजनी गरिदिए । त्यतिले मात्रै नपुगेपछि उनीहरूले सँगै रहेका मेलौली हाउजियारी उद्योग र छेउमै रहेको श्रीराम हाउजिङमा पनि आगजनी गरिदिए । त्यसपछि दुवै उद्योगका सबै मेसिन, स्टक कपडा, तयारी कपडालगायतका सामान जलेर नष्ट मात्रै होइन, खरानी भएका छन् । यसबाट करिब ३५ जना मजदुरको रोजगार खोसिएको छ ।

मेलौली हाउजियारी उद्योगका सञ्चालक धनसिंह पुजारा दिउँसैदेखि आएका दुई आन्दोलनकारी समूहले कुनै आगजनीले क्षति नगरेको र तेस्रो समूहका साँझ आएका आन्दोलनकारीले फिल्मी शैलीमा आगजनी गरिदिएको बताउँछन् । आगजनी गरिएको अर्को उद्योग जिसस प्रमुख बोहराकै थियो ।

धमाधम होटेल बुकिङ रद्द गर्दै पर्यटक, रामेछापका व्यवसायी चिन्तित

आन्दोलनका कारण होटेल सञ्चालकहरू थप मारमा, घरभाडा तिर्नसमेत धौधौ

रामेछापमा **दीपक भट्ट**

जेन-जी आन्दोलनको प्रभाव पर्यटन क्षेत्रमा पनि देखिन थालेको छ । २३-२४ भदौमा सिर्जित घटनाक्रमकै कारण रामेछापमा पर्यटकहरू बुकिङ रद्द गर्न थालेका छन् । रामेछापको विमानस्थलबाट सोलुको सगरमाथा आधार शिविरतर्फ जाने पर्यटकहरूले मन्थलीमा बुक गरेका होटेल तथा होमस्टे धमाधम रद्द गर्न थालेका हुन् । शरद ऋतुका लागि २५ सेप्टेम्बरदेखि रामेछापको विमानस्थलबाट सोलुको लुक्ला विमानस्थलमा उडान भर्ने तालिका नागरिक उड्डयन प्राधिकरणले निकालेको छ । तर, जेन-जी आन्दोलनपछि रामेछाप आउने पर्यटकले विमान टिकट र होटेलको बुकिङ रद्द गर्न थालेका व्यवसायीहरू बताउँछन् ।

यो समय सगरमाथा घुम्नका लागि धेरै उपयुक्त मानिन्छ । सगरमाथा आधार शिविर जाने विदेशी पर्यटकहरूले केही महिनाअघिदेखि नै हवाई टिकट र वासका लागि होटेल बुक गरेका थिए । अहिलेको मौसममा हिमालको दृश्यावलोकन अत्यन्त मनमोहक हुने भएकाले पनि विदेशी पर्यटकहरूको रोजाइ असोज र कात्तिक महिना हुने गरेको छ ।

केही दिनअघिको जेन-जी आन्दोलनपछि बुक भइसकेका होटेल र हवाई टिकट रद्द गर्न थालेको एल्लो जिएस मन्थलीका सञ्चालक गणेश थपलियाले बताए । उनले भने, 'नेपालमा भएको हिंसात्मक घटनाका कारण विदेशी पाहुनाले बुक गरेको होटेलका रुम रद्द गर्ने क्रम बढ्दो छ । दैनिकजसो विदेशी पर्यटकहरू र ट्राभल एजेन्सीका प्रतिनिधिहरूले टेलिफोन गर्दै कोठा रद्द गर्दै आएका छन् ।' आन्दोलनका कारण होटेल सञ्चालक थप मारमा परेको घरभाडा तिर्नसमेत धौधौ भएको थपलियाले बताए ।



काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उडान र अवतरणमा पालो पर्खनुपर्ने अवस्था हुँदा नेपाल नागरिक उड्डयन प्राधिकरणले दुई वर्षअघिदेखि निजी कम्पनीका हवाईजहाजका लागि मन्थली विमानस्थल सञ्चालनमा ल्याएको थियो । पर्यटकहरूलाई विभिन्न ट्राभल एजेन्सीहरूले स्थलमार्ग (बिपी राजमार्ग) हुँदै रामेछापसम्म ल्याउने र रामेछाप विमास्थलबाट हवाईजहाजमार्फत सोलुको लुक्ला लैजाने गर्छन् ।

रामेछाप विमानस्थलबाट एक सिजनमा करिब १० हजारको हाराहारीमा पर्यटक लुक्ला जाने गर्छन् । तर, अहिले लुक्ला जाने पर्यटकमध्ये १० प्रतिशत पर्यटकले हवाई टिकट रद्द गरेको तारा एयर रामेछापका स्टेसन म्यानेजर प्रवीण सुवेदीले बताए । टिकट रद्द गर्नेमा बढीजसो भारतीय पर्यटक रहेका उनको भनाइ छ ।

रामेछाप विमानस्थलबाट सोलुका लागि निजी कम्पनीका तारा, समिट र सीता एयरलाइन्सले विदेशी पर्यटकलाई सेवा पुऱ्याउँदै आएका छन् । पर्यटक सिजनमा मात्रै सञ्चालनमा आउने रामेछाप विमानस्थलबाट अन्य समयमा भने कुनै पनि उडान हुने गरेको छैन ।

Mangalsen Municipality
Office Of Municipal Executive
Mangalsen, Achham
Sudurpaschim Province, Nepal

Invitation For E-Bids (Sealed Quotation)

Date of Publication: 2082/06/02 (18th Sep, 2025)

The Office of Mangalsen Municipality, Mangalsen, Achham Invites Online Bids From Eligible Nepalese Bidders For the construction of the following works:

Contract Identification No.	Description of works	Estimated Amount (Exclusive of VAT and Contingency)	Bid Doc. Fee NRs.	Bid Security NRs.	Bid Security Validity	Remarks
MM/ACH/ NCB/SQ-01/2082-083	Sawari Sadhan Marmat, Mangalsen-05, Achham	8,76,281.40	1000.00	25,000.00	75 Days	E-Bid Only

Bidders may obtain futher information from PPMO website www.bolpatra.gov.np/egp

Chief Administrative Officer

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०
बिहीबार २ असोज ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

एसियाडमा नेपालबाट ३२ खेलका लागि ४३४ खेलाडीको नाम दर्ता



२०औँ एसियाली खेलकुद प्रतियोगिताका लागि तयार गरिएको रंगशाला ।

रमेश सुवेदी/नयाँ पत्रिका

जापानको नागोयामा हुने २०औँ एसियाली खेलकुद (एसियाड)मा नेपालबाट ३२ खेलका लागि ४३४ खेलाडीको नाम दर्ता भएको छ । जीवनराम श्रेष्ठ नेतृत्वको अन्तर्राष्ट्रिय मान्यता प्राप्त नेपाल ओलम्पिक कमिटी (एनओसी)ले प्रारम्भिक खेल र खेलाडी दर्ताको सबै प्रक्रिया पूरा गरिएको जनाएको छ । एनओसी महासचिव राजीव श्रेष्ठले १९५ महिला र २३९ पुरुष खेलाडीको नाम पहिलो चरणका लागि दर्ता भएको जानकारी दिएका छन् ।

सामान्यतया राज्यले नै सहभागिताका लागि खेल र खेलाडीको संख्या आयोजकलाई पठाउनुपर्ने हो । खेलकुद मन्त्रालयले ध्रुवबहादुर प्रधानको संयोजकत्वमा रहेको एनओसी तदर्थ समितिलाई मान्यता दिएको छ । तर, यसलाई अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) र ओसिएको मान्यता छैन । श्रेष्ठ नेतृत्वको एनओसीलाई आइओसी र ओसिएको मान्यता छ ।

गत २४ साउनमा एनओसीले एसियाड आयोजकलाई ३० खेलको नाम पठाएको थियो । एनओसीले फुटबल र तेक्वान्दोसमेत गरी अब नेपालबाट ३२ खेलमा प्रतिस्पर्धा गर्ने श्रेष्ठले बताए । तत्कालीन खेलकुदमन्त्री तेजुलाल चौधरीको निर्देशनमा गठित एनओसी तदर्थ समितिले पनि एसियाडमा ३० खेल दर्ता गराएको थियो । ओसिएले आधिकारिक एनओसीबाट आएको पत्र मात्र मान्य हुने जनाएको थियो ।

२०औँ एसियाडमा खेल र खेलाडी संख्याको सूची पठाउने अन्तिम दिन १६ सेप्टेम्बरसम्म थियो । एनओसी महासचिव श्रेष्ठले खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई पटक-पटक पत्राचार गरे पनि एसियाडको सम्बन्धमा केही प्रतिक्रिया नदिएको बताए । '१६ सेप्टेम्बर २०२५ सम्म खेलाडीको संख्या दर्ता गर्ने अन्तिम मिति

20th Asian Games Aichi-Nagoya 2026

अन्तर्राष्ट्रिय मान्यता प्राप्त एनओसीले अर्को वर्ष जापानमा हुने २०औँ एसियाडका लागि नेपालबाट पहिलो चरणमा १९५ महिला र २३९ पुरुष खेलाडीको सूची पठाएको छ

थियो । मन्त्रालय र परिषद्लाई बारम्बार पत्राचार गर्दा केही जवाफ नै पठाएनन्,' श्रेष्ठले भने, 'पहिला दर्ता गरिएका ३० वटा खेलका राष्ट्रिय संघहरूलाई पत्राचार गरी सहभागी हुन सक्ने खेलाडीको संख्या नेपाल ओलम्पिक कमिटीलाई उपलब्ध गराएको छ ।' गत साताको आन्दोलनपछि राष्ट्रिय मान्यता प्राप्त एनओसीले कुनै गतिविधि गरेको छ । अन्तर्राष्ट्रिय मान्यता प्राप्त एनओसीले आफ्नो नियमित काम गर्दै आइरहेको छ ।

थपिए फुटबल र तेक्वान्दो

एनओसीले गत साउनमा एसियाड आयोजकलाई पठाएको खेल सूचीमा फुटबल र तेक्वान्दो समावेश थिएन । तत्कालीन सरकारले गठन गरेको एनओसीले भने यी दुवै खेल राखी आयोजक जापानलाई पत्र पठाएको थियो । अन्तर्राष्ट्रिय मान्यता प्राप्त एनओसीले फुटबल र तेक्वान्दो समावेश नगर्दा आलोचना खेप्नुपरेको थियो । एसियाड इतिहासमा नेपाललाई पहिलो रजतपदक तेक्वान्दोले नै दिलाएको थियो ।

सन् १९९८ मा थाइल्यान्डको बैंककमा भएको संस्करणमा तेक्वान्दोकी सविता राजभण्डारीले पहिलोपटक देशलाई रजत दिलाएकी थिइन् । साथसाथै एसियाडमा नेपाललाई सर्वाधिक पदक दिलाउने खेल पनि तेक्वान्दो नै हो । तदर्थ समितिलाई फुटबल र तेक्वान्दो संघले समर्थन गरेका छन् । यसकारण जीवनराम नेतृत्वको एनओसीले यी दुवै खेल समावेश गरेको थिएन । अहिले यी दुई संघको अनुरोधपछि एनओसीले नाम दर्ता गरेको हो ।

एथलेटिक्सले खेलाडी नपठाएपछि महिला र पुरुषको म्याराथनका लागि एक-एक खेलाडी राखेर एनओसी आफैँले पठाएको छ । '३० जुनमा दर्ता नभएका लोकप्रिय र पदक सम्भावना भएको खेलका खेलाडी वञ्चित नहुन् भन्ने उद्देश्यले संघलाई पुनः पत्राचार गरेका छौँ ।

जसमा तेक्वान्दो र फुटबलले सहभागिता र खेलाडी संख्या पठाएका छन्,' एनओसीका महासचिव श्रेष्ठले भने, 'उहाँहरूको पत्रअनुसारै आयोजकलाई नेपालबाट थप दुई खेल संख्या थप भएको जानकारी गरेका छौँ ।' यसैगरी, नेपाल एथलेटिक्स संघलाई पनि पत्राचार र ताकेता गर्दा पनि कुनै जवाफ नआएकाले एनओसीले विगतको सहभागिताअनुसार म्याराथनमा महिला र पुरुष खेलाडीको सूची पठाएको श्रेष्ठले बताए । १९औँ एसियाडमा नेपालका लागि करौंतेकी एरिका गुरुङले रजत र महिला कबड्डी टोलीले कांस्य पदक जितेको थियो ।

दर्ता भएका खेल

एथलेटिक्स, आर्चरी, ब्याडमिन्टन, बास्केटबल, बक्सिङ, ब्रेकिङ एन्ड डान्स स्पोर्टस्, बेसबल एन्ड सफ्टबल, राफ्टिङ एन्ड कनोइङ, कुराँस, क्रिकेट, साइक्लिङ, इ-स्पोर्टस, गल्फ, हकी, जुडो, कबड्डी, करौंते, मोडर्न पेन्टाथलन, रग्बी, स्केटिङ, स्पोर्टस् क्लाइम्बिङ, स्कावस, सफ्ट टेनिस, पौडी, टेनिस, टेबुलटेनिस, भलिबल, भारत्तोलन, कुस्ती, उसु र थप गरिएको फुटबल र तेक्वान्दो

■ एएफसीले गर्‍यो एन्फालाई कारबाही

फुटसल छनोटमा सहभागी नहुँदा १० हजार डलर जरिवाना

एएफसीको अनुशासन तथा आचारसंहिता समितिको गत २१ अगस्टमा बसेको बैठकले एन्फालाई जरिवाना गर्ने निर्णय गरेको हो

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

एसियन फुटबल महासंघ (एएफसी)ले एएफसी फुटसल एसियन कप छनोटमा सहभागिता नजनाएको भन्दै अखिल नेपाल फुटबल संघ (एन्फा)लाई कारबाही गरेको छ । एएफसीले कारबाहीस्वरूप नेपाली फुटबलकै सर्वोच्च निकाय एन्फालाई १० हजार अमेरिकी डलर जरिवाना गराएको छ । एएफसीको अनुशासन तथा आचारसंहिता समितिको गत २१ अगस्टमा बसेको बैठकले कारबाहीसहित जरिवाना गर्ने निर्णय गरेको हो ।

एन्फाका महासचिव किरण राईले एएफसीले कारबाही गरे पनि सामान्य प्रक्रिया भएको बताएका छन् । उनले यसलाई हल्का रूपमा लिएका छन् । एएफसीमा आबद्ध फुटबल संघ कारबाहीमा पर्नु सामान्य भएको राईले बताए । 'यो कुनै ठुलो होइन । एएफसीले यस्तो कारबाही गरिरहेको हुन्छ,' एन्फा महासचिव राईले भने, '१० हजार डलर जरिवाना गरेको समाचारलाई ठुलो बनाइराख्नुपर्दैन ।' एएफसी फुटबल एसियन कप छनोट सुरु हुनु १०६ दिनअगाडि एन्फाले आधिकारिक रूपमा नेपालले आफ्नो नाम फिर्ता लिएको थियो ।

एन्फालाई एएफसी फुटसल एसियन कप इन्डोनेसिया २०२६ को धारा ६.७ अन्तर्गत अपराधी ठहर गरिएको छ । राईले नेपालको तयारी नपुगेका कारण छनोट प्रतियोगितामा सहभागी नभएको भनाइ राखेका छन् । 'यसपटक छनोट प्रतियोगितामा सहभागी हुन तयारी पुगेन, त्यसकारण नाम फिर्ता लिएको हो,' उनले भने, 'अर्कोपटक भने राम्रो तयारी गरी छनोट प्रतियोगितामा नेपालले भाग लिनेछ ।' तर, एएफसीको कारबाहीमा परेको नेपाल अर्को संस्करणका लागि अयोग्य भइसकेको छ । एएफसीले कारबाहीसँगै अर्को संस्करणमा समेत सहभागी हुन नपाउने जनाएको छ ।

एक महिनाभित्र जरिवाना तिर्नुपर्ने

एएफसी अनुशासन तथा नैतिकता संहिताको धारा ११.३ बमोजिम कारबाहीमा परेको एन्फाले निर्णय भएको मितिको ३० दिनभित्र जरिवाना तिनुपर्ने हुन्छ । एएफसीले जरिवाना तिर्न दिइएको समय सकिन चार दिन मात्र बाँकी छ । यद्यपि, एन्फाले १० हजार अमेरिकी डलर अहिलेसम्म तिरिसकेको छैन । एन्फाले छनोट भएका खेलाडी र राष्ट्रिय खेलाडीलाई समेटदै प्रारम्भिक टोली बनाएको थियो । प्रारम्भिक छनोटका लागि लागि ४५-५० खेलाडी बोलाइएको थियो । तर, एन्फाले प्राविधिक कारण देखाउँदै प्रशिक्षण सुरु हुन नपाउँदै बन्द गरेको थियो ।

एएफसीले यस्ता हचुवा कारबाही गरिरहेकै हुन्छ

● **किरण राई**, महासचिव, एन्फा



यो कुनै ठुलो घटना होइन । एएफसीले यस्ता कारबाही गरिरहेको हुन्छ । १० हजार डलर जरिवाना गरेको समाचारलाई ठुलो बनाइराख्नुपर्दैन । यसपटक तयारी पुगेन, यसकारण एएफसी फुटसल च्याम्पियनसिपको छनोट खेलबाट नाम फिर्ता लिएका हौं । अर्कोपटक राम्रो तयारी गरी छनोट खेलमा भाग लिन्छौं ।

छनोट प्रतियोगिता गर्‍यो, तर सहभागी गराएन

एन्फाले छनोट प्रतियोगितामा सहभागी हुने लक्ष्यका साथ गत २२ वैशाखदेखि ५ जेठसम्म अन्तरविद्यालय फुटसल च्याम्पियनसिप आयोजना गरेको थियो । यसै च्याम्पियनसिपबाट खेलाडी छनोट पनि भयो । तर, एन्फाले नेपालबाट छनोट प्रतियोगितामा भाग नलिने भनी अन्तिम समयमा नाम फिर्ता लिएको हो । सन् २०२६ को २७ जनवरी देखि ७ फेब्रुअरीसम्म फुटसल एसियन कप हुँदै छ ।

इन्डोनेसियाले यो प्रतियोगिता आयोजना गर्दै छ । दुई सहरमा आयोजना हुने प्रतियोगितामा १६ टोलीले प्रतिस्पर्धा गर्नेछन् । छनोट प्रतियोगितामा सहभागी ३१ टोलीलाई आठ समूहमा विभाजन गरिएको छ । एकल राउन्ड रोबिनअनुसार हुने प्रतियोगितामा समूहका शीर्ष स्थानमा रहने टोली एसियन कपमा सोझै छनोट हुने प्रावधान छ । यसैगरी एएफसीले सात उत्कृष्ट उपविजेता टोली पनि छनोट हुने जनाएको छ ।

छनोटमा भाग नलिएका राष्ट्रहरू

नेपाल, लाओस, तुर्किमिस्तान, जोर्डन, कतार, फिलिपिन्स, ओमान, भुटान, गुआम, उत्तर कोरिया, सिंगापुर, श्रीलंका, सिरिया, यमन, नर्थन मारियाना आइसल्यान्ड

खेल संक्षेप

दीपेन्द्रको अलराउन्डर वरीयता खस्कियो

काठमाडौं/ नेपाली राष्ट्रिय क्रिकेट टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरी आइसिसी टी-२० आई अलराउन्डर वरीयतामा चौथो स्थानमा पुगेका छन् । आइसिसीले बुधबार सार्वजनिक गरेको अलराउन्डर वरीयताको तेह्रो स्थानमा जिम्बावेका सिकन्दर राजा उक्लिएका छन् । उनले दीपेन्द्रलाई विस्थापित गरेका हुन् । नेपालले तीन महिनादेखि कुनै पनि अन्तर्राष्ट्रिय खेल खेलेको छैन । जिम्बावेले अहिले नामिबियासँग शृंखला खेलिरहेको छ । राजाले गरिरहेको प्रदर्शनले उनको वरीयता बढेको हो । राजाको २१० रेटिङ र दीपेन्द्रको २०९ रेटिङ छ । अलराउन्डर वरीयताको शीर्ष स्थानमा भारतका हार्दिक पान्ड्या यथावत् छन् । पाँचौंमा वेस्ट इन्डिजका रोस्टन चेज छन् ।



एनओसीमा शोकसभा आयोजना

काठमाडौं/ नेपाल ओलम्पिक कमिटी (तदर्थ समिति)ले बुधबार जेन-जी आन्दोलनका क्रममा दिवंगत भएकाप्रति शोकसभा आयोजना गरेको छ । तदर्थ समितिका प्रवक्ता समिम मियाँ अन्सारीले सातदोबाटोमा रहेको एनओसीको मुख्य कार्यालयपरिसरमा शोकसभासहित श्रद्धाञ्जली अर्पण गरेको बताएका छन् । 'एनओसीको भवनमा दीप प्रज्वलन गरी दिवंगतप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेको स्वास्थ लागको कामना गरिएको छ,' उनले भने । तदर्थ समितिका संयोजक ध्रुवबहादुर प्रधानले भविष्यमा यस्ता घटना हुन नदिन पूर्वसावधानी अपनाउनुपर्नेमा जोड दिए । यसैबिच अखिल नेपाल फुटबल संघ (एन्फा)ले बुधबार जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाएका सहिदहरूको सम्झनामा सातदोबाटोस्थित मुख्यालयमा दीप प्रज्वलन गर्‍यो । कार्यक्रममा एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ, उपाध्यक्ष दावा लामा, कार्यसमिति सदस्यलगायतको उपस्थिति थियो ।

युनिटी कपमा बिसोपले कमेन्ट्री गर्ने

काठमाडौं/ नेपाल र वेस्ट इन्डिजबिचको युनिटी कप टी-२० सिरिजमा वेस्ट इन्डिजकै पूर्वस्टार क्रिकेटर तथा चर्चित कमेन्टेटर इयान बिसोपले कमेन्ट्री गर्ने भएका छन् । नेपाल क्रिकेट संघ (क्यान)ले बुधबार बिसोपले कमेन्ट्री गर्ने जानकारी दिएको हो । संयुक्त अरब इमिरेट्स (युएई)मा आगामी २७ देखि २ ९ सेप्टेम्बरसम्म दुई देशबिच टी-२० आई प्रतियोगिता हुनेछ । बिसोपले ऐतिहासिक सिरिजमा कमेन्ट्री सम्हाल्न पाउँदा आफू उत्साहित भएको बताएका छन् । उनले भिडियो सन्देशमा भनेका छन्, 'ब्रोडक्रास्टिङ टिमको सदस्य हुन पाउँदा धेरै उत्साहित छ । यो सिरिज एकदम रोमाञ्चक हुने अपेक्षा राखेको छु ।'

अफगानिस्तान ८ रनले पराजित

काठमाडौं/ एसिया कपअन्तर्गत मंगलबार राति भएको खेलमा बंगलादेशले अफगानिस्तानलाई ८ रनले पराजित गरेको छ । जायद क्रिकेट रंगशालामा बंगलादेशले दिएको १५५ रनको लक्ष्य पछ्याएको अफगानिस्तानले २० ओभरमा अलआउट हुँदै १४६ रन बनाउन सक्यो । अफगानिस्तानका रहमानउल्लाह गुरबाजले सर्वाधिक ३५ तथा ओमरजाईले ३० रन जोडेका थिए । बलिङमा बंगलादेशका लागि मुस्ताफिजुर रहमानले सर्वाधिक तीन विकेट लिए । बंगलादेशको ब्याटिङमा तान्जिद हसनले सर्वाधिक ५२ र सैफ हसनले ३० रन बनाए । बलिङमा अफगानिस्तानका लागि रासिद खान र नूर अहमदले समान दुई विकेट लिए । दोह्रो जितसँगै तीन खेलबाट ४ अंक जोडेको बंगलादेश समूह 'बी'को दोह्रो स्थानमा रहेको छ ।

■ मूलपानीमा क्रिकेटरले थाले प्रशिक्षण

काठमाडौं/ नेपाली राष्ट्रिय क्रिकेट टोलीले बुधबारदेखि प्रशिक्षण सुरु गरेको छ । आगामी साता वेस्ट इन्डिजविरुद्धको ऐतिहासिक टी-२० आई सिरिजका लागि खेलाडीले मूलपानी क्रिकेट मैदानमा प्रशिक्षण सुरु गरेको नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ । वेस्ट इन्डिजसँगको सिरिजलाई नेपाली खेलाडीले आइसिसी विश्वकप टी-२० अन्तर्गत एसियन छनोटको तयारीका रूपमा लिएका छन् ।

तस्बिर : क्यान



बंगलादेशविरुद्ध खेल्दै नेपाल

नयाँ पत्रिका

नेपालले साफ यू-१७ पुरुष फुटबल प्रतियोगिताअन्तर्गत बिहीबार दोह्रो खेलमा सोमबार बंगलादेशसँग खेल्दै छ । संजित सिंहको प्रशिक्षणमा रहेको नेपालको लक्ष्य लगातार दोह्रो जित हो । यसअघि नेपालले समूह 'ए'को पहिलो खेलमा श्रीलंकालाई २-० ले हराएको थियो । श्रीलंकाविरुद्धको जितमा नेपालका लागि समीर कुमारले दुई गोल गरेका थिए । दुईपटकको च्याम्पियन बंगलादेशको यो पहिलो खेल हो ।

उमेर समूहमा राम्रो लगानी गरिरहेको बंगलादेश तुलनात्मक रूपमा बलियो देखिन्छ । बंगलादेश पनि आफ्नो पहिलो खेल गुमाउन चाहँदैन । नेपालसँगको प्रतिस्पर्धामा बंगलादेश पराजित भए सेमिफाइनल स्थान पक्का गर्न अन्तिम खेलमा श्रीलंकालाई हराउनुपर्नेछ । बंगलादेश विजयी भए समूह 'ए'बाट सेमिफाइनल पुग्ने टोलीको छिनोफानो अन्तिम खेलबाटै हुनेछ । समूह 'बी'मा भारत र पाकिस्तानले समान ३ अंक जोडेका छन् । भुटान र माल्दिभ्स अंकविहीन छन् ।

दक्षिण एसियाली फुटबल महासंघ (साफ)का सबै सात टोली प्रतियोगितामा सहभागी भएका छन् । साफ यू-१७ च्याम्पियनसिपका लागि नेपाली युवा खेलाडीले मोरङमा एक महिनाको तयारी गरेको थियो । चारपटक उपविजेता नेपालको पहिलो लक्ष्य सेमिफाइनल रहेको प्रशिक्षक सिंहले बताएका छन् ।

नक्कली फुटबलर बनेर जापान पुगेका पाकिस्तानीलाई विमानस्थलबाटै फर्काइयो

पाकिस्तानको सियालकोटनामक क्लबबाट २२ जना खेलाडी जापानमा आयोजना हुने फुटबल प्रतियोगितामा सहभागी हुन गएका थिए, तर उनीहरूको कागजपत्र नक्कली पाइएपछि विमानस्थलबाटै फर्काइयो

एजेन्सी

जापान सरकारले नक्कली खेलाडी बनेर आएको पाकिस्तानी फुटबल टोलीलाई मंगलबार फिर्ता गरेको छ । जापानको टोकियोमा आयोजना हुने फुटबल प्रतियोगितामा सहभागी हुन २२ सदस्यीय पाकिस्तानी टोली पुगेको थियो । तर, टोकियो अन्तर्राष्ट्रिय विमानका अधिकारीले नक्कली डकुमेन्टका साथ २२ जना खेलाडी अवैध रूपमा जापान प्रवेश गर्न खोजेपछि पक्राउ गरेको र त्यसपछि पाकिस्तानमै फर्काइएको गल्फ न्युजले जनाएको छ । सियालकोट एफसीनामक क्लबबाट उनीहरू जापान छिर्ने कोसिस गरेका थिए । नक्कली कागजात प्रमाणित भएपछि उनीहरूलाई विमास्थलबाटै स्वदेश फर्काइएको गल्फ न्युजले बताएको छ ।

सियालकोट क्लबका खेलाडी प्रतियोगितामा सहभागी हुन आएपछि सुरुमै उनीहरूमाथि अनुसन्धान भएको थियो । पछि सबै खेलाडी नक्कली ठहरिए । तत्कालै उनीहरूलाई विमानस्थलबाटै पाकिस्तान पठाइयो । गत



वर्ष पनि सियालकोट क्लबले जापानमा आयोजित फुटबल प्रतियोगितामा भाग लिएको थियो । त्यसवेला सहभागी १७ जना खेलाडी पाकिस्तान फर्केनन् । यस घटनापछि जापान सरकारले पाकिस्तानबाट सहभागी हुने खेलाडीमाथि कडाइका साथ जाँच गर्दै आएको छ ।

मानव बेचबिखनस्वरूप फुटबलरको भेषमा २२ जनालाई जापान लैजान खोजिएको आशंका गरिएको छ । यसैगरी, पाकिस्तानको फेडरल इन्भेस्टिगेसन एजेन्सी (एफआइए)ले पनि सियालकोट क्लबका २२ नक्कली खेलाडी जापानबाट फिर्ता भएको पुष्टि गरेको छ ।

मानव तस्करीका नाइके पक्राउ

जापानमा नक्कली फुटबल टोली पठाउने मानव तस्करीका नाइके मलिक वाकास पक्राउ परेका छन् । एफआइएको अनुसन्धानमा वाकास नै मानव तस्करीमा सक्रिय रहेको देखिएको छ । एफआइएले पठाएको पत्रअनुसारै पाकिस्तानी सरकारले उनलाई पक्राउ गरेको हो । वाकासविरुद्ध गुजरानवालामा मुद्दा दर्ता गरिएको छ । 'वाकासले केही समयअघि गोल्डेन फुटबल ट्रायलनामक फुटबल क्लब दर्ता गरेका थिए । उनले सबैलाई फुटबलरभन्दै बनाउन प्रशिक्षण दिएका थिए,' गल्फ न्युजले भनेको छ, 'जापान पठाउने नाममा उनले प्रत्येक व्यक्तिबाट ४० लाख रुपैयाँ उठाएका थिए । अनुसन्धान अघि बढेपछि थप जानकारी आउन सक्नेछ ।'

गत वर्ष पनि वाकासले १७ जना नक्कली फुटबलर बनाएर जापान पठाएका थिए । त्यसवेला उनी सफल भएका थिए । यसपटक भने नक्कली खेलाडीलाई जापान प्रवेश गराउन सकेनन् । फुटबल प्रतियोगितामा सहभागी हुन आउने खेलाडीलाई जापान सरकारले १५ दिनको भिसा उपलब्ध गराएको थियो । 'पाकिस्तान सरकारले छिट्टै काम सुरु गर्दा जापानमा मानव तस्करीमा सक्रिय व्यक्ति पक्राउ परेको छ,' एफआइएका निर्देशक मोहमद विन असफले भने, 'हामीले लामो समयदेखि नै उनीमाथि निगरानी गरिरहेका थियौं ।'

यस घटनासँगै पाकिस्तान फुटबल संघ पुनः विवादमा आएको छ । जापान पठाउन प्रारम्भिक सिफारिस संघले दिएको थियो । अनुसन्धानका क्रममा पाकिस्तान फुटबल संघका केही पदाधिकारी पनि तानिन सक्ने मोहमदले जनाएका छन् । 'यसमा संघका केही पदाधिकारी पनि संलग्न भएको आशंका छ,' उनले भने, 'कुनै पनि फुटबल खेलाडी वा टोली विदेशमा जाँदा स्वीकृति फुटबल संघले दिने गर्छ । २२ जना नक्कली खेलाडी हुँदाहुँदै पनि पत्र दिनु शंकास्पद छ ।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com